सिस्ने गाउँपालिका रूकुम पूर्वको

# शिक्षा क्षेत्र योजना

(२०८१-२०८५)

# School Education Sector Plan (2081-2085)



**सिस्ने गाउँपालिका**

शिक्षा युवा तथा खेलकुद शाखा

रुकुम पूर्वी भाग

लुम्बिनी प्रदेश, नेपाल


*(स्विकृत मिति : २०८१ माघ ३०)*




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**सर्वाधिकर प्रकाशकमा**

**संरक्षक**

श्री कृष्ण रेग्मी, अध्यक्ष- सिस्ने गाउँपालिका, रूकुम पूर्वी भाग
श्री गोपाल रेउले, उपाध्यक्ष- सिस्ने गाउँपालिका, रूकुम पूर्वी भाग

**योजना निर्माण प्रबिधिक सहयोग**

कालिका स्वाबलम्बन सामाजिक केन्द्र कपिलबस्तु
यूनिसेफ नेपाल/यूरोपियन यूनियन

**योजना निर्माण कार्यदल**

श्री कृष्ण रेग्मी, अध्यक्ष, सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग
श्री गोपाल रेउले, उपाध्यक्ष, सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग
श्री रेवत बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत, सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग
श्री तिर्था पुन, संयोजक, सामाजिक विकास समिति, सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग
श्री हेराम खड्का, वडाध्यक्ष, सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग ३ नं. वडा कार्यालय
श्री शसिधर बुढा, वडाध्यक्ष, सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग ७ नं. वडा कार्यालय
श्री कलु खड्का, प्रधानाध्यापक, श्री जनता माध्यमिक विद्यालय रुकुम पूर्वी भाग
श्री कमला मल्ल, बालविकास शिक्षक प्रतिनिधि
श्री देबिलाल गिरी, विद्यालय ब्यस्थापन समिति प्रतिनिधि
श्री ऋषि आचार्य, शिक्षक महासंघ प्रतिनिधि
श्री अरुण कुमार वली, योजना अधिकृत, सिस्ने गाउँपालिका रूकुम पूर्वी भाग
श्री मोहन पुन, प्रधानाध्यापक, आधारभूत विद्यालय भूरुङ्गा रुकुम पूर्वी भाग
श्री मंगलसिंह बुढा, शिक्षा अधिकृत, सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग
श्री केशब कुमार बि.सी., SESP Technical Officer, KSSC-Nepal

**सल्लाहकार तथा बाह्य विज्ञको तर्फबाट**

श्री तिलक गौतम, इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, रुकुम पूर्वी भाग
श्री तिब्र गौतम, क्याम्पस प्रमुख, सिस्ने शिक्षा क्याम्पस, रुकुम पूर्वी भाग
श्री चन्द्र बहादुर मल्ल, प्रधानाध्यापक, रुक्मिणी माध्यमिक विद्यालय, रुकुम पूर्वी भाग

**प्रकाशक**

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रूकुम पूर्वी भाग

सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुकुम पूर्वी भाग
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१/१०/३०

## प्राक्कथन

नेपालको लुम्बिनी प्रदेश, रुकुम पूर्वी भाग जिल्लामा पर्ने एक महत्वपूर्ण क्षेत्रको रुपमा सिस्ने गाउँपालिका रहेको छ । कुल ३२७.१२ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको यस सिस्ने गाउँपालिकाको नक्सा हेर्दा लामो आकारमा रहेको देखिन्छ । साविकका सिस्ने, प्वाङ, पोखरा, रुकुमकोट र स्यालापाखा गरी पाँच गाउँ विकास समितिहरुलाई मिलाएर वि. सं. २०७४ सालमा सिस्ने गाउँपालिका निर्धारण गरीएको हो । कुल ८ वटा वडाहरुमा विभाजन गरीएको यस गाउँपालिकामा मुख्य गरी रुकुमकोट, पोखरा र नायगाड बजार क्षेत्रहरु रहेका छन् । यो गाउँपालिका बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय र विविधतायुक्त गाउँपालिका हो ।

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरु तोकेको छ । यसैगरी स्थानीय सरकार सञ्चलन ऐन, २०७४ कार्यान्वयनमा छ । जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्न अधिकार तोकेको छ । यसै सन्दर्भमा स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामुलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै सिस्ने गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना (२०८१-८५) निर्माण गरी कार्यान्वयनमा लैजादै छ । शिक्षा कुनै निश्चित भूगोल तथा स्थानको समग्र विकासको आधारभूत सर्त र आवश्यकता हो । यस महत्वपूर्ण विषयलाई आत्मसाथ गरी उपलब्ध ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पञ्च बर्षिय योजनाहरु, शिक्षा क्षेत्र योजना (SESP) तथा विभिन्न ऐन कानुनको परिधिमा रहेर स्थानीय सरोकारवालाहरु, विज्ञ तथा जनप्रतिनिधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरीएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

यस गाउँपालिकाको बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक पहिचानलाई मनन् गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा संयोजन गर्नुहुने उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, शिक्षा शाखा प्रमुख लगायत कार्यदल र लेखन समितिका पदाधिकारीहरु, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली, प्रधानाध्यापक, शिक्षक लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुर्याउने कालिका स्वावलम्बन सामाजिक विकास केन्द्र कपिलवस्तुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुको कार्यान्वयनमा सम्पुर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

**धन्यबाद !**

कृष्ण रेग्मी
अध्यक्ष

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुकुम पूर्वी भाग

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१/१०/३०

## भूमिका

नेपालको लुम्बिनी प्रदेश, रुकुम पूर्वी भाग जिल्लामा पर्ने एक महत्वपूर्ण हिमाली स्थानीय तहको रुपमा सिस्ने गाउँपालिका रहेको छ। कुल ३२७.१२ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिका उत्तर देखि दक्षिन तिर लामो आकारमा रहेको देखिन्छ। पाँच वटा गाउँ विकास समितिहरुलाई मिलाएर वि. सं. २०७४ सालमा रुकुमकोटमा गाउँपालिका केन्द्र निर्धारण गरीएको हो। कुल ८ वटा वडामा विभाजन गरीएको यस गाउँपालिकामा मुख्य गरी रुकुमकोट, पोखरा, नायगाड, सिस्नेरी र धपे बजार क्षेत्रहरु रहेका छन्। यो गाउँपालिका बहुसाँसकृतिक, बहुजातीय र विविधतायुक्त गाउँपालिका हो।

हालको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरु तोकेको छ। यसैगरी स्थानीय सरकार सञ्चलन ऐन, २०७४ कार्यान्वयनमा छ जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्ने उल्लेख गरीएको छ। त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामुलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै सिस्ने गाउँपालिकाले निर्माण गर्न लागेको पाँच वर्षे गाउँ शिक्षा योजना (२०८१-८५) निर्माण कार्यमा सहभागी भई कार्यान्वयन गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो। यो महत्वपूर्ण विषयवस्तुलाई आत्मसाथ गरी उपलब्ध ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पञ्च वर्षीय योजनाहरु, शिक्षा क्षेत्र योजना (SESP) तथा विभिन्न ऐन कानुनको परिधिमा रहेर स्थानीय सरोकारवालाहरु, विज्ञ तथा जनप्रतिनिधिहरुसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरीएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु।

समग्र गाउँपालिकाको गुणस्तरीय शिक्षामा पहुँच पुर्याउने शिक्षाको अधिकारबाट कोही पनि बञ्चित नबनाउने र प्रविधिमैत्री दक्ष जनशक्तिको उत्पादनमा सहयोग पुर्याउने उद्देश्यका साथ हाम्रो गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा अध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, शिक्षा शाखा प्रमुख लगायत कार्यदल र लेखन समितिका पदाधिकारीहरु, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली, प्रधानाध्यापक, शिक्षक लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुर्याउने कालिका स्वावलम्बन विकास केन्द्र प्रा. लि. लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुमा केही सुधार गर्नुपर्ने भएमा यहाँहरुको रचनात्मक सुझाव सहित यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु।

..............

गोपाल रेउले

उपाध्यक्ष

गोपाल रेउले

गा.पा. उपाध्यक्ष

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम पूर्वी भाग
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१/१०/२९

## भूमिका

सिस्ने गाउँपालिका रुकुम पूर्वी भाग जिल्लाको एक महत्वपूर्ण गाउँपालिका हो । यहाँ विभिन्न जातजाती वर्ग समुदाय पेसा आदिमा समेत विविधता रहेको छ । शैक्षिक क्षेत्रमा पनि यहाँ विविधता रहेको पाइन्छ । यस प्रकारको विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न आवधिक योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा ऐन तथा नियमावलीहरु, शिक्षा क्षेत्र योजना (SESP), गाउँपालिकाले तयार पारेका विभिन्न कानून तथा कार्यविधिले दिएको अधिकार तथा मर्मलाई पालना गर्दै स्थानीय आवश्यकताहरुको पहिचान गरी त्यसैका आधारमा स्थानीय शिक्षाको विकासका लागि यस सिस्ने गाउँपालिका रुकुम पूर्वको पाँच वर्षे शिक्षा क्षेत्र योजना (२०८१-०८५) तयार पारी लागु गर्ने चरणमा पुगेकोमा मलाई अत्यन्तै खुशी लागेको छ ।

कुनै पनि क्षेत्रको विकासका लागि शिक्षाको विकास अपरिहार्य र प्रथम बिकल्प हो भने समाज विकासको मेरुदण्ड शिक्षा हो । त्यसकारण शिक्षा सबैका लागि महत्वपुर्ण क्षेत्र हो । स्थानीय सरोकारवालाहरुको सहभागितामा विषय विज्ञहरुले गाउँपालिकाको हालको शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनका लागि तयार पारिएको रणनैतिक दस्तावेज हो यो शिक्षा योजना, जसले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन गर्दछ । यो महत्वपूर्ण दस्तावेज विद्यालयका प्र. अ., शिक्षक, स्थानीय विज्ञ, विषय विज्ञ, जनप्रतिनिधिहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको निरन्तर प्रयासबाट सम्भव भएको हो । त्यसकारण यो योजना निर्माणका क्रममा आवद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला, विभिन्न तह र तप्काका व्यक्ति तथा संस्था प्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी शैक्षिक योजनाको मर्मलाई बुझेर योजना बनाउन र लागु गर्न तत्परता देखाउनु हुने अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ज्युहरु लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद गर्दछु ।

अन्त्यमा, यो योजनाको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको यहाँरुको रचनात्मक सुझावको अपेक्षा सहित समग्र गाउँपालिकाको शैक्षिक उन्नयन, बढोत्तरी र यसको सफलतापूर्ण नतिजा सहितको कामना गर्दछु ।

.................
रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुकुम पूर्वी भाग
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८१/१०/२९

## भूमिका

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न आवधिक योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा ऐन तथा नियमावलीहरु, शिक्षा क्षेत्र योजना (SESP), गाउँपालिकाले तयार पारेका विभिन्न कानून तथा कार्यविधिले दिएको अधिकार तथा मर्मलाई पालना गर्दै स्थानीय आवश्यकताहरुको पहिचान गरी त्यसैका आधारमा स्थानीय शिक्षाको विकासका लागि यस सिस्ने गाउँपालिका स्तरीय ५ वर्षे गाउँ शिक्षा योजना (२०८१-८५) तयार पारी लागु गर्ने चरणमा पुगेको छ।

शिक्षा विकासको मेरुदण्ड र विकासको आधार हो। कुनै पनि क्षेत्रको विकासका लागि शिक्षाको विकास अपरिहार्यता रहेको हुन्छ। त्यसकारण शिक्षा सबैका लागि महत्वपुर्ण क्षेत्र हो। हाल सिस्ने गाउँपालिकाको शिक्षा योजन स्थानीय सरोकारवालाहरुको सहभागितामा र विषय विज्ञहरुले हालको शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनमा शैक्षिक विकासका लागि रणनैतिक दस्तावेजको रुपमा यो शिक्षा योजनाको निर्माण गरिएको छ। यो शिक्षा योजना, जसले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन गर्दछ। यो महत्वपूर्ण दस्तावेज निर्माण कार्य विद्यालयका प्र. अ., शिक्षक, स्थानीय विज्ञ, विषयविज्ञ, जनप्रतिनिधिहरु लगायत सम्पूर्ण सरोकारवालाहरु सबैको निरन्तर प्रयासबाट सम्भव भएको हो। यस महत्वपूर्ण कार्यमा जुट्नु भएकोमा सङ्लग्न सबैप्रति धन्यबाद र कृतज्ञता प्रकट गर्दछु।

साथै यो योजना निर्माणका क्रममा आवद्ध हुनु भएका कालिका स्वावलम्वन सामाजिक केन्द्र, कपिलवस्तु, यूनिसेफ/यूरोपियन यूनियन लगायत सम्पूर्ण सरोकारवाला, विभिन्न तह र तप्काका व्यक्ति तथा संस्था प्रति हार्दिका आभार प्रकट गर्दछु। यसै गरी शैक्षिक योजनाको मर्मलाई बुझेर योजना बनाउन र लागु गर्न तत्परता देखाउनु हुने अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ज्युहरु लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, यो योजनाको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको यहाँरुको रचनात्मक सुझावको अपेक्षा सहित समग्र गाउँपालिकाको शैक्षिक उन्नयन, बढोत्तरी र यसको सफलतापूर्ण नतिजा सहितको कामना गर्दछ।

......................

मंगलसिंह बुढा
शाखा अधिकृत
शिक्षा, युवा तथा खेलकुद शाखा

# विषय सूचि

**कार्यकारी शारांश**........ १
**परिच्छेद १ :** परिचय........ ७
*१.१ पृष्ठभूमि*........ ७
*१.२ मुख्य समस्याहरु*........ १२
*१.३ शिक्षा क्षेत्रका चुनौतीहरु*........ १४
*१.४ अवसरहरु*........ १६
**परिच्छेद २ : लक्ष्य निर्धारण**........ १७
*२.१ दुरदृष्टि*........ १७
*२.२ लक्ष्य*........ १७
*२.३ उदेश्यहरु*........ १७
*२.४ रणनीतिहरु*........ १७
*२.५ कार्यनीति*........ २५
*२.६ मुख्य उपलब्धिहरु*........ ३७
*२.७ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य निर्धारण*........ ३९
**परिच्छेद ३ :** विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु........ ४३
***३.१ प्रारम्भिक बालविकास शिक्षा***........ ४३
*३.१.१ परिचय*........ ४३
*३.१.२ वर्तमान अवस्था*........ ४४
*३.१.३ लक्ष्य*........ ४६
*३.१.४ उदेश्यहरु*........ ४६
*३.१.५ रणनीतिहरु*........ ४६
*३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य*........ ४७
*३.१.६ सिस्ने गाउँपालिकाको बालविकास तथा शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य*...... ४९
*३.१.७ गाउँपालिकाको बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण*... ५१
***३.२ आधारभूत शिक्षा***........ ५३
*३.२.१ परिचय*........ ५३
*३.२.२ वर्तमान अवस्था*........ ५३
*३.२.३ लक्ष्य*........ ५५
*३.२.४ उद्देश्य*........ ५५

३.२.५ रणनीतिहरू........................................................................................................ ५६
३.२.६ उपलब्धि: ...........................................................................................................५९
३.२.७ सिस्ने गाउँपालिकाको आधारभूत शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य............. ६०
३.२.८ सिस्ने गाउँपालिकाको आधारभूत तह शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण....... ६२
**३.३ माध्यमिक शिक्षा**................................................................................................ ६७
३.३.१ परिचय................................................................................................................ ६७
३.३.२ वर्तमान अवस्था.................................................................................................... ६७
३.३.३ लक्ष्य.................................................................................................................. ६९
३.३.४ उद्देश्य................................................................................................................ ६९
३.३.५ रणनीतिहरु........................................................................................................... ७०
३.३.६ प्रमुख उपलब्धि तथा नतिजा.................................................................................... ७२
३.३.७ माध्यमिक तहको नतिजा तथा परिणात्मक लक्ष्य........................................................ ७३
३.३.८ माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण.......................................... ७५
**३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा**............................................................................ ७९
३.४.१ परिचय................................................................................................................ ७९
३.४.२ वर्तमान अवस्था.................................................................................................... ८०
३.४.३ लक्ष्य.................................................................................................................. ८०
३.४.४ उद्देश्य................................................................................................................ ८०
३.४.५ रणनीतिहरू........................................................................................................... ८१
३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......................................................... ८२
३.४.७ प्रविधिक तथा व्यवसायिक शिक्षाका नतिजा तथा परिमाणात्मक लक्ष्य............................. ८३
३.४.८ विद्यालय तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण.................. ८५
**३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ**................................................................... ८६
३.५.१ परिचय................................................................................................................ ८६
३.५.२ वर्तमान अवस्था.................................................................................................... ८६
३.५.३ लक्ष्य.................................................................................................................. ८७
३.५.४ उदेश्य................................................................................................................. ८७
३.५.५ रणनीतिहरु........................................................................................................... ८८
३.५.६ प्रमुख उपलब्धि र नतिजा........................................................................................ ८९
३.५.७ अनौपचारिक र आजिवन शिक्षाका नतिजा र परिणात्मक लक्ष्य...................................... ९०
३.५.८ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य.................................................................... ९१

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** ........ ९४
***४.१ पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्री*** ........ ९४
*४.१.१ परिचय* ........ ९४
*४.१.२ वर्तमान अवस्था* ........ ९५
*४.१.४ उद्देश्य* ........ ९६
*४.१.५ रणनीतिहरु* ........ ९७
*४.१.६ प्रमुख उपलब्धि तथा नतिजा* ........ ९८
*४.१.७ नतिजा तथा परिणात्मक लक्ष्य* ........ ९९
*४.१.८ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य* ........ १००
***४.२ शिक्षक व्यवस्थापन र विकास*** ........ १०२
*४.२.१ परिचय* ........ १०२
*४.२.२ वर्तमान अवस्था* ........ १०३
*४.२.४ उदेश्य* ........ १०४
*४.२.५ रणनीतिहरु* ........ १०४
*४.२.६ प्रमुख उपलब्धि तथा नतिजा* ........ १०५
*४.२.७ शिक्षक व्यवस्थापन तथा विकासका नतिजा तथा परिमाणात्मक लक्ष्य* ........ १०६
*४.२.८ शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य* ........ १०७
***४.३ शैक्षिक समता तथा समावेशिकरण*** ........ ११०
*४.३.१ परिचय* ........ ११०
*४.३.२ वर्तमान अवस्था* ........ ११०
*४.३.३ लक्ष्य* ........ १११
*४.३.४ उदेश्य* ........ ११२
*४.३.५ रणनीतिहरु* ........ ११२
*४.३.६ प्रमुख उपलब्धि तथा नतिजा* ........ ११२
*४.३.७ नतिजा तथा परिमाणात्मक लक्ष्य* ........ ११३
*४.३.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य* ........ ११३
***४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम*** ........ ११५
*४.४.१ परिचय* ........ ११५
*४.४.२ वर्तमान अवस्था* ........ ११५
*४.४.३ लक्ष्य* ........ ११६
*४.४.४ उद्देश्य* ........ ११६

४.४.५ रणनीतिहरू........................................................................................११६
४.४.६ प्रमुख उपलब्धि तथा नतिजा....................................................................११७
४.४.७ प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य...........................................................११८
४.४.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................११९
**४.५ विद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता**........................................१२०
४.५.१ परिचय...............................................................................................१२०
४.५.२ वर्तमान अवस्था....................................................................................१२०
४.५.३ लक्ष्य..................................................................................................१२१
४.५.४ उद्देश्य...............................................................................................१२१
४.५.५ रणनीति...............................................................................................१२२
४.५.६ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य ............................................................१२२
४.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................१२४
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास**..............................................................१२५
४.६.१ परिचय...............................................................................................१२५
४.६.२ वर्तमान अवस्था....................................................................................१२५
४.६.३ लक्ष्य..................................................................................................१२६
४.६.४ उद्देश्य...............................................................................................१२६
४.६.५ रणनीतिहरू........................................................................................१२६
४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य................................................१२७
४.६.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................१२८
**४.७ विद्यालय सूचना तथा प्रविधि**....................................................................१३०
४.७.१ परिचय...............................................................................................१३०
४.७.२ वर्तमान अवस्था....................................................................................१३१
४.७.३ लक्ष्य..................................................................................................१३१
४.७.४ उद्देश्य...............................................................................................१३१
४.७.५ रणनीतिहरू........................................................................................१३१
४.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य................................................१३२
४.७.७ विद्यालयमा सूचना तथा प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण...................१३३
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**...........................................................१३४
**६.१ संस्थागत क्षमता विकास**..........................................................................१३४
६.१.१ परिचय ..............................................................................................१३४

*६.१.२ वर्तमान अवस्था...................................................................................................................१३५*

*६.१.३ लक्ष्य.....................................................................................................................................१३६*

*६.१.४ उद्देश्य...................................................................................................................................१३६*

*६.१.५ रणनीतिहरू.............................................................................................................................१३७*

*६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य.......................................................................१३७*

*६.१.७ प्रमुख नतिजा र परिमाणात्मक लक्ष्य .................................................................................. १३८*

*६.१.८ विद्यालय सुशासन प्रवर्दन कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण.............. १३९*

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** ......................................................................................१४१

७.१.१ परिचय........................................................................................................................................१४१

७.१.२ वर्तमान अवस्था..........................................................................................................................१४२

७.१.३ लक्ष्य..........................................................................................................................................१४३

७.१.४ उद्देश्य .......................................................................................................................................१४३

७.१.५ रणनीतिहरू.................................................................................................................................१४३

७.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य...........................................................................१४३

७.१.७ विभिन्न क्षेत्रबाट आंकलन गरीएको ५ वर्षको अनुमानित बजेट (लाखमा............................१४५

७.१.८ योजना कार्यान्वयनमा बित्तिय साझेदारीको आंकलन तथा लगनी व्यवस्थापन.......................१४५

७.१.९ योजना कार्यान्वयनमा अपेक्षित वार्षिक लगानीको हिस्सा (रु. लाखमा) ..............................१४६

**परिच्छेद ८**..........................................................................................................................................१४७

**८.१ अनुगमन तथा मूल्याङ्कन**......................................................................................................१४७

८.१.१ परिचय........................................................................................................................................१४७

८.२ वर्तमान अवस्था.............................................................................................................................१४७

८.३ उदेश्य ...........................................................................................................................................१४९

८.४ रणनीतिहरु ......................................................................................................................................१४९

८.५ प्रमुख उपलब्धि तथा नतिजा.............................................................................................................१४९

*८.६ अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............................. १५१*

**अनुसूचि १ पालिका अन्तर्गतका विद्यालयहरुको बिवरण**...........................................................१५३

# कार्यकारी शारांश

सिस्ने गाउँपालिका रुकुम पूर्वी भागको यो पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (२०८१-०८५) यस गाउँपालिकाको समग्र शिक्षाको योजना हो । यस गाउँपालिका भित्रको विद्यालय शिक्षालाई ब्यवस्थित गरी प्रभावकारी, व्यवसायिक र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न बिस्तृत योजना गरीएको छ । यस योजनाको पहिलो परिच्छेदमा योजनाको परिचय, दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरीएको छ । यसैगरी तेस्रो र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्र तथा उपक्षत्रेसँग अन्तर्सम्बन्धीत विषयवस्तुका रूपमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, विद्यालय तथा व्यवसायिक शिक्षा, शिक्षक व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षामा सूचना प्रविधि, अनौपचारिक शिक्षा, समावेशी शिक्षा तथा आपत्कालीन अवस्थामा शिक्षा तथा संस्थागत संरचना विकास लगायतका क्षेत्र लाई समेटिएको छ । हरेक क्षेत्रका विषयवस्तुहरु समावेश गर्दा क्षेत्रभित्रको परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीतिहरू, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्यलाई बिश्लेषनात्मक रुपले क्रमश समेटिएको छ । संस्थागत शुसासन तथा व्यवस्थापनलाई पनि समेटि संस्थागत संरचनाको विकासमा तिनै तहको सरकार बिचको संरचना तथा क्षमता विकास, योजनाको योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समेटिएको छ भने छैटौं परिच्छेदमा लगानी तथा श्रोत व्यवस्थापन तथा अन्तिममा योजनामा समेटिएका क्रियाकलापहरूको वित्तीय अनुमान सहितको योजना र श्रोत पहिचान तथा योजनाको नतिजा खाका लाई समेटिएको छ ।

यस पञ्चवर्षीय शिक्षा योजनाले सिस्ने गाउँपालिकाको अवको ५ वर्षभित्रको शिक्षा विकासको अवस्थालाई चित्रण गरेको छ भने हासिल गरीनु पर्ने लक्ष्यलाई समेत समेटेको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्दन सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पुरा गर्नका लागि रणनीतिहरू तय गरेको छ । पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका

लागि वैकल्पिक मार्ग, विपद् एवम् संकटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल आत्मसाथ गरेको छ ।

सबै विद्यालयमा सुरक्षित कक्षा कोठा व्यवस्थापन, सम्पूर्ण विद्यालयमा तहगत तथा कक्षा ५ सम्म कक्षागत पुस्तकालय, सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन, सबै विद्यालयमा स्वच्छ पिउने पानी, बाल विकासका लागि छुट्टै शौचालय, छात्रा र छात्राका लागि छुट्टाछुट्टै र पर्याप्त पानी सहितका शौचालय, आधारभूत विद्यालयका माथिल्ला कक्षा र माध्यमिक विद्यालयहरूमा विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन र छापामय वातावरण, बालविकासमा व्यवस्थित बसाइ व्यवस्थापन र नमुना बालविकास बनाउन बसाइ व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप समेटिएको छ ।

यसैगरी शिक्षकहरू लाई पर्याप्त पेसागत तथा क्षमता विकास तालिम, शैक्षिक अवलोकनको अवसर, पढाइ मेला गर्ने, पालिकाबाटै नमुना माध्यमिक विद्यालय, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामाग्री प्रदान, परीक्षा लाई पालिका स्तरीय बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको कार्यमुलक अनुसन्धानका कार्य गर्ने योजना अघि सारेको छ । यसैगरी दरबन्दी मिलान, विद्यालय मर्ज र कक्षा समायोजन मार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजनाहरू समेटिएको छ।

यस योजनाको कार्यान्वयनका लागि तिनै तहका सरकारको लगानी सहित शिक्षामा सिस्ने गाउँपालिकामा पाँच वर्षका योजनाको लागि कुल रु. २३१३६५०००० बजेट अनुमान गरीएको छ । कुल अनुमानित लागत र हालको अवस्था लाई अध्ययन गरी श्रोत आँकलन गर्दा हरेक वर्ष ४२ देखि ४७ प्रतिशत सम्म बजेट अपुग हुने देखिन्छ । जसका लागि श्रोत पहिचान तथा गर्नुपर्ने देखिन्छ ।

यसरी पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित उपलब्धिमा चार वर्ष उमेर पुरा भएका सबैलाई प्रारम्भिक बाल विकास तथा शिक्षा

कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, विद्यालय शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरू लाई समेटदै लैजानुपर्ने अवस्था देखिन्छ । विद्यालयको सुशासनमा अभिबृद्धि गर्ने, बालबालिकाहरुको विद्यालयम पहुँच र शैक्षिक गुणस्तरलाई प्राथमिकिकरण गरी योजना निर्माण गरीएको छ ।

## शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्संरचना पश्चात सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रबेश गरिरहँदा हाल नेपालमा सङ्घ, प्रदेश र स्थानीय तह गरी ३ तहका सरकार क्रियाशील रहेका छन् । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक व्यवस्था गरिएको छ । उक्त धाराले राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यस्तै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक समेत संविधानले सुनिश्चित गरेको छ ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रर्वद्धन गर्ने उल्लेख गरिएको छ । नेपालको अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन

२०७४ को दफा ११ (२) को उप दफा (ज) ले स्थानीय तहलाई आधारभूत र माध्यामिक शिक्षा सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरेको छ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा विद्यालय शिक्षा सञ्चालन सम्बन्धी गरिएका व्यवस्था अनुसार नै हाल देशैभरी विद्यालय तहको शिक्षा सञ्चालन गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ले प्रारम्भिक बालबिकास तथा शिक्षालाइ गुणस्तरीय र प्रभावकारी बनाउने, आधारभूत शिक्षामा समतामूलक पहुँच र निरन्तरता सुनिश्चितता गर्ने, माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापकरूपले विस्तार गर्ने नीति लिएको छ । संविधान, ऐन, नियमावली र नीतिको मर्मअनुसार सिस्ने गाउँपालिकाको शिक्षालाई सुव्यवस्थित बनाउन गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गर्न पालिकाको शिक्षा क्षेत्र योजना २०८१ तयार गर्दैछ । यस योजनामा उल्लेख भएका व्यवस्थाहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका हुनेछ । यस सिस्ने गाउँपालिकाको शिक्षा योजना निर्माणको औचित्यलाई निम्नानुसार यकिन गरिएको छ ।

१. सङ्घ प्रदेश र स्थानीय तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न,
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३. कार्यक्रम र स्रोतमा देखिएको कमी, दोहोरोपना र स्रोत परिचालनमा देखिएका समस्यालाई न्यूनीकरण गर्न,
४. सिस्ने गाउँपालिकामा क्रियाशील सङ्घ संस्थाहरूसँग लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५. विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

**सिस्ने गाउँपालिकाको शिक्षा योजना निर्माणका आधार**

गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ ।

(क) नेपालको वर्तमान संविधान

(ख) नेपालको सोह्रौं आवधिक योजना

(ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

(घ) शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९

(ङ) राष्ट्रिय शिक्षा नीति २०७६

(च) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

(छ) विद्यालय शिक्षा क्षेत्र योजना

(ज) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

(झ) शिक्षाको सोचपत्र २०७९

(ञ) विद्यालय शिक्षामा समता रणनीति

(ट) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

(ठ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

(ड) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

(ढ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

(ण) विद्यालयका सुधार योजनाहरु

(त) सिस्ने गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१/८२

(थ) सिस्ने गाउँपालिकाको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क २०८१

**यस पालिकाको शिक्षा योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण प्रक्रियामा सिस्ने गाउँपालिकाले सहभागितामूलक प्रक्रिया अवलम्बन गरेको छ । योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा गाउँपालिकाको वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर, दूरदृष्टि उद्देश्य, रणनीति, क्रियाकलाप, बजेट र कार्यनीतिहरुका

सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त सुझावहरूलाई समेटेर योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थ परक बनाउने प्रयास गरिएको छ । सिस्ने गाउँपालिकाको शिक्षा योजना निर्माणको प्रक्रिया र समग्र अवस्था तल उल्लेख गरिएको छ।

१. सिस्ने गाउँपालिकाको गाउँ शिक्षा समिति र सरोकारवालाको मिति २०८१।०४।०४ को बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि १३ सदस्यीय निर्माण कार्यदलको गठन भइ कार्यदलले कार्यबिभाज गरि कार्यथालनी गरेको ।
२. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
३. योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी LGSESP Data toolkit बाट तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।
५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT Analysis तथा Gap Analysis गरिएको ।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
७. गाउँपालिका अन्तर्गतका मुख्य सरोकारवालाहरूबाट मस्यौदा उपर सुझावको लागि मिति २०८१/०९/११ मा कार्यशाला आयोजना गरी सुझाव र पृष्ठपोषण सङ्कलन गरिएको ।
८. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवाला माझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
९. सिस्ने गाउँपालिकाको मिति २०८१ माघ ३० गतेको कार्यपालिका बैठकबाट स्वीकृत तथा प्रमाणित गरिएको ।

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

सिस्ने गाउँपालिका लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वी भागको स्थानीय तह हो । सङ्घीय संरचना लागू हुनुभन्दा पहिला यो क्षेत्र साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलको रुकुम जिल्ला भित्र रहेको थियो । नेपालमा सङ्घीयता कार्यान्वयन भएसँगै भने रुकुम जिल्लालाई २ भागमा विभाजन गरीयो । यसरी दुई भागमा विभाजन भएको रुकुम जिल्लाको पश्चिम भाग कर्णाली प्रदेश र पूर्वी भाग लुम्बिनी प्रदेशमा पर्दछ । रुकुम (पूर्वी भाग) जिल्लामा सिस्ने, भूमे र पुथा उत्तरगङ्गा गरी जम्मा ३ वटा गाउँपालिकाहरू रहेका छन् ।

बाउन्न पोखरी त्रिपन्न टाकुरी नामले परिचित रुकुम पूर्वी भागको यो गाउँपालिका ८२ डिग्री २९ मिनेट देखि ८२ डिग्री ४६ मिनेट पूर्वी देशान्तरसम्म र २८ डिग्री ३३ मिनेट देखि २८ डिग्री ५२ मिनेट उत्तरी अक्षांशसम्म रहेको छ । सिस्ने गाउँपालिकाको भूगोल समुद्री सतहबाट न्यूनतम ९३५ मिटर देखि अधिकतम ५८८५ मिटरसम्मको उचाईमा रहेको छ । ३२७.१२ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको हावापानी न्यानो समशीतोष्ण पहाडी रहेको छ । भूगोलका हिसाबले पहाड, लेक र हिमाल गरी तीन वटै भू-भागहरू रहेका छन् ।

सिस्ने गाउँपालिकामा जम्मा ८ वटा वडाहरु छन् । पालिकाको वडा नं. १ को केन्द्र सिस्नेको पाखापानीमा रहेको छ । वडा नं. २ को केन्द्र प्वाङको नायगाडमा रहेको छ । यसैगरी वडा नं. ३ को पोखरा गाउँमा र वडा नं. ४ को दादिङ गाउँमा वडाको केन्द्र रहेको छ । वडा नं. ५ र ६ को केन्द्र क्रमश रुकुमकोटको टाकुरा र छिप्रिदहमा रहेको छ भने वडा नं. ७ र ८ वडाको केन्द्र सान्चौर र धपे स्यालापाखामा रहेको छ । पालिकाको केन्द्र भने वडा नं. ५ स्थित कमलदहको छेउमा रहेको छ ।

यस गाउँपालिकाको पूर्वमा पुथा उत्तरगङ्गा गाउँपालिका, पश्चिम भू-भागमा रुकुम पश्चिम जिल्लाका मुसिकोट नगरपालिका, आठबिसकोट नगरपालिका र बाँफिकोट गाउँपालिका पर्दछन भने उत्तरमा डोल्पा जिल्ला र दक्षिणमा भूमे गाउँपालिका पर्दछन् । यस गाउँपालिकाको वडा नं. ५ र ६ को भू-भाग भएर मध्यपहाडी राजमार्ग बनेको छ ।

पालिकाका वडाहरुमा जानका लागि सहायक ग्रामिण बाटाहरु निर्माण गरीएको छ । तर वडा नं. १ र २ मा भने सडकको सञ्जाल पुग्न सकेको अवस्था छैन । पालिकाभित्र ४ वटा स्थानीय लघु जलबिद्युत आयोजना मार्फत समुदायमा बिद्युत सेवा उपलब्ध छ भने सदरमुकाम क्षेत्रमा बिद्युतको केन्द्रिय लाईन विस्तार गरीएको छ । सिस्ने गाउँपालिकामा रुकुम पूर्वी भागको हालको सदरमुकाम समेत रहेको छ । सिस्ने हिमाल, ताल तलैया, मठ मन्दिर, युद्ध संग्रहालय, संस्कृति र परम्परामा विविधताका कारणले पर्यटकिय हिसाबले समेत यो पालिका प्रचुर सम्भावना बोकेको पालिका हो ।

## सिस्ने गाउँपालिकाको जनसङ्ख्या

नेपालिको राष्ट्रिय जनगणना २०७८ अनुसार सिस्ने गाउँपालिकाको जनसङ्ख्या

| वडा नं. | महिला | पुरुष | जम्मा | वडागत प्रतिशत | घरधुरी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ११२३ | ११०० | २२२३ | ११९९. | ४८८ |
| २ | ८६३ | ८५९ | १७२२ | ९२९. | ४१८ |
| ३ | ९९८ | ८७७ | १८७५ | १०१२. | ४४० |
| ४ | १४५९ | १४२४ | २८८३ | १५५६. | ५९२ |
| ५ | १७३७ | १६९९ | ३४३६ | १८५४. | ७५५ |
| ६ | १३५४ | १२७७ | २६३१ | १४२०. | ६९० |
| ७ | ७७२ | ७०६ | १४७८ | ७९७. | ३६८ |
| ८ | १२१४ | १०७२ | २२८६ | १२३३. | ५४८ |
| **जम्मा** | **९५२०** | **९०१४** | **१८५३४** | **१००** | **४२९९** |

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार सिस्ने गाउँपालिकाको जनसङ्ख्या १८,५३४ रहेको छ भने जम्मा घरधुरी सङ्ख्या ४२९९ रहेको देखिन्छ । जम्मा जनसङ्ख्या मध्ये ९५२० (५१४५.) महिला र ९०१४ (४८.६५) पुरुषहरूको सङ्ख्या रहेको छ । जस अनुसार लैङ्गिक अनुपात ९४.६८ पुरुष प्रति १०० महिला रहेको छ । वडागत रूपमा जनसङ्ख्यालाई बिश्लेषण गर्दा सिस्ने गाउँपालिका वडा नं. १ को जनसङ्ख्या २२२३, वडा नं. २ को २७२२, वडा नं. ३ को १८७५, वडा नं. ४ को

२६८३ रहेको छ । यसैगरी वडा नं. ५ मा ३४३६, वडा नं. ६ मा २६३१, वडा नं. ७ मा १४७८ र वडा नं. ८ मा २२८६ जनसङ्ख्या रहेको छ । सिस्ने गाउँपालिकामा अपाङ्गता भएका ब्यक्तिहरूको जनसङ्ख्या २.६४ प्रतिशत रहेको छ ।

यस क्षेत्रको मुख्य पेसा कृषि, व्यवसायिक मौरिपालन, व्यापार र वैदेशिक रोजगारी लगायतका रहेका छन। यस क्षेत्रमा विशेष गरी गहुँ, मकै, धान लगायतका अन्न बालीहरु उत्पादन हुने गर्दछ।यस क्षेत्रमा समषीतोष्ण हावापानी पाइन्छ। प्राकृतिक हिसाबले यो गाउँपालिका वन तथा खनिज पदार्थ लगायत प्राकृतिक स्रोतमा धनी गाउँपालिकाको रूपमा परिचित छ । हालसम्म परम्परागत खेतीमा आधारित रहेको तर विषादी रहित खेती प्रणाली अङ्गालेको यस गाउँपालिकाको खेतीयोग्य जमिन एक चौथाइ भाग मात्र रहेको छ भने बाँकी भाग बनजङ्गल तथा भिरपाखाले ढाकेको छ । यहाँको माथिल्लो भागमा वर्षमा ४ महिना हिउँ पर्ने हिमाली भाग पनि भएको हुँदा यस गाउँपालिकाको मौसम चिसो हुने गर्दछ । खेतीयोग्य जमिन प्रशस्त भएता पनि यहाँ सिँचाई लगायतका कृषकहरूका लागि आधुनिक सुविधाहरू पर्याप्त नभएको हुँदा आकाशे खेतीमा निर्भर कृषकहरूले सोचे अनुरूप उत्पादन गर्न सकिरहेका छैनन। परम्परागत कृषि, पशुपालन र पुरानै प्रकृतिका उद्यमशीलतामा बढी मात्रामा निर्भर रहने भएको हुँदा गाउँपालिकावासीको दैनिक जीवन कष्टकर नै रहेको छ । सामान्यतया वर्षभरीको उत्पादनले मुस्किलले ६ महिना खाना पुग्ने र रोजगारीका अन्य विकल्पहरू केही नभएको हुँदा सामान्यतया यहाँको समुदाय दैनिक ज्याला मजदुरी जस्ता वैकल्पिक जीविकोपार्जनमा निर्भर हुने गरेको छ । तथापि कृषि तथा पशुपालनलाई व्यवसायीकरण गर्दै अगाडि बढेको हुँदा आर्थिक उन्नति हुँदै गएको छ । यस गाउँपालिकामा रोजगारीका लागि निजामती सेवा, शिक्षण, सुरक्षा निकाय जस्ता ठाउँहरूमा प्रवेश बढेको छ भने वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या पनि अत्याधिक छ ।

## शैक्षिक अवस्था

शिक्षा सामाजिक, आर्थिक उन्नयनको आधार हो । वर्तमान अवस्थामा रहेको शिक्षाको अवस्थाले आगामी आधा शताब्दीको सामाजिक, आर्थिक अवस्थालाई प्रभावित गर्दछ । नेपालको संविधान २०७२ ले हरेक नागरीकको आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क गरेको छ । संविधानकै अनुसूची ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने कुरा समेत उल्लेख छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा २३ बुँदामा शिक्षा सम्बन्धी व्यवस्था छ जसको कर्यान्वयन, व्यवस्थापन र नियमन स्थानीय तहले गर्नैपर्नेछ। भोलिको समृद्दिका लागि वर्तमान अवस्थाको शिक्षालाई व्यवहारिक, गुणस्तरीय र जीवनउपयोगि बनाउनुपर्ने आजको आवश्यकता छ । हालसम्मका अभ्यासबाट भएका सिकाइ र समस्यालाई वर्तमानमा समिक्षा तथा आत्मबोध गरी योजनाबद्द प्रयासले मात्र भविश्यमा सम्बृद्धि प्राप्त हुन सक्दछ । नेपालको शिक्षा क्षेत्रलाई ब्यवस्थित गर्न नेपाल सरकारबाट पनि विभन्न नीति, मार्गदर्शन र योजनाहरु कार्यान्वयनमा ल्याइएका छन् । शिक्षा क्षेत्रका असल अभ्यासहरु, विधि, पद्धति तथा तथ्यहरूलाई आधार मानेर स्थानीय तहको शैक्षिक योजना आवश्यकता रहेको छ । नेपालको विद्यालय शिक्षालाई ब्यवस्थित गर्नका लागि तहगत र कक्षागत रुपमा बालविकास देखि माध्यमिक तहसम्म उमेर समूह निर्धारण गरीएको छ । जसअनुसार प्रारम्भिक बालविकासको ३ देखि ४ वर्ष, आधारभूत तहका लागि ५ देखि १२ वर्ष र माध्यमिक तहका लागि १३ देखि १६ वर्ष उमेर समूह निर्धारण गरीएको छ । उल्लेखित अवस्थालाई मध्यनजर गरी सिस्ने गाउँपालिकाको विद्यमान शैक्षिक अवस्थालाई तल उल्लेख गरीएको छ । शैक्षिक हिसाबले यस गाउँपालिकामा सामुदायिक, संस्थागत र क्याम्पस गरी जम्मा ४४ वटा शिक्षण संस्थाहरू सञ्चालित छन् ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको पुरुष साक्षरता ८३.६६ र महिला साक्षरता ६८.१२ गरी समग्र गाउँपालिकाको साक्षरता ७५.६० प्रतिशत रहेको देखिएको छ । यस गाउँपालिकामा हाल १० वटा माध्यमिक तहका विद्यलय सञ्चालित छन जसमा ४ वटा १२ सम्म चलेका ६ वटा कक्षा १० सम्म चलेका रहेका छन् । आधारभूत तह १-८ कक्षा सञ्चालित विद्यालय ८ वटा रहेका छन् भने कक्षा १-५ सञ्चालित विद्यालय १७ वटा रहेका छन् त्यस्तै कक्षा १-३ सञ्चालित विद्यालय ६ वटा र बालविकास कक्षा सञ्चालित विद्यालय २ वटा गरी जम्मा यस गाउँपालिकामा ४३ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् साथै ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु समेत सञ्चालनमा रहेका छन् । गाउँपालिकाको तथ्याङ्क अनुसार ३ वटा संस्थागत विद्यालयहरु (१ वटा माध्यामिक, कक्षा १-८ संचालित १ वटा र कक्षा १-३ संचालित १ वटा) सञ्चालनमा रहेका छन् ।

गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा अध्ययन अध्यापन गर्ने गराउने १ वटा क्याम्पस समेत रहेको छ र प्राविधिक धारका ३ वटा कक्षा ११-१२ संचालित शिक्षण संस्थाहरु रहेका छन् । हालसम्म गाउँपालिकाले गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने क्रममा प्रधानाध्यापकहरुसँग करार सम्झौता, बिदयालय अनुगमन, परीक्षा प्रणालीको व्यवस्थापन, विद्यालयमा शैक्षिक तथा खेल सामग्री व्यवस्थापन, विद्यालय भवन निर्माण, पुराना जीर्ण भौतिक पूर्वाधार मर्मत सम्भार र शिक्षक क्षमता विकासका कार्यक्रमहरु आयोजना गर्दै आइरहेको छ भने विद्यालयहरूलाई प्रविधिमैत्री बनाउनका लागि निरन्तर पहल गरीरहेको छ । बालबालिकाहरूलाई शुद्ध खानेपानीको व्यवस्था गर्नका लागि विद्यालयमा खानेपानी व्यवस्थापन, विद्यालयमा छात्रामैत्री शौचालयहरू निर्माण र किशोरीहरुको विद्यालय निरन्तरताका लागि सेनीटरी प्याड व्यवस्थापनको कार्यलाई प्राथमिकता समेत प्राथमिकता दिइएको छ । साझेदार निकायसँगको समन्वय तथा सहकार्यमा शिक्षकहरूलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम प्रदान गरीएको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सिस्ने गाउँपालिकाको ५ वर्ष माथिको जनसङ्ख्यामा पढ्न र लेख्न दुवै जानेका ७१.३५ प्रतिशत, पढ्न मात्र जानेका ०.३२ प्रतिशत र पढ्न र लेख्न दुवै नजानेका २८.२७ प्रतिशत रहेका छन् । ५ देखि २५ वर्षसम्म एसईई/एसएलसी मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसङ्ख्या हेर्दा हाल अध्ययनरत ७८.२१ प्रतिशत, कम्तीमा एक पटक विद्यालय गएको २२.९० प्रतिशत र कहिल्यै पनि विद्यालय नगएको ४.२८ प्रतिशत जनसङ्ख्या रहेको छ ।

पालिकाको एकिकृत सूचना व्यवस्थापन प्रणाली २०८१ को तथ्याङ्क अनुसार यस पालिकाभित्र बालविकास केन्द्रमा ४५१ बालिका (४४.५२ प्रतिशत) र ५६२ बालक (५५.४८ प्रतिशत) गरी जम्मा १०१३ बालबालिका अध्ययनरत छन् ।आधारभूत तह कक्षा १-५ मा बालिका १२६० (४८.१७ प्रतिशत) र बालक १३५६ (५१.८३ प्रतिशत) गरी जम्मा २६१६ बालबालिका अध्ययनरत छन् । यसैगरी आधारभूत तह कक्षा १-८ मा बालिका ७५५ (४९.६४ प्रतिशत) र बालक ७६६ (५०.३६ प्रतिशत) गरी जम्मा १५२१ बालबालिका अध्ययनरत छन् । यसैगरी माध्यामिक तह कक्षा ९-१० मा बालिका ३९५ (५४.०४ प्रतिशत) र बालक ३३६ (४५.९६ प्रतिशत) गरी जम्मा ७३१ बालबालिका अध्ययनरत छन् ।

## १.२ मुख्य समस्याहरु

राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि सो अनुसारको क्षेत्रगत जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । “समृद्ध नेपाल, सुखी नेपाली” हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । यसैगरी **"प्रतिस्पर्धि, सिर्जनशील र कर्तब्यनिष्ठ जनशक्तिः सिस्नेको विकास र समृद्धि"** सिस्ने गाउँपालिकाको शिक्षा क्षेत्रको अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले

गुणस्तरीय शिक्षामा सबै नागरीकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो ।

उल्लेखित सपना पुरा गर्न हाल निम्न समस्याहरु रहेका छन्

- शिक्षा सामाजिक दायित्व र कर्तब्यको बोध नहुनु,
- गुणस्तरीय, व्यवसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरू विकास हुन नसक्नु,
- वर्तमान शैक्षिक उपलब्धि र वैयक्तिक ज्ञान सीप र क्षमताको अन्तर धेरै देखिनु,
- भौगोलिक बिकटता, पहुँच र विद्यालयको समानुपातिक बितरणको अभाव हुनु,
- बैदेशिक रोजगार र यसको प्रभाव शिक्षा र बालबालिकामा देखिनु,
- स्थानीय तहको सिमीत स्रोत साधन र विद्यालय पूर्वाधार विकासको तालमेल नहुनु,
- विद्यालय शैक्षिक सामग्री र समुचित प्रयोग हुन नसक्नु,
- स्थानीय तहको शिक्षा शाखामा प्रर्याप्त प्राविधिक जनशक्ति नहुनु,
- प्राथमिकताको आधारमा योजना निर्माण र कार्यान्वयन नहुनु,
- शिक्षक व्यवस्थापन तथा शिक्षक बिद्यार्थि अनुपात (विषयगत शिक्षक) नमिल्नु,
- विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तर प्रदान गर्न नसकिनु,
- पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु,
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु,
- विद्यालय शिक्षामा प्रविधि विकास र प्रयोग हुन नसक्नु,
- नतिजामा आधारित नियमित अनुगमन तथा पृष्ठपोषण नहुनु,
- साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु,
- वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु,
- शिक्षा लाई जागिरसँग मात्र जोड्नु,

- लगानी अनुसारको शैक्षिक उपलब्धी हासिल गर्न नसकिनु,
- सबै शिक्षकहरुमा प्रविधि सम्बन्धी दखलताको कमि हुनु,
- शिक्षक, विद्यार्थी र सरोकारवालाहरुमा शैक्षिक सुधारका लागि सकारात्मक सोचको विकास हुन नसक्नु र
- परीक्षा प्रणालीमा आशातित सुधार गर्न नसकिनु

उल्लेखित विषयहरुलाई यस पालिकाका शिक्षा क्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीहरु

गुणस्तरीय शिक्षा नै आजको शिक्षाको चुनौती हो । चुनौती अवसरका आधार हुन्।गुणस्तरीय शिक्षाको सुनिश्चितता हुन नसक्नु मुख्य चुनौती हो । पालिकाका शिक्षा क्षेत्रका चुनौतीहरुलाई तल उल्लेख गरीएको छ ।

- शिक्षा क्षेत्र सामाजिक दायित्व बोध गराउनु र बुझाई तथा कार्यमा एकरुपता ल्याउनु ।
- विद्यालय शिक्षक व्यवस्थापन गर्नु,
- निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र विकास गर्नु,
- विपत् तथा आपतकालिन अवस्थामा वैकल्पिक शिक्षाको ब्यवस्था गर्नु,
- विद्यमान नीतिगत ब्यवस्था (सङ्घीय ऐन)
- जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु,
- पयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु,
- विद्यालय शिक्षामा सुशासन कायम गर्नु
- बैदेशिक रोजगारको प्रभाव निराकरण गर्नु
- सरोकारवालाहरुको विद्यालयमा उपस्थिति बृद्धि गर्नु

- सिकाइ उपलब्धि दर सुधार
- वडा शिक्षा समिति तथा टोल शिक्षा समितिको सक्रियता नहुनु
- बिद्यार्थिको विद्यालय छोड्ने दर घटाउनु,
- बालविकास केन्द्रहरूमा बालमैत्री सिकाइ तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु,
- आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अभिभावकहरूमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहीनता अवस्था हल नहुनु,
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबिच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका हुनु,
- शिक्षक तथा विद्यार्थीको नियमितता सुधार गर्नु,
- विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सूचना प्रविधि साधनहरूको उपलब्धता र प्रयोग सुनिश्चित नहुनु,
- पुस्तकालयको अभाव हुनु र उपलब्धि पुस्तकालयको नियमित प्रयोग नहुनु,
- विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप वार्षिक उत्सब जस्ता क्रियाकलापको नियमितता,
- विद्यालय नकसाङ्कनका आधारमा शिक्षक दरबन्दी मिलान विद्यालय मर्ज तथा बन्द गरी व्यवस्थापन गर्नु,
- विद्यालय स्तरबाटै तथ्य तथ्याङ्कहरुलाई चुस्त दुरुस्त अभिलेखिकरण गर्नु,
- साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनोपयोगी, व्यवसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा पढाइ छाडनेहरूको सङ्ख्या बढेको अवस्था हाम्रा चुनौतीहरु हुन ।

## १.४ अवसरहरु

उल्लेखित १.२ र १.३ मा उल्लेखित समस्या तथा चुनौतीहरु हुदा हुदै ति समस्या तथा चुनौतीका बिचबाट सिस्ने गाउँपालिकाको शैक्षिक समृद्धिका लागि थुप्रै अवसरहरु छन् ।जसलाई यसरी उल्लेख गर्न सकिन्छ ।यस गाउँपालिकाको शिक्षाको अठोट **"प्रतिस्पर्धि, सिर्जनशील र कर्तब्यनिष्ठ जनशक्तिः सिस्नेको विकास र समृद्धि"** लाई साकार पार्न विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा राष्ट्रभक्ति, व्यवसायिक, र उत्पादनमुखी शिक्षा प्रदान गरी सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादनमा जोड दिन सकिन्छ ।निर्धारित र निर्देशित पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी ज्ञान प्रवाह गर्ने, ज्ञानलाई दैनिक जीवनसँग जोडी सीप हासिल गराउने र सीपलाई उत्पादनमा प्रयोग गराई सिस्नेको समृद्धिमा योगदान गर्न सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलाई दिएको अधिकार आफैमा अवसर हो ।

तीन तहका सरकारबिच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सकिने अधिकार हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु, तीन वटै सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने आधार हुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु, स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता हुनु, अभिभावकहरुमा गुणस्तरीय शिक्षाको आवश्यकता महशुस हुनु, सकारात्मक लैङ्गिक समता सूचकाङ्क हुनु, शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता हुनु र व्यापक लगानी हुनु, वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्न सकिनु, प्राकृतिक सुन्दरता र पर्यटकिय सम्भावना हुनु, विकासका हिसाबले सडक, पूर्वाधार, सञ्चार, बिद्युतको विकास तिब्र हुनु र मध्यपहाडी राजमार्ग सिस्नेको भू-भाग भएर संचालित हुनु यस पालिकाका शैक्षिक अवसरहरु हुन ।

# परिच्छेद २ : लक्ष्य निर्धारण

## २.१ दुरदृष्टि

"प्रतिस्पर्धि, सिर्जनशील र कर्तब्यनिष्ठ जनशक्तिः सिस्नेको विकास र समृद्धि"

## २.२ लक्ष्य

"गुणस्तरीय, समावेशी, व्यवहारिक, सुरक्षित र प्रविधिमैत्री विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गरी सक्षम, सिर्जनशिल कर्तब्यनिष्ठ र प्रतिस्पर्धि नागरीक तयार गर्ने ।

## २.३ उदेश्यहरु

१. सबै बालबालिकाहरुको विद्यालय शिक्षामा समतामुलक पहुँच र निरन्तरता सुनिश्चित गरी व्यवहारिक, प्रविधियूक्त सीप हासिल गरेका नागरीक तयार गर्ने ।

२. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्दि गर्ने साथै शिक्षाका गतिबिधिहरुलाई नैतिक शिक्षा र कर्तब्य पालना सँग जोडी सामाजिक भाव उन्मुख बनाउने ।

३. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमलाई व्यवहारसँग जोड्दै विद्यार्थीहरूमा जीवनोपयोगी र व्यवहारिक ज्ञान, सिप विकास गरी प्रतिस्पर्धी र सिर्जनशिल नागरीक तयार गर्ने ।

४. विद्यमान प्रविधिविकासलाई सिकाइसँग जोड्दै प्रविधियूक्त सीप आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्नु ।

५. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने।

६. विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिनका लागि आधार तयार गर्ने ।

७. विद्यालय सुशासनको प्रवर्द्धन गरी प्रभावकारी र स्थानीय सन्दर्भमा आधारित गुणस्तरीय शैक्षिक वातावरण तयार गर्ने ।

## २.४ रणनीतिहरु

| उदेश्यहरु | रणनीतिहरु |
|---|---|
| **उदेश्य १**: सबै बालबालिकाहरुको | • बालविकास केन्द्रहरुलाई नक्साङ्कनका आधारमा क्रमिक रुपमा नमूना बालविकास बनाउदै लैजाने |

| | |
|---|---|
| विद्यालय शिक्षामा समतामुलक पहुँच र निरन्तरता सुनिश्चित गरी व्यवहारिक, प्रविधियूक्त सीप हासिल गरेका नागरीक तयार गर्ने | • आधारभूत तहको शिक्षालाई निशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षालाई अनिवार्य बनाउने ।<br>• विद्यालय शिक्षाका लागि पाठ्यपुस्तक, पोशाक, दिवा खाजा, छात्रबृत्ति तथा शैक्षिक सामग्रीको ब्यवस्था मिलाउने ।<br>• विद्यालय शिक्षाका तहलाई आवश्यकता अनुसार Merge गर्ने, समायोजन गर्ने र शिक्षक दरवन्दि मिलान गर्ने ।<br>• अपाङ्गता भएका, बिशेष अवस्थाका र भिन्न क्षमता भएका बालबालिकाहरुको बिशेष आवश्यकता र अवस्थाका आधारमा पहुँचयोग्य कक्षाकोठा, सहायक उपकरण र शिक्षण सामग्रीहरूको व्यवस्था सहित सिक्ने सिकाउने वातावरणको प्रवन्ध गर्ने ।<br>• बिद्यार्थिका न्यूनतम आवश्यकताहरु शैक्षिक सामग्री, पोशाक, खाजाको सुनिश्चित गर्ने ।<br>• विद्यालयका भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री र बालमैत्री बनाउने ।<br>• लागत साझेदारीको अवधारणा आवलम्बन गरी विद्यालयहरुलाई प्रविधिमैत्री बनाउदै लैजाने ।<br>• समुदायलाई शिक्षाको महत्वमा जागरुक गराउने र विद्यालयमा सहभागिता बृद्दि गराई विद्यालय बाहिर रहेका बालबालिकाको नक्साङ्कन गरी आवश्यकताका आधारमा सहयोग उपलब्ध गराउने ।<br>• आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता भए नभएको सुनिश्चित गर्न नक्साङ्कन गर्ने ।शैक्षिक गतिबिधिहरुमा सार्वजनिक, नीजि र क्षेत्रसँगको सहकार्य र साझेदारीका कार्यक्रमहरु |

| | |
|---|---|
| | सञ्चालन गरीनेछ ।<br>• शिक्षा सार्वजनिक चासो र दायित्व भन्ने बोध गराउन जनचेतनाका कार्यक्रम सञ्चालन गरीने छ ।<br>• विद्यालयलाई स्वास्थ्य तथा पोषणका कार्यक्रमहरुसँग जोडेर कार्यान्वयन गरीनेछ।<br>• विद्यालयमा समुदायको संलग्नता अभिबृद्धि गर्न बालक्लवमार्फत कार्यक्रमहरु सञ्चालन गरीनेछ ।<br>• अभिभावक र शिक्षकबिच सम्बन्ध बिस्तार गर्न समन्वयात्मक कार्यक्रम सञ्चालन नियमित विद्यालय भेला, सामाजिक परिक्षणका कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।<br>• जलबायू परिवर्तन<br>• बिपदको अवस्थामा समेत शिक्षालाई निरन्तरता दिन सक्ने आधारहरु तयार गर्ने ।<br>• अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धि ऐन २०७५ को मर्म पुरा गर्न वि. सं. २०८४ भित्र योग्यतामा आधारित बैकल्पिक शैक्षिक कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने। |
| उदेश्य २ : विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्दि गर्ने साथै शिक्षाका गतिबिधिहरुलाई नैतिक शिक्षा र कर्तब्य पालना सँग जोडी सामाजिक भाव उन्मुख बनाउने । | • बालमैत्रि अपाङ्गमैत्री लैगिकमैत्री र सुरक्षित विद्यालय संरचनाहरुको विकास गर्ने ।<br>• बालविकास केन्द्रमा बिद्यार्थि सङ्ख्याका आधारमा छुट्टै सीपयुक्त र सक्षम शिक्षक व्यवस्थापन गर्ने ।<br>• विभन्न शैक्षिक कोषहरुको स्थापना र परिचालन गर्ने ।<br>• प्राविधिक धारका विद्यालयहरुको सुदृढिकरण र आवश्यकतामा आधारित विषयको छनौट गर्ने<br>• विद्यालयहरुमा प्रविधिको स्थापनामा जोड दिइ उपयोगिताको सुनिश्चित गर्ने । |

| | |
|---|---|
| | • प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्ने ।<br>• पेसाप्रति उत्प्रेरित, समर्पित र दक्ष शिक्षकहरुको व्यवस्थापन गरी बालबालिकाको सिकाइप्रति जिम्मेवार र जवाफदेही शिक्षक मार्फत गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने।<br>• आवश्यकता र अवस्थाका आधारमा बैकल्पिक सिकाइ माध्याहरुको आवलम्बन गर्ने ।<br>• स्थानीय पाठ्यक्रम समावेश गरेर वा अतिरिक्त क्रियाकलापको रुपमा विद्यालय स्तरमा समाजमा पहिला कुलत र दुर्व्यसनमा लागेर पछि सुध्रीएर समाजको लागि असल, कर्तव्यनिष्ठ उदाहरणीय नागरीक बनेको व्यक्तिहरुको जिवन कहानीलाई अडियो, भडियो र नाटकीय माध्यमबाट सिक्ने सिकाउने वातावरण मिलाउने।<br>• निरन्तर सिकाइको अवसरका लागि प्रविधिसँग जोडी आजिवन सिकाइको अवधारणा आवलम्बन गर्ने ।<br>• विद्यालय भौतिक पूर्वाधार विकासमा प्रविधिको समाजस्यतालाई सम्बोधन गरी विकास गर्ने ।<br>• नीजिस्रोत तथा स्थानीय तहबाट व्यवस्थापन हुने शिक्षकहरुको प्रबेश प्रक्रियालाई ब्यवस्थित र पारदर्शि बनाउने ।<br>• कम्तिमा ठुला विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्ने<br>• सम्भावित बिपद्को अवस्था समेतलाई आंकलन गरी आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि प्रविधिको प्रयोग सुनिश्चितता गर्ने । |

| | |
|---|---|
| | • शैक्षिक व्यवस्थापन तथा सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने । |
| उदेश्य ३ : राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमलाई ब्यवहारसँग जोड्दै विद्यार्थीहरूमा जीवनोपयोगी र व्यवहारिक ज्ञान, सिप विकास गरी प्रतिस्पर्धी र सिर्जनशिल नागरीक तयार गर्ने । | • राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको समिक्षा गर्दै व्यवहारिक सीपका पक्षहरुलाई दैनिक ब्यवहारसँग जोड्न जनशक्ति परिचालन गर्ने (शिक्षक, माथिल्लो कक्षाका बिद्यार्थि, समुदाय)<br>• दैनिक पठनपाठनमा रोल मोडेलको नमूना प्रस्तुत गर्न शिक्षकहरुको क्षमता विकास र उत्प्रेरणा दिने साथै कार्यसम्पादनको समिक्षा र मूल्याङ्कन गर्ने ।<br>• पाठ्क्रमबाट निर्देशित विषयवस्तुलाई परियोजना कार्यमा रुपान्तरण गरी जीवनपयोगी र व्यवहारिक ज्ञान सीप हासिल गर्न कार्यान्वयन गर्ने ।<br>• बालबालिकाहरुमा उनिहरुका दैनिक जीवनका समस्या समाधानका उपायहरु खोजि गरी सिर्जनशिलता अपनाउन मद्दत गर्ने ।<br>• पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिने ।<br>• विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्ने र सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्ने ।<br>• हाम्रो सिस्ने स्थानीय पाठ्यक्रम अनुसार विद्यालयहरुमा परमपरागत सीप र दक्षता भएका व्यक्तिहरुलाई उपस्थित गराइ प्रयोगात्मक विधिबाट सिक्ने सिकाउने वातावरण तयर गरी कार्यान्वयन गर्ने जस्तैः डोको, नाम्ला बुन्ने।<br>• आफ्नो गाउँपालिका भरका पेसा, व्यवसायहरुको अध्ययन अवलोकन गराइ अध्ययन अध्यापन गर्ने वातावरणको व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| उदेश्य ४ : विद्यमान प्रविधि विकासलाई सिकाइसँग जोड्दै प्रविधियूक्त सीप आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्नु । | • विद्यालयहरुमा प्रविधिको स्थापनामा जोड दिइ उपयोगिताको सुनिश्चित गर्ने ।<br>• प्रविधि विकासका लागि विभन्न निकायसँगको साझेदारी बढाउने ।<br>• गुणस्तरीय सिकाइका लागि प्रविधिमैत्री शिक्षक तालिम तथा सरोकारवालाहरुको क्षमता बृद्धिमा जोड दिने ।<br>• बिस्तृत र मापनयोग्य अनुगमनका सूचकहरुमार्फत विद्यालयको अनुगमन गर्ने र सुधारको रणनीति आवलम्बन गर्ने ।<br>• शिक्षण सिकाइमा परियोजना कार्य र अनुसन्धानात्मक कार्यहरु समावेश गर्न प्रोत्साहित गर्ने ।<br>• निरन्तर सिकाइको अवसरका लागि प्रविधिसँग जोडी आजिवन सिकाइको अवधारणा आवलम्बन गर्ने ।<br>• विद्यालय भौतिक पूर्वाधार विकासमा प्रविधिको समाजस्यतालाई सम्बोधन गरी विकास गर्ने ।<br>• विद्यालय तथा व्यवसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्ने<br>• सम्भावित बिपद्को अवस्था समेतलाई आंकलन गरी आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि प्रविधिको प्रयोग सुनिश्चितता गर्ने ।<br>• शैक्षिक व्यवस्थापन तथा सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने<br>• ई-लर्निङ, ई-लाइब्रेरी, र अनलाइन स्रोतहरूको प्रयोग गरेर सिकाइलाई प्रविधिमैत्री बनाउने । |
| उदेश्य ५: स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई | • स्थानीय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन गर्ने ।<br>• पाठ्यक्रमले निर्धारण गर्को ज्ञानलाई सीपसँग र |

| | |
|---|---|
| सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने। | सीपलाई जीवनसँग जोड्ने कार्यक्रमहरुको तय गर्ने ।<br>• हरेक विद्यालयको विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने ।<br>• आवश्यकता अनुसारको नीति तथा जनशक्ति व्यवस्थापन गर्ने ।<br>• संस्थागत तथा मानव जनशक्तिको क्षमता विकासमा जोड दिने ।<br>• तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने<br>• स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमै समावेश गरेर गाउँपालिकाको कार्यालयका विभिन्न शाखाबाट सम्पादन हुने शाखागत र समग्र पालिकाले गर्ने कार्यहरुको बारेमा विद्यार्थीहरुलाई अवगत गराउने। |
| उदेश्य ६ :विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिनका लागि आधार तयार गर्ने । | • आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि अनलाई तथा अफलाईन प्लेटफर्मको निर्माण गर्ने ।<br>• आपतकालित अवस्थामा शिक्षाको योजना तयार गर्ने ।<br>• आपतकालिन अवस्थामा प्रदान गरीने तहगत शिक्षाको संरचना र तरिका निर्माण गर्ने ।<br>• विद्यालय स्तरमा पनि विपद प्रतिकार्य र विपद बाट हुने र हुन सक्ने क्षति सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने।<br>• बिपद तथा आपतकालिन अवस्थामा अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गर्ने ।<br>• मनोसामाजिक परामर्श सेवाको सुबिधा एकिन गरी कार्यान्वयनका लागि तयार गर्ने ।<br>• सुरक्षित स्थान र अवस्थाको सुनिश्चितता गर्ने । |

| | |
|---|---|
| | • बिपदको अवस्थामा सम्बद्ध निकायसँगको सम्पर्क र समन्वयको संरचनालाई चुस्त राख्ने ।<br>• विद्यालय स्तरमा पनि विपद प्रतिकार्य र विपद बाट हुने र हुन सक्ने क्षति सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने। |
| उदेश्य ७ :विद्यालय सुशासनको प्रवर्द्धन गरी प्रभावकारी र स्थानीय सन्दर्भमा आधारित गुणस्तरीय शैक्षिक वातावरण तयार गर्ने । | • समुदायको सहकार्यमा समुदायमा तथा विद्यालयमा सिकाइ चौतारीको विकास गरी पाक्षिक तथा मासिक रुपमा बिद्यार्थि सहभागि हुने खुल्ला बहस सिक्ने चौतारी सञ्चालन गर्ने ।<br>• विद्यालयमा सुनासो सुनुवाई संयन्त्रको स्थापनामा जोड दिइ प्रभावकारी कार्यान्वय गर्ने ।<br>• शैक्षिक भ्रमण, कार्यमूलक अनुसन्धान, सिकाइ सम्प्रेषण, अन्तरविद्यालय अनुभव आदान प्रदान र प्रतिस्पर्धा कार्यक्रमलाई बढवा दिदै निरन्तरता दिने<br>• विद्यालयमा बालिका तथा समावेशी शिक्षा सञ्जाल जस्ता नेटवर्क स्थापीत गरी परिचालन गर्ने ।<br>• विद्यालयका संस्थागत संरचनाहरु बिब्यस, शिअस, टोल शिक्षा समितिको क्षमता विकास र परिचालनमा जोड दिने<br>• अभिभावक सचेतना र सहभागितामा बृद्दिका कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,<br>• विद्यालयका सुचकांकहरुको नियमित समिक्षा र आत्मसाथ गर्ने वातावरण तयार गर्ने,<br>• शैक्षिक स्तरलाई ठोस गर्न पालिकाको शैक्षिक मूल्याङ्कन पद्दतिलाई सुधार गरी मापदण्ड कार्यान्वयन गर्ने ।<br>• विभन्न शैक्षिक अभियानहरु सञ्चालन गर्ने ।<br>• शैक्षिक गतिबिधिहरुमा सार्वजनिक नीजि क्षेत्रसँगको |

| | |
|---|---|
| | साझेदारीको रणनीति आवलम्बन गर्ने ।<br>• विद्यालयलाई स्वास्थ्य तथा पोषणका कार्यक्रमहरुसँग जोडेर कार्यान्वयन गर्ने ।<br>• विद्यालयमा समुदायको संलग्नता अभिबृद्धि गर्न बालक्लवमार्फत कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>• अभिभावक र शिक्षकबिच सम्बन्ध बिस्तार गर्न समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने ।<br>• जलबायू परिवर्तन, वन तथा बातावरणसँग सम्बन्धित कार्यक्रमहरुलाई विद्यालयसँग जोड्ने । |

## २.५ कार्यनीति

### उदेश्य १ : सबै बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गरी व्यवहारिक, प्रविधियूक्त सीप हासिल गरेका नागरीक तयार गर्ने सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु

- नमूना बालविकास र नमूना विद्यालयका कार्यक्रम क्रमश सञ्चालन गर्दै लगिने छ ।
- विद्यालयमा निशुल्क पाठ्यपुस्तक, छात्रबृत्ति तथा शैक्षिक सामग्री तथा आधारभूत तह कक्षा १-५ सम्म खाजाको ब्यवस्था गरीनेछ ।
- समुदायलाई शिक्षाको महत्वमा जागरुक गराउने साथै विद्यालय बाहिर रहेका बालबालिकाको नक्साङ्कन गरी आवश्यकताका आधारमा सहयोग उपलब्ध गराई विद्यालयमा पहुँच सुनिश्चितता गर्ने कार्यक्रम सञ्चालन गरीनेछ ।
- हरेक वर्ष भर्ना अभियानलाई प्रभावकारी र सहभागिमूलक बनाइने छ ।
- आवश्यकताका आधारित समुदायमा आधारित र विद्यालयमा आधारित गुणस्तरीय बालबिकास केन्द्रको स्थापना गरीनेछ ।
- शैक्षिक सहभागिता र जनचेतना अभिवृद्दिका लागि बालक्लवको परिचालन गरीने छ
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि ऐन २०७५ लाई आधार बनाइ आवश्यक मापदण्डहरु बनाइ कार्यान्वयन गरीनेछ ।
- विद्यालयका भौतिक संरचनाहरु सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ ।

- कक्षामा बालबालिकाहरुलाई टिकाई राख्न कक्षाकोठालाई सामग्रीयुक्त र छापायुक्त बनाउनेतर्फ जोड दिइनेछ ।
- शैक्षिक सहभागिता, पहुँच वृद्दि र जनचेतना अभिवृद्दिका लागि बालक्लवको परिचालन गरीनेछ।
- विद्यालयका भौतिक संरचनाहरु सुरक्षित, बालमैत्री र अपाङ्गमैत्री बनाइने छ ।
- वडा/टोल शिक्षा समिति गठन तथा क्षमता अभिवृद्दि गरी शिक्षामा निगरानी बढाइ विद्यालय सुशासनलाई प्राथमिकता दिइने छ ।
- विद्यालयका भवन, कक्षाकोठा र परिसरलाई बिपद्, मानसिक, शारिरीक रुपले सुरक्षित भए नभएको सुनिश्चित गरीनेछ।
- विद्यालय तथा कक्षाकोठालाई छापामैत्री, शैक्षिक सामग्रीले सुसज्जित, फूलवारीयूक्त र मनोरम बनाइनेछ ।
- समुदायको सहकार्यमा समुदायमा तथा विद्यालयमा सिकाइ चौतारीको विकास गरी पाक्षिक तथा मासिक रुपमा बिद्यार्थि सहभागि हुने खुल्ला बहस सिक्ने चौतारी सञ्चालन गरीनेछ ।
- स्रोत व्यवस्थापन, प्रभावकारीता र गुणस्तरीयताका लागि बहुक्षेत्रगत साझेदारीको रणनीति आवलम्बन गरीनेछ ।
- स्वास्थ्य संस्था र सरोकारसँगको समन्वय र सहकार्यमा हरेक अर्धवार्षिक रुपमा विद्यालयमा स्वाथ्यजाच सेवा पुर्याइने छ ।
- हरेक बालबालिका लाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्न योजना नियमित अनुगमन तथा समुदाय सहकार्यको अवधारणा लागु गरीनेछ ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाहरूको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गरीनेछ ।
- स्वास्थ्य तथा पोषणको अवस्था सुनिश्चितताका लागि विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरीनेछ ।
- बालविवाह र बालश्रमलाई घटाउन जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरीने छ र घटनामा कानुन बमोजिम कारबाहि गरीनेछ ।

- स्रोत व्यवस्थापन, प्रभावकारीता र गुणस्तरीयताका लागि बहुक्षेत्रगत साझेदारीको रणनीति आवलम्बन गरीनेछ ।
- वडागत रुपमा सामुदायिक सिकाइ केन्द्रहरु मार्फत बैकल्पिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी अनिवार्य शिक्षाको उद्देश्य पुरा गरीनेछ।

**उदेश्य नं. २ विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्दि गर्ने साथै शिक्षाका गतिबिधिहरुलाई नैतिक शिक्षा र कर्तब्य पालना सँग जोडी सामाजिक भाव उन्मुख बनाउने उदेश्यसँग सम्बन्धित रणनीतिका कार्यनीतिहरु**

- समुदायको संरचना नक्साङ्कन गरी जनसङ्ख्या, भौगोलिक बनोट र आवश्यकताका आधारमा बालविकास केन्द्रको विस्तार तथा सुधार गरीनेछ ।
- सफा, सुरक्षित, खेल सामग्री सहित आकर्षक बालविकास केन्द्रको निर्माण गरीनेछ।
- अभिभावकहरुमा बालविकासको महत्वबारे सुसुचित गर्ने साथै अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरीने छ।
- समतामुलक छात्रबृत्ति, शैक्षिक सहयोग कार्यक्रमको विकास र परिचालन गरीनेछ ।
- गुणस्तरीय सिकाइका लागि प्रविधिमैत्री शिक्षक तालिम तथा सरोकारवालाहरुको क्षमता बृद्धिमा जोड दिइने छ।
- शिक्षण सिकाइमा परियोजना कार्य र अनुसन्धानात्मक कार्यहरु समावेश गर्न प्रोत्साहित गरीनेछ।
- स्थानीय पाठ्यक्रममा नैतिक कर्तब्य पालना शिक्षाका विषय समावेश गरी कार्यान्वयन गरीनेछ।
- परियोजना कार्य तथा सामुहिक कार्यको प्रवर्द्धन गरी सामाजिक भाव र कर्तब्यपालनालाई ब्यवहारिकिकरण गरीनेछ ।
- ई-लर्निङ, ई-लाइब्रेरी, र अनलाइन स्रोतहरूको प्रयोग गरेर सिकाइलाई प्रविधिमैत्री बनाइने छ ।
- बालविकास उमेर समुहका सबै बालबालिकाहरु विद्यालय भर्ना भए नभएको सुनिश्चित गरीनेछ ।
- शिक्षाका गतिबिधिहरुलाई नैतिक शिक्षा र कर्तब्य पालना सँग जोडी सामाजिक भाव उन्मुख बनाइने छ ।

- गुणस्तरीय र प्रभावकारी सिकाइका लागि शिक्षकको क्षमता विकास तथा पेसागत विकासमा जोड दिइने छ ।

- कक्षा १ को बालविकास अनुभव सहितको सङ्ख्यालाई शत प्रतिशत पुर्याइने छ।
- सफा, सुरक्षित, खेल सामग्री सहित आकर्षक बालविकास केन्द्रको निर्माण गरीने छ
- प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य गरीनेछ ।
- बालविकास केन्द्रमा बिद्यार्थि सङ्ख्याका आधारमा छुट्टै सीपयुक्त र सक्षम शिक्षक व्यवस्थापन गरीनेछ ।
- अभिभावकहरुमा बालविकासको महत्वबारे सुसुचित गर्ने साथै अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरीनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको मापदण्ड बमोजिम सेवाहरूमा गुणस्तर सुनिश्चित गरीनेछ ।
- बालविकास उमेर समुहका सबै बालबालिकाहरु विद्यालय भर्ना भए नभएको सुनिश्चित गरीनेछ ।
- कक्षा १ को बालविकास अनुभव सहितको सङ्ख्यालाई शत प्रतिशत पुर्याइनेछ ।
- हरेक विद्यालयको तोकिएका सूचकहरुको प्रयोग गरी स्वमूल्याङ्कन तथा विद्यालय नक्साङ्कन गरीनेछ ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित उनिहरुको विद्यालयमा पहुच सुनिश्चित गरीनेछ ।
- तहगत रुपमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउनका लागि योजना बमोजिम सिकाइको समिक्षा तथा मूल्याङ्कन गरीने छ ।
- विद्यालय प्रशासन चुस्त र जिम्मेवार बनाउन प्रधानाध्यापकबाट नमूना विद्यालय निर्माणका लागि प्रस्ताव लिइनेछ र सो बमोजिम कार्य गरे नगरेको सुनिश्चित गरीने छ ।
- प्रधानाध्यापक बैठक तथा शिक्षक क्षमता विकासका लागि विद्यालयमा बिज्ञ शिक्षक भेटघाट तथा सहयोग कार्यक्रम सञ्चालन गरीने छ ।
- आवश्यकताका आधारमा विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गरीनेछ ।

- प्रारम्भिक कक्षा सिकाइका क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गरीनेछ ।
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरीनेछ ।
- हरेक विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरीनेछ ।
- लक्ष्य निर्धारण गरी सबै विद्यालयहरूमा न्यूनतम सक्षमता पूरा गराइने छ ।
- शिक्षण सिकाइमा नवीनतम विधि अवलम्बन गराइनेछ ।
- प्रारम्भिक कक्षाहरूमा कक्षा शिक्षणलाई प्राथमिकता दिइनेछ ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याइनेछ ।
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गरीनेछ
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन शिक्षाका कार्यक्रम लाई कृषि विकास सँग जोडी एकिकृत रुपमा सञ्चालन गरी दिवा खाजा सुनिश्चित गरीनेछ ।
- विद्यालयमा घुम्ति सेवा मार्फत शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरीनेछ ।
- विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरीनेछ ।
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरीनेछ ।
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरीने छ ।
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गरीनेछ ।
- अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गरीनेछ ।

- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरीनेछ ।
- शिक्षक सहभागिता, क्षमता विकास तथा उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- शिक्षक पेसागत विकास, नेतृत्व विकास र शिक्षणमा निपुणता ल्याउन र सक्रियता बृद्धि गर्न शिक्षक तालिमका कार्यक्रम सञ्चालन गरीनेछ।
- सिकाइ सहजिकरणलाई प्रभावकारी बनाउन विद्यालयमा बिज्ञ शिक्षक भेटघाटका कार्यक्रमलाई सञ्चालन गरीनेछ ।
- शिक्षकहरुमा प्रशंसा, दण्ड र सजायको मापदण्ड बनाई कार्यान्वयन गरीनेछ।
- नीजिस्रोत तथा स्थानीय तहबाट व्यवस्थापन हुने शिक्षकहरुको प्रबेश प्रक्रियालाई ब्यवस्थित र पारदर्शि बनाउदै लगिने छ र योग्य सक्षमता भएका शिक्षकहरुको सुनिश्चितता गरीनेछ ।
- शिक्षक तालिमलाई तथा शिक्षक सहयोगलाई विद्यालय तथा कक्षाकोठामै पुर्याउन Post teacher training Support कार्यक्रम तयार गरी कार्यान्वयन गरीनेछ ।
- शैक्षिक प्रगतिको मूल्याङ्कन प्रणालीलाई सुदृढ र ब्यवस्थित बनाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरीनेछ।
- शिक्षकहरुलाई पेसाप्रति जिम्मेवार र प्रतिबद्द बनाउन परामर्श, समन्वय र सहकार्य गरीनेछ।
- विद्यालयको गुणस्तरीय तथा प्रभावकारी वातावरण तयार गर्न प्रअसँग नमूना विद्यालय प्रस्तावनाको अवधारणा प्रयोगमा ल्याइनेछ ।
- शैक्षिक भ्रमण, कार्यमूलक अनुसन्धान, सिकाइ सम्प्रेषण, अन्तरविद्यालय अनुभव आदान प्रदान र प्रतिस्पर्धा कार्यक्रमलाई बढवा दिदै निरन्तरता दिइनेछ।
- नतिजाप्रति जवाफदेहीता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरीनेछ ।
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहीता सुनिश्चित गरीनेछ ।
- जलबायू परिवर्तन, वन तथा बातावरणसँग सम्बन्धित कार्यक्रमहरुलाई विद्यालयसँग जोडीनेछ ।
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गरीनेछ ।

- विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन गरीनेछ ।
- बालविकास कार्यक्रममा जोडीएका जनशक्तिको क्षमता विकास गरीने छ ।
- प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गरीनेछ ।
- बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाइनेछ ।

**उदेश्य ३** राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमलाई ब्यवहारसँग जोड्दै विद्यार्थीहरूमा जीवनोपयोगी र व्यवहारिक ज्ञान, सिप विकास गरी प्रतिस्पर्धी र सिर्जनशिल नागरीक तयार गर्ने सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- स्थानीय तहको योजना, बिद्यामान पाठ्यक्रम, स्थानीय पाठ्यक्रमको र पाठ्य सामग्रीहरुलाई विद्यालय तहसम्म प्रबोधिकरण तथा विस्तार गरी एक रुपता कायम गरीनेछ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरीनेछ ।
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरीने छ ।
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीने छ ।
- पाठ्क्रमबाट निर्देशित विषयवस्तुलाई परियोजना कार्यमा रुपान्तरण गरी जीवनपयोगी र व्यवहारिक ज्ञान सीप हासिल गराउने कार्ययोजना तयार गरी कार्यान्वयन गरीनेछ
- विभन्न भाषा, कला, संस्कृतिको विकास र पुस्तान्तरणका लागि वर्तमान पाठ्यक्रमहरुसँग स्थानीय पाठ्यक्रम जोडी विभन्न निकायहरुसँग समन्वय तथा सहकार्य गरी सञ्चालन गरीनेछ ।
- बालबालिकाहरुमा जीवनउयोगी सीप हासिल गराउन स्तरीय जीवनउपयोगि सीपका कक्षाहरु तथा कार्यशालाहरु सञ्चालन गरीनेछ।
- बालबालिकाहरुमा उनिहरुका दैनिक जीवनका समस्या समाधानका उपायहरु खोजि गरी सिर्जनशिलता अपनाउन मद्दत गरीनेछ।

- विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गरी सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गरीने ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको समिक्षा गर्दै व्यवहारिक सीपका पक्षहरुलाई दैनिक ब्यवहारसँग जोड्न जनशक्ति परिचालन गरीनेछ (शिक्षक, माथिल्लो कक्षाका बिद्यार्थि, समुदाय)
- दैनिक पठनपाठनमा रोल मोडेलको नमूना प्रस्तुत गर्न विद्यालयलाई प्रोत्साहित गरीनेछ ।
- पाठ्क्रमबाट निर्देशित विषयवस्तुलाई परियोजना कार्यमा रुपान्तरण गरी जीवनपयोगी र व्यवहारिक ज्ञान सीप हासिल गर्न जीवनपयोगी र व्यवहारिक सीपका क्रियाकलापहरु कार्यान्वयन गरीनेछ ।
- बालबालिकाहरुमा उनिहरुका दैनिक जीवनका समस्या समाधानका उपायहरु खोजि गरी सिर्जनशिलता अपनाउन अतिरिक्त क्रियाकलापहरको सञ्चालन गरीनेछ ।
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिइ स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्ने र सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गरीनेछ ।
- विद्यालय समायोजन, शिक्षक दरवन्दि मिलानका कार्यहरु क्रमश गरीनेछ ।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरीनेछ ।
- शिक्षकको पेसागत सक्षमता विकास गर्न जोड दिइनेछ ।
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरीनेछ ।
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरीनेछ ।
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गरीनेछ ।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईनेछ ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइनेछ ।

- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरीने छ ।

**उद्देश्य ४ विद्यमान प्रविधि विकासलाई सिकाइसँग जोड्दै प्रविधियूक्त सीप आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने उदेश्यसँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू**

- हरेक विद्यालयहरुको मापनयोग्य सूचकहरु निर्माण गरी नक्साङ्कन गरीनेछ ।
- प्रथमिकता अनुसार क्रमश सबै विद्यालयहरुमा प्रविधिको स्थापनामा जोड दिइ उपयोगिताको सुनिश्चित गरीनेछ ।
- प्रविधि विकासका लागि विभन्न निकायसँगको साझेदारी बढाउइनेछ।
- गुणस्तरीय सिकाइका लागि प्रविधिमैत्री शिक्षक तालिम तथा सरोकारवालाहरुको क्षमता बृद्धिमा जोड दिइनेछ ।
- स्थानीय पाठ्यक्रममा नैतिक कर्तब्य पालना शिक्षाका विषय समावेश गरी कार्यान्वयन गरीनेछ ।
- हरेक नागरीकलाई अधिकारसँग जिम्मेवारी र कर्तब्यको सम्बन्ध गराउने कार्यक्रम सञ्चालन गरीने छ ।
- परियोजना कार्य तथा सामुहिक कार्यको प्रवर्द्धन गरी सामाजिक भाव र कर्तब्यपालनालाई ब्यवहारिकिकरण गर्न अभ्यास गरीनेछ ।
- निरन्तर सिकाइको अवसरका लागि प्रविधिसँग जोडी आजिवन सिकाइको अवधारणा आवलम्बन गरीनेछ।
- विद्यालय भौतिक पूर्वाधार विकासमा प्रविधिको समाजस्यतालाई सम्बोधन गरी विकास गरीनेछ।
- विद्यालय तथा व्यवसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्ने कार्यक्रम तयार गरीनेछ ।
- सम्भावित बिपद्को अवस्था समेतलाई आंकलन गरी आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि प्रविधिको प्रयोग सुनिश्चितता गरीनेछ।
- शैक्षिक व्यवस्थापन तथा सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग आवश्यक परामर्श र समन्वय गरीनेछ ।

- ई-लर्निङ, ई-लाइब्रेरी, र अनलाइन स्रोतहरूको प्रयोग गरेर सिकाइलाई प्रविधिमैत्री बनाइने छ।
- आवश्यकता र पूर्वाधार विकास सँगसँगै प्रविधि विकासमा जोड दिइनेछ ।
- उपलब्ध स्रोत तथा साधनको आंकलन गरी आवश्यकताको प्राथमिकताका आधारमा एक शिक्षक एक कम्प्यूटरको अवधारणालाई क्रमश पुरा गर्दै लगिनेछ ।
- कक्षाकोठालाई प्रविधिमैत्री बनाउन हरेक विद्यालयका सुधार योजनामा समावेश गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलापको योजना बनाई सबै परिस्थितिमा शिक्षा निरन्तरताका लागि कार्य गरीनेछ ।
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाइनेछ ।
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गरीनेछ ।
- सक्षम र उत्प्रेरित प्रधानाध्यापक व्यवस्थापनका लागि योजना गरीनेछ ।
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरीनेछ ।

**उदेश्य ५ स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने उदेश्यसँग सम्बन्धीत रणनीतिका कार्यनीतिहरू**

- शैक्षिक गतिबिधिहरुमा सार्वजनिक, नीजि र क्षेत्रसँगको सहकार्य र साझेदारीका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- शिक्षा सार्वजनिक चासो र दायित्व भन्ने बोध गराउन जनचेतनाका कार्यक्रम सञ्चालन गरीनेछ ।
- विद्यालयलाई स्वास्थ्य तथा पोषणका कार्यक्रमहरुसँग जोडेर कार्यान्वयन गरीनेछ।
- विद्यालयमा समुदायको संलग्नता अभिबृद्धि गर्न बालक्लवमार्फत कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- बिस्तृत र मापनयोग्य अनुगमनका सूचकहरुमार्फत विद्यालयको अनुगमन गर्ने र सुधारको रणनीति आवलम्बन गरीनेछ ।

- अभिभावक र शिक्षकबिच सम्बन्ध बिस्तार गर्न समन्वयात्मक कार्यक्रम सञ्चालन नियमित विद्यालय भेला, सामाजिक परिक्षणका कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

## उदेश्य ६ विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिनका लागि आधार तयार गर्ने उदेश्यसँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि अनलाई तथा अफलाईन प्लेटफर्मको निर्माण गरीनेछ ।
- आपतकालित अवस्थामा निरन्तर शिक्षाका लागि योजना तयार गरी कार्यान्वयनका लागि तयार गरीनेछ ।
- आपतकालिन अवस्थामा प्रदान गरीने तहगत शिक्षाको संरचना र तरिका निर्माण गरीनेछ ।
- बिपद् तथा आपतकालिन अवस्थामा अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गरीनेछ ।
- आपतकालिन अवस्थामा मनोसामाजिक परामर्श सेवाको सुबिधा एकिन गरी कार्यान्वयनका लागि तयार गरीनेछ ।
- विद्यालयहरुमा सुरक्षित स्थान र अवस्थाको सुनिश्चितता गरी सु सुचित गरीनेछ ।
- बिपदको अवस्थामा सम्बद्द निकायसँगको सम्पर्क र समन्वयको संरचनालाई चुस्त राखिनेछ ।
- शिक्षक सहभागिता, क्षमता विकास तथा उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- शिक्षक पेसागत विकास, नेतृत्व विकास र शिक्षणमा निपुणता ल्याउन र सक्रियता बृद्धि गर्न शिक्षक तालिमका कार्यक्रम सञ्चालन गरीनेछ।
- सिकाइ सहजिकरणलाई प्रभावकारी बनाउन विद्यालयमा बिज्ञ शिक्षक भेटघाटका कार्यक्रमलाई सञ्चालन गरीनेछ ।
- शिक्षकहरुमा प्रशंसा, दण्ड र सजायको मापदण्ड बनाई कार्यान्वयन गरीनेछ।
- नीजिस्रोत तथा स्थानीय तहबाट व्यवस्थापन हुने शिक्षकहरुको प्रबेश प्रक्रियालाई व्यवस्थित र पारदर्शि बनाउदै लगिने छ र योग्य सक्षमता भएका शिक्षकहरुको सुनिश्चितता गरीने छ ।

- शिक्षक तालिमलाई तथा शिक्षक सहयोगलाई विद्यालय तथा कक्षाकोठामै पुर्याउन Post teacher training Support कार्यक्रम तयार गरी कार्यान्वयन गरीनेछ ।
- शैक्षिक प्रगतिको मूल्याङ्कन प्रणालीलाई सुदृढ र ब्यवस्थित बनाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरीनेछ।
- शिक्षकहरुलाई पेसाप्रति जिम्मेवार र प्रतिबद्ध बनाउन परामर्श, समन्वय र सहकार्य गरीनेछ।
- विद्यालयको गुणस्तरीय तथा प्रभावकारी वातावरण तयार गर्न प्रअसँग नमूना विद्यालय प्रस्तावनाको अवधारणा प्रयोगमा ल्याइने छ।
- शैक्षिक भ्रमण, कार्यमूलक अनुसन्धान, सिकाइ सम्प्रेषण, अन्तरविद्यालय अनुभव आदान प्रदान र प्रतिस्पर्धा कार्यक्रमलाई बढवा दिदै निरन्तरता दिइनेछ।

## उद्देश्य ७ विद्यालय सुशासनको प्रवर्द्धन गरी प्रभावकारी र स्थानीय सन्दर्भमा आधारित गुणस्तरीय शैक्षिक वातावरण तयार गर्ने उदेश्यसँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू

- विद्यालय संरचनाहरु (भौतिक र संस्थागत) लाई बालमैत्री र अपाङ्गमैत्री तथा सबैको पहुँच सुनिश्चित हुने तवरले निर्माण गर्न सहजिकरण गरीनेछ ।
- पूर्वाधार विकास गर्दा बालमैत्री खानेपानी, छात्रछात्रामैत्री र अपाङ्गमैत्री शौचालय निर्माण गरीनेछ।
- आवश्यकताका आधारमा कक्षाकोठालाई ब्यवस्थित गर्दै अपाङ्गमैत्री र बालमैत्री बनाउदै लगिनेछ ।
- विद्यालयका भवन, कक्षाकोठा र परिसरलाई बिपद्, मानसिक, शारिरीक रुपले सुरक्षित भए नभएको सुनिश्चित गरीनेछ।
- बिपद तथा आपतकालिन अवस्थामा समेत शिक्षालाई निरन्तरता दिन सक्ने योजना तथा आधार तयार गरीनेछ ।
- स्थानीय तहको शिक्षा क्षेत्र योजनाको कार्यान्वयन गरीनेछ।
- पाठ्यक्रमले निर्धारण गरेको ज्ञानलाई सीपसँग र सीपलाई उत्पादन तथा जीवनसँग जोड्ने कार्यक्रमहरुको तय गरीनेछ।
- हरेक विद्यालयको विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन भए नभएको सुनिश्चित गरीनेछ।

- आवश्यकता अनुसारको नीति तथा जनशक्ति व्यवस्थापन गरीनेछ ।
- संस्थागत तथा मानव जनशक्तिको क्षमता विकासमा जोड दिइनेछ।
- तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउन सहकार्य समन्वय र साझेदारीलाई विकास गरीने छ ।
- समुदाय जागरण तथा विद्यालयमा सहभागिताका कार्यक्रम सञ्चालन गरीने छ । तहगत मूल्याङ्कन प्रणाली (निरन्तर मूल्याङ्कन प्रणाली आन्तरिक र बाह्य परीक्षा) लाई प्रविधिमैत्री बनाइ प्रभावकारी र ब्यवस्थित गर्दै लगिनेछ ।
- मूल्याङ्कनका सूचकहरुलाई ब्यवस्थित गरी कार्यान्वयन गर्ने प्राप्त उपलब्धिको समिक्षा गरी कमिकमजोरी, समस्या, चुनौतीहरु र अवसरको लेखाजोखा गरी योजना मार्फत कार्यान्वयन गरीनेछ ।
- मापदण्डमा आधारित मूल्याङ्कन पद्दतिको विकास गरी कार्यान्वयन गरीनेछ ।
- शैक्षिक बिज्ञ, विद्यालयमा बिज्ञ परामर्श सेवा लागु गरी सिकाइ सहजिकरणलाई प्रभावकारी बनाइनेछ ।
- वडा/टोल शिक्षा समिति गठन गरी शिक्षामा निगरानी बढाइनेछ ।
- शैक्षिक तथ्याङ्कलाई ब्यवस्थित र एकरुपतामा लगिनेछ ।
- शैक्षिक सुधार र गुणस्तरीय नतिजा प्राप्तिका लागि शैक्षिक सरोकारवालाहरुसँग नियमित सहकार्य, समन्वय र साझेदारी गरीनेछ ।
- पालिका मार्फत समुदायमा सञ्चालन हुने सेवाहरुसँग शिक्षा क्षेत्रका मुद्दाहरु समावेश गरी प्रवाह गरीनेछ ।
- विद्यालयमा बिद्यार्थि बाध्यताले होइन रहरले जाने वातावरण तयार गर्दै लगिनेछ ।
- हरेक वर्ष वार्षिक रुपमा सुरक्षित विद्यालय र नमुना विद्यालयका सूचकहरुको समिक्षा र कार्यान्वयन गरीनेछ ।

## २.६ मुख्य उपलब्धिहरु

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित भएको हुनेछ ।

- मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन भएको हुनेछ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिवृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरीक तयार भएको हुनेछ ।
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित भएको हुनेछ ।
- सबै निरक्षरहरू पूर्ण साक्षर भई नागरीकको जीवनस्तरमा सुधार भएको हुने छ ।
- उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यवसायिक तथा पेसागत क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार आएको हुनेछ ।
- शिक्षामा सबै वर्ग, क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरू सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनेका हुनेछन् ।
- उपलब्धिमा सुधार गर्नका लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको हुनेछ ।
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुगेको हुनेछ ।
- सबै विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रबर्द्धन भएको हुनेछ ।

- स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन भएको हुनेछ ।

## २.७ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य निर्धारण

**तालिका नं. १, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | ९८.४ | ९८.८ | ९९ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७४.६ | ७८.७ | ८३.१ | ८५.४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३.० | ८५.० | ९५.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ५७.४ | ६१.३ | ६५.५ | ६७.७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९.० | १०० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १४०.८ | १३०.८ | १२१.५ | ११७.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.४ | ९५.६ | ९७.५ | ९८. | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | १३३ | १२४.६ | ११६.८ | ११३ | | |
| | | प्रदेश | ११८.५ | | | | | |
| | | राष्ट्रिय | ११८.० | ११५.० | | | वि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुलप्रवेश दर* (%) | स्थानीय | ११३ | ११० | १०७ | १०५ | | |
| | | प्रदेश | | | | | | |

| क्र.स. | सूचक | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ५८.४० | ५९.८९ | ६२.९७ | ६६.२१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ५०.१० | ५१.६१ | ५४.७६ | ५६.४० | | |
| | | प्रदेश | ८२.९ | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २७.६८ | २५.२ | २२.८ | २९.४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९६ | ०.९८ | ०.९८ | ०.९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ८७ | ८७.६ | ९०.७ | ९२.३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९.० | | १०० | पन्ध्रौँ योजना वि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १२८.६ | १२४.० | ११७.५ | १११.३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ५५.८ | ५७.२ | ६०.१ | ६३.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१४ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९८ | ०.९९ | १.० | १.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो. | फ्ल्यास रिपोर्ट |
| २.१५ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) — नेपाली भाषा | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | गणित | स्थानीय | | | | | | |

| क्र.स. | सूचक | | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या (%) | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१६ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | शै.गु.प.के. | शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ४७.० | ५३.१ | ६०.२ | ७०.८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५.० | | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना | पन्ध्रौँ योजनाले वि.सं.२१०० (९५.० %) मा पुऱ्याउने लक्ष |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | | स्थानीय | १०२.३ | १०२.३ | १०२.३ | १०२.३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९.० | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र दि.वि.ल. (रा.समीक्षा) |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.३६ | १.३६ | १.१८ | १.१४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०२ | १.० | १.० | १.० | पन्ध्रौँ योजना वि.क्षे.वि.यो. दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | कक्षा १० का विद्यार्थी सिकाइ | | नेपाली भाषा | स्थानीय | | | | | |

| क्र.स. | सूचक | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | उपलब्धि* (अङ्कमा) | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| **४.** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८२.०** | **८९.०** | **९५.०** | **१००** | **दि.वि.ल. ४ (ने.रा.का.)** | **दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना** |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **०.८०** | **दि.वि.ल. (रा.समीक्षा)** | **दि.वि.ल. (रा.समीक्षा)** |
| **५.** | **शिक्षामा लगानी** | | | | | | | |
| ५.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ४६.३३ | ४६.६८ | ४६.९२ | ४७.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | **दि.वि.ल. ४ (ने.रा.का.)** | **शैक्षिक सूचना** |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | **पन्ध्रौं योजना** | **शैक्षिक सूचना** |

# परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास शिक्षा

### ३.१.१ परिचय

बालवालिकाहरुको सामाजिक परिबेश अनुसार विविध शैक्षणिक क्रियाकलापहरुको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सिकाइ क्रियाकलापहरुको सञ्चालन गर्नु प्रारम्भिक बालविकासको उदेश्य हो। अर्थात बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालविकासको महत्वपूर्ण भूमिका छ । प्रारम्भिक बालविकास मार्फत बालबालिकाहरुको सर्वाङ्गिन विकासको आधार तयार गरी विद्यालय प्रबेशका लागि तत्पर बनाउन सकिन्छ।नेपाल सरकारले प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षा मार्फत आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिबद्ध रहदै बालविकास केन्द्र स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रूपमा लिएको अवस्था छ भने । नेपालको 'अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धि ऐन २०७५' ले ४ वर्ष उमेर समूहका हरेक बालबालिकाहरुका लागि एक बर्षे प्रारम्भिक बालविकासको कार्यक्रम सञ्चालन गरीने ब्यवस्था समेत गरेको छ । प्रारम्भिक बालविकास सम्बन्धी भएका विभन्न अध्ययनहरुले यसको अनुभव पाएका बालबालिकाहरू विद्यालयको वातावरणमा छिटो तथा बढी घुलमिल हुन सक्छन भन्ने कुरा प्रमाणित गरेका छन् । तसर्थ प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्यका साथ यस उपक्षेत्रको योजना गर्न आवश्यक छ ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरीएको छ र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक र सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको

लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई पहुँचयोग्य, सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ ।

विद्यालय क्षेत्र विकास योजना (२०१६-०२२) ले विद्यालय प्रवेशको तयारीका लागि प्रारम्भिक बाल शिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको थियो भने विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३१) ले सिमान्तकृत, भौगोलिक बिकटता भएका क्षेत्रका र अपाङ्गता भएका बालबालिकाहरुलाई बालविकास केन्द्रको मापदण्ड पुरा गरी बालविकास शिक्षाका शिक्षकहरुको पारिश्रमिक, बृत्ति विकास र क्षमतामा समेत सुधार गरी बालविकास केन्द्रमा पहुँच बृद्धि गर्ने लक्ष्य समेत लिएको छ ।

यसै कुरालाई मध्यनजर गरेर यस सिस्ने गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरीएको छ ।

## ३.१.२ वर्तमान अवस्था

| | |
|---|---|
| जम्मा बालविकास केन्द्र: | ४२ |
| सामुदायिक बालबिकास केन्द्र: | ३९ |
| संस्थागत बालविकास केन्द्र: | ३ |
| जम्मा बिद्यार्थि सङ्ख्या: | १०१३ |
| बालिका सङ्ख्या: | ४५१ |
| बालक सङ्ख्या: | ५६२ |
| बालविकासको कुल भर्ना दर: | ८४.८ |
| बालविकासको खुद भर्ना दर: | ७२.२ |
| कक्षा १ मा बाल विकासको अनुभव गरेका बिद्यार्थि: | ९५.३ |
| शिक्षक बिद्यार्थि अनुपात | १:१७ |

स्रोत: *CEHRD Flash Report/EMIS Report*

हाल सिस्ने गाउँपालिकामा ३९ वटा सामुदायिक विद्यालयहरू र ३ वटा संस्थागत गरी ४२ वटा विद्यालयमा बालविकास कक्षा सञ्चालनमा रहेका छन् । जम्मा ४३ वटा विद्यालयहरु मध्ये १ वटा सामुदायिक विद्यालयमा बालविकास कक्षा सञ्चालन भएको छैन । यस सिस्ने गाउँपालिकामको बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर जम्मा ९५.३ प्रतिशत रहेको छ । सामुदायिक तथा संस्थागत ४२ वटा बालविकास केन्द्रमा शैक्षिक वर्ष २०८१ मा १०२३ बालबालिका (बालिका ४५२ बालक ५६२) भर्ना भएका छन् । जसमध्ये सामुदायिक विद्यालयमा ६३५ बालबालिका (बालिका २९३ बालक ३४२) र संस्थागत विद्यालयमा ३७८ बालबालिका (बालिका १५८ बालक २२०) भर्ना भएका छन् । यस पालिका अन्तर्गतका ३९ वटा सामुदायिक बालविकास केन्द्रहरुमा २४ जना सङ्घीय अनुदानका शिक्षक र १५ जना पालिकाको अनुदानका शिक्षकहरु कार्यरत छन । सिस्ने गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा कार्यरत बालविकास सहजकर्ताहरूको न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. र अधिकतम स्नातक तह सम्म रहेको छ ।

शैक्षिक तथ्याङ्क अनुसार यस गाउँपालिकाको बालविकासको कुल भर्ना दर ८४.८ प्रतिशत रहेको देखिन्छ भने खुद भर्ना दर ७२.२ प्रतिशत रहेको देखिन्छ । यसैगरी कक्षा १ मा भर्ना हुदा बालविकासको अनुभव सहित भर्ना हुने सङ्ख्या ९५.३ प्रतिशत रहेको देखिन्छ ।एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली अनुसार शैक्षिक वर्ष २०८० मा भर्ना भएका बालविकासक बिद्यार्थिहरु मध्ये २४.८३ प्रतिशत बालबालिकाहरुले कक्षा दोहोर्याएको देखिन्छ ।

हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूमा न्यूनतम मापदण्ड पुगेको देखिदैन ।यस गाउँपालिकामा बालविकासको न्यूनतम मापदण्डका कार्यहरू गर्नुपर्ने आवश्यकता देखिन्छ । बालबालिकाको घरबाट बालविकास केन्द्रको पैदल दुरि १० देखि १५ मिनेटको हुनुपर्ने मापदण्ड भएतापनि यस क्षेत्रका सबै बालविकास केन्द्रमा १० देखि १५ मिनेटको दुरीको पहुँचमा नभएको अवस्था रहेको छ । यसरी तथ्याङ्कलाई हेर्दा बालविकासमा सबै बालबालिकाहरुको पहुँच नपुगेकोले पहुँच बृद्धिमा समेत ध्यान दिनुपर्ने अवस्था देखिन्छ । सबैको बालविकासमा पहुँचको सुन्धिताका लागि भूगोल, जनसङ्ख्या, बस्ती आवश्यकता आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा

बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम् नयाँ स्थापना गर्नुपर्ने आवश्यकता हुन्छ भने सञ्चालनमा रहेका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ सिस्ने गाउँपालिकाले पनिगाउँपालिकाले गाउँपालिकाभित्र रहेका बालविकास केन्द्र उमेर समूहका बालबालिकाको जनसङ्ख्याको आधारमा बालविकास केन्द्रको स्थापना, गर्ने लक्ष्य लिनु पर्छ ।

### ३.१.३ लक्ष्य

कक्षा १ मा समावेश हुने सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकासको उमेर अनुसार अवसर सुनिश्चित गर्ने ।

### ३.१.४ उदेश्यहरु

- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बृद्धि गर्ने ।
- प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या शतप्रतिशत पुर्याउने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।
- प्रारम्भिक बालविकास तथा शिक्षालाई भौतिक पूर्वाधारको सबलीकरण गरी बालमैत्री बनाउने ।

### ३.१.५ रणनीतिहरु

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
- पहुँच नपुगेको समुदाय तथा बालविकासको सेवा सुनिश्चित गरी कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने ।
- गुणस्तरीय प्रारम्भिक बालविकासको सेवाका लागि बालबिकासमा प्रविधि र सामग्री व्यवस्थापन गरी प्रयोग सुनिश्चित गर्ने ।

- प्रारम्भिक बालविकासको स्तरीय पाठ्क्रमलाई प्रबोधिकरण, स्थानियकरण तथा अनुकुलन गरी कार्यान्वयन गर्ने ।
- साझेदारी, सहकार्य र समुदाय परिचालन मार्फत लागत सहभागितामा अभिवृद्धि गर्ने ।
- कार्यक्रमको प्रभावकारिता वृद्धि र सुधारका लागि परिवार, समुदाय, गैर सरकारी सङ्संस्था, निजी क्षेत्र र विद्यालयहरूसँग साझेदारी र सहकार्य गर्ने ।
- प्रारम्भिक बालविकासमा कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने ।
- पालिकाको आवश्यकता अनुसार गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण, सहजीकरण र शैक्षणिक सहयोगका लागि संयन्त्र स्थापित गरी परिचालन गर्ने ।
- पाठ्यक्रम र मापदण्डलाई समयानुकुल स्थानीयकरणका लागि सुझावहरु संकलन तथा पेस गर्ने ।
- अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम तयार गर्ने साथै विद्यालयमा केन्द्रमा सहभागि हुन नसक्ने अवस्थामा बैकल्पिक उपायको खोजी गरी कार्यान्वयन गर्ने ।
- प्रारम्भिक बालविकास र शिक्षाका लागि बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधार तयार गर्ने ।

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्यामा बृद्धि भएको हुनेछ ।

प्रमुख नतिजाः

- सिस्ने गाउँपालिका भित्रका प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच भएको हुने ।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर सुनश्चित हुने ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षकहरुको व्यवस्थापन हुने ।
- सबै बालविकास तथा शिक्षाका केन्द्रहरुमा न्यूनतम मापदण्ड पुरा भइ कार्यान्वयन भएको हुने ।
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकुलन भएको हुने ।
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था र विद्यालयहरूसँग साझेदारी र सहकार्य स्थापित भएको हुने ।

### ३.१.६ सिस्ने गाउँपालिकाको बालविकास तथा शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाको कुल भर्ना दर | ९८.४ | ९८.६ | ९८.८ | ९९.० | ९९.२ | ९९.४ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको खुद भर्ना दर | ७८.४ | ८०.३ | ८२.२ | ८४.२ | ८६.२ | ८८.३ |
| ३ | प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश सङ्ख्या | ७४.६ | ७६.६ | ७८.७ | ८०.९ | ८३.१ | ८५.४ |
| ४ | सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षकहरुको व्यवस्थापन | १२.० | १५.६ | २०.३ | २६.४ | ३४.३ | ४४.६ |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाका केन्द्रहरुको न्यूनतम मापदण्ड पुरा भइ सञ्चालन | १.० | १.५ | २.१ | ३.१ | ४.६ | ६.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका सङ्ख्या | | | | | | |
| ६ | सबै बालविकास तथा शिक्षाका केन्द्रहरुलाई सिकाइ सामग्री, खेल सामग्रीहरुले सुसज्जित बनाई रमाईलो वातावरण भएका बालविकास | १.० | १.६ | २.४ | ३.७ | ५.८ | ८.९ |
| ७ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा बहुक्षेत्रगत लगानी, साझेदारी र सहकार्यमा बृद्धि गर्ने | १.० | १.० | १.० | १.० | १.० | १ |
| ८ | नमूना वालविकास तथा शिक्षाको अवधारणालाई लागु गर्ने | ०.० | १.० | १.० | १.० | १.० | १.० |

## ३.१.७ सिस्ने गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य निर्धारण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | प्रति इकाइ लागत | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | ० | १५० | १५० | २५० | २५० | ५० | ० | ३ | ३ | ५ | ५ | FG+PG+LG +Other |
| बालविकासमा WASH का सुबिधा सुनिश्चित गरी न्यूनतम मापदण्ड कार्यान्वयन गर्ने | ६०० | ६०० | १००० | १००० | १००० | २०० | ३ | ३ | ५ | ५ | ५ | FG+PG+LG +Other |
| बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम | १८४१४ | १८६८४ | १९१७० | १९६८३ | २०२२३ | २७ | ६८२ | ६९२ | ७१० | ७२९ | ७४९ | FG+LG |
| बालबालिकाहरुकव सर्वाङ्गिन विकासका लागि पूर्व बाल्याबस्था र सिकाइ कार्यान्वयन (Implementation of the early childhood and learning standards for facilitating holistic development and learning of children) | ० | १०० | १०० | १०० | १०० | १०० | ० | १ | १ | १ | १ | FG+PG+LG +Other |
| कार्य सम्पादनमा आधारित बालविकास शिक्षक अनुदान Performance grant to ECED centers and teachers (based on imporvement against set standards) | ७५० | ९०० | ११७० | ११७० | ११७० | १५० | ५ | ६ | ८ | ८ | ८ | FG |
| विभन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | ० | ५० | ५०.० | ५०.० | ५०.० | ५० | ० | १ | १ | १ | १ | FG+PG+LG +Other |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | ० | २३४.०० | २३४.०० | २३४.०० | २३४.०० | ६ | ० | ३९ | ३९ | ३९ | ३९ | FG+PG +Other |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | ९,६७२.० | ९,६७२.० | ९,६७२.० | ९,६७२.० | ९,६७२.० | २४८ | ३९ | ३९ | ३९ | ३९ | ३९ | FG+LG |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | ३९० | ३९० | ३९० | ३९० | ३९० | १० | ३९ | ३९ | ३९ | ३९ | ३९ | FG+LG |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता | ९,६७२ | ९,६७२ | ९,६७२ | ९,६७२ | ९,६७२ | २४८ | ३९ | ३९ | ३९ | ३९ | ३९ | FG+LG |
| ECED कक्षाहरूका सामग्री र सिकाइ कुनाका लागि बजेट अनुदान | ४६८ | ४६८ | ४६८ | ४६८ | ४६८ | १२ | ३९ | ३९ | ३९ | ३९ | ३९ | FG+LG +Other |
| ECED कक्षाहरूका सिकाइ सामग्री र बिद्धुतीय सिकाइ सामग्रीका लागि बजेट अनुदान | ६८२ | ६९२ | ७१० | ७२९ | ७४९ | १ | ६८२ | ६९२ | ७१० | ७२९ | ७४९ | FG+LG +Other |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | ५३४ | ५४२ | ५५६ | ५७१ | ५८७ | २ | २६७ | २७१ | २७८ | २८६ | २९३ | FG+LG +Other |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| बालविकासमा सहभागी बालवालिकाहरुका अभिभावका लागि अभिभावक शिक्षा कार्यक्रम | - | १२० | १२० | १२० | १५० | १५ | ० | ८ | ८ | ८ | १० | LG+Other |
| उत्कृत्ष्ट बालविकास तथा नमूना वालविकास स्थापना गर्ने शिक्षक तथा वालविकासको प्रोत्साहन कार्यक्रम | - | ४० | ४० | ६० | ६० | २० | ० | २ | २ | ३ | ३ | FG+LG +Other |
| बालविकास केन्द्रहरुमा फर्निचर बसाइ व्यवस्थापन तथा सिकाइ सामग्रीहरुको व्यवस्थापन गर्ने | - | १५० | १५० | २४० | २४० | ३० | ० | ५ | ५ | ८ | ८ | FG+LG +Other |
| **जम्मा बजेट (लाखमा)** | **४१.१८२** | **४२.४६४** | **४३.६५२** | **४४.४०९** | **४५.०१५** | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत तह विद्यालय शिक्षाको जग हो । आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ वर्षका बालबालिकाहरूलाई समेट्छ । यसर्थ विद्यालय शिक्षाको सुरुवात र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरीन्छ । नेपालको संविधानले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निशुःल्क हुने ब्यवस्था समेत गरेको छ । अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरीकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ । प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षालाई उल्लेख गरेको छ । यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र अनुकुल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ ।

### ३.२.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिकाको शिक्षाको वर्तमान अवस्थालाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

| | |
|---|---|
| जम्मा आधारभूत तह कक्षा १-५ संचालित विद्यालय | ४२ |
| आधारभूत तह कक्षा १-३ संचालित सामुदायिक विद्यालय | ५ |
| आधारभूत तह कक्षा १-३ संचालित संस्थागत विद्यालय | १ |
| आधारभूत तह कक्षा १-५ संचालित सामुदायिक विद्यालयः | ३८ |
| आधारभूत तह कक्षा १-५ संचालित संस्थागत विद्यालयः | ३ |
| आधारभूत तह कक्षा १-८ संचालित जम्मा विद्यालय | ३६ |
| आधारभूत तह कक्षा १-८ संचालित सामुदायिक विद्यालय | ३४ |
| आधारभूत तह कक्षा १-८ संचालित संस्थागत विद्यालय | २ |
| आधारभूत तह कक्षा १-५ को कुल भर्ना दर | १४५.२ |

| | |
|---|---|
| आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | ९५.८ |
| आधारभूत तह कक्षा १-८ को कुल भर्ना दर | १३७.७ |
| आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर | ९४.२ |
| कक्षा १ को कुल भर्ना दर: | १३३.० |
| कक्षा १ को खुद भर्ना दर: | ९५.४ |
| कक्षा ८ को टिकाउ दर | ५५.८ |
| कक्षा १-५ को कक्षाउत्तिर्ण दर | ६४.२ |
| कक्षा १-८ को कक्षा उत्तर्ण दर | ७२.४ |
| कक्षा १-५ को शिक्षक बिद्यार्थि अनुपात | १:१६ |
| कक्षा ६-८ को शिक्षक बिद्यार्थि अनुपात | १:४७ |
| कक्षा १-८ मा कक्षा छोड्ने दर | ११.२ |
| कक्षा १-८ मा कक्षा दोहोऱ्याउने दर | ७.८३ |

स्रोत: *CEHRD Flash Report/EMIS Report/LGSESP data toolkit*

आधारभूत तहको शिक्षाले हरेक बालबालिकाको सर्वाङ्गीण विकास तथा गुणस्तरीय जीवनयापन र सामाजिक ब्यवहारहरुको समायोजनमा सहयोग गर्दछ । विद्यालय शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिइन्छ । आधारभूत तहको शिक्षाको अवसरमा पहुँच बृद्धि गर्न नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३१ मा आधारभुत शिक्षा अनिवार्य र निःशुल्क हुने भन्ने व्यवस्था गरीएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीन वटै तहका सरकारहरूको हुने व्यवस्था गरेको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरीकको कर्तव्य हुने भनि उल्लेख गरीएको छ ।

सिस्ने गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि कक्षा १–३ सञ्चालन भएका ६ वटा, कक्षा १–५ सञ्चालन भएका ४२ वटा र कक्षा १–८ सञ्चालन भएका ३६ वटा विद्यालयहरू छन् । त्यसैगरी, कक्षा १–१० सञ्चालन भएका १० वटा र कक्षा

१–१२ सञ्चालन भएका ४ वटा गरी जम्मा ४३ वटा छन् । संस्थागततर्फ ३ वटा विद्यालय सञ्चालनमा रहेको अवस्था छ ।

### ३.२.३ लक्ष्य

सिस्ने गाउँपालिका भित्रका सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु
- प्रारम्भिक तह कक्षाका बालबालिकाहरूको शैक्षिक गुणस्तरमा सुधार गर्ने ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने ।
- आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गरी क्रमश सुधार गर्दै लैजाने ।
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपांगमैत्री समावेशी र सुरक्षित बनाउने
- विद्यालय शिक्षाको शुसासन तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्ने ।
- विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउने ।
- सिकाइ क्रियाकलापलाई दैनिक जीवनसँग जोड्ने वातावरण तयार र कर्तब्यपालना जिम्मेवारी बोधयुक्त नागरीकको आधार तय गर्ने ।
- शिक्षाका अन्तर्सम्बन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

## प्रमुख समस्या र चुनौतीहरु

- यस पालिकाको वर्तमान तथ्याङ्कले आधारभूत तह उमेर समुहका बालिबालिकाहरुको विद्यालयमा शतप्रतिशत पहुँच नपुगेको देखाउँछ । यस क्षेत्रको भौगोलिक बिकटता, समुदायको पृष्ठभूमि, अपाङ्गता भएका बालबालिकाहरु

अनुकुलकका पूर्वाधार, सामाजिक चेतना लगायतका समस्याका कारण खु भर्ना दरमा सुधार गर्नु ।

- युवाहरुको बैदेशिक रोजगारी र उनिहरुका परिवारको बसाईसराईको प्रभाव र वर्तमान शैक्षिक बेरोजगारीको प्रभावले पढाइप्रतिको बितृष्णा हल नहुनु ।
- स्थानीय सरकारका सिमित स्रोत साधनले सबै विद्यालयमा सुविधा पुर्याउन नसक्नु ।

## ३.२.५ रणनीतिहरू

- आधारभूत तहका विद्यालयलयहरुको नक्साङ्कन गरी आवश्यकताका आधारमा पुनर्वितरण तथा समायोजन गर्ने ।
- हरेक विद्यालयका सेवाक्षेत्रको नक्साङ्कन, बालबालिकाहरुको अवस्था पहिचान तथा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा सम्बन्धि ऐन २०७५ को कार्यान्वयनका लागि पालिकाभित्र एकरुपता हुनेगरी शिक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कानुनी आधार तयार गरी लागु गर्ने ।
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ।
- आधारभूत तहको शिक्षा व्यवस्थापन तथा सुधारका लागि समुदाय परिचालन र सहकार्य, नीजि तथा सार्वजनिक संघसंस्थासँगको साझेदारीलाई बढाउने ।
- शिक्षा समुदायको दायित्व बोध गराउनका लागि समुदाय स्तरमा जागरणका कार्यक्रम सञ्चालन गर्ने साथै पालिकाबाट सञ्चालन हुने कार्यक्रमसँग शिक्षाको विषय एकिकृत गरी प्रवाह गर्ने ।
- आवश्यकता र प्राथमिकताका आधारमा विद्यालय समायोजन, शिक्षक दरबन्दि मिलान, शिक्षक सरुवाका काम गर्ने ।
- प्रारम्भिक कक्षा सिकाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने ।

- वर्तमान सिकाइ उपलब्धिको बैधता जाँचका लागि पालिका मार्फत स्तरीय परीक्षाको तय गर्ने र न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।
- शिक्षक र प्रधानाध्यापकको स्थानीय तहप्रति जिम्मेवार र जवाफदेहि बनाउन साथै विद्यालयको समग्र प्रणालीमा सुधार गर्न शैक्षिक सुधार योजना माग तथा कार्यसम्पादन करार गरी कार्य गर्ने ।
- विद्यालयहरूमा बालमैत्री अपाङ्गमैत्री, खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरी विद्यालयहरूमा न्यूनतम सक्षमता हासिल गराउने ।
- शिक्षण सिकाइका लागि शिक्षकलाई शैक्षणिक सहयोगको सहजिकरण गर्ने साथै नवीनतम शिक्षण विधि कक्षाकोठामा पुर्याउने ।
- शैक्षिक प्रभावकारीताका लागि आवश्यकता र मापदण्ड अनुसार शिक्षक क्षमताविकास, प्रोत्साहन पुरस्कार र दण्डका कार्यक्रम सञ्चालन गर्ने
- मूल्याङ्कन प्रणालीलाई सुदृढ गरी शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा कार्यान्वयनमा ल्याउने ।
- बिपन्न, अपाङ्ग र पिछडियका बालबालिकाहरु पहिचालन गरी आवश्यकतामा आधारित सहयोग सहयोग उपलब्ध गराईउने ।
- कमजोर सिकाइ स्तरलाई स्तरबृद्धिगर्न उपचारात्मक कक्षा, अतिरिक्त कक्षाको प्रवन्ध मिलाउने ।
- निरन्तर मूल्याङ्कन प्रणाली, आन्तरिक र बाह्य मूल्याङकन प्रणालीलाई प्रभावकारी र बस्तुनिष्ठ बनाउने साथै मूल्याङ्कनसँग सम्बन्धित क्षेत्रको क्षमता विकास गर्ने ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन समुदाय, सहकारी, स्थानीय तथा बाह्य कृषि ब्यवसायिसँग सहकार्य गर्ने र स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई व्यवस्थित गर्ने ।
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श र नियमित स्वास्थ्य जाँच सेवा सञ्चालन गर्ने।

- आभारभूत तहमा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकताका आधारमा घरमा विद्यालय, सबैका लागि शिक्षा, टोल शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।
- शैक्षिक सिकाइ आदानप्रदानका लागि तहगत/कक्षागत/विषयगत मोबाइल मिटिङ, शैक्षिक भ्रमण, शिक्षकसँग बिज्ञ भेटघाट, शैक्षिक वहस कार्यक्रमहरुको चाजोपाजो मिलाउने ।
- विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।
- प्रविधि विकास र शिक्षण सिकाइलाई ब्यवस्थित गर्दै लैजाने साथै कक्षाकोठामा प्रविधिको पहुँच पुर्याई प्रयोग सुनिश्चित गर्ने ।
- शिक्षक तथा कर्मचारीहरुमा प्रविधिको प्रयोग सम्बन्धि क्षमता विकास गर्ने ।
- नैतिक विषयबस्तु, कर्तब्यपालना, सामाजिकिकरण लगायतका सकारात्मक ब्यवहार अनुकुल बनाउन कक्षाकोठाका हरेक विषयवस्तुमा जोडी शिक्षण सिकाइ गर्ने वातावरण तयार गर्ने ।
- अन्तरसम्बन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- नतिजाप्रति जवाफदेहीता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहीता सुनिश्चित गर्ने ।
- विद्यालय अनुगमनका सूचकहरु तयार गरी ब्यवस्थित अनुगमन पद्दतिको विकास गर्ने ।

### ३.२.६ उपलब्धि:

अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई शैक्षिक गुणस्तरमा सुधार भएको हुने छ।

**नतिजा:**

- आधारभूत तह उमेर समूहका सबै बालबालिकामा आधारभूत शिक्षाको पहुँच पुगेको हुने ।
- पालिका अन्तर्गत सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) प्राप्त गरेको हुने ।
- सबै विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने ।
- आवश्यकताअनुसार योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्थापन हुने ।
- हरेक विद्यालयमा बालमैत्री र समावेशी शैक्षिक वातावरणमा तयार भई शिक्षण सिकाइ भएको हुने ।
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने साथै पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध भएको हुने ।
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने ।
- विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।
- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने ।
- शैक्षिक जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
- विद्यालयमा समुदाय तथा अभिभावकको सहभागितामा अभिबृद्धि भइ विद्यालय सुशासनमा सुधार भएको हुने ।

### ३.२.७ सिस्ने गाउँपालिकाको आधारभूत शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | ९५.४ | ९५.९ | ९६.४ | ९७.० | ९७.५ | ९८.० |
| २ | आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर | ८७.० | ८६.१ | ८७.६ | ८९.१ | ९०.७ | ९२.४ |
| ४ | आधारभूत तह कक्षा ८ को समग्र शैक्षिक उपलब्धि दर | ५४.१ | ५९.४ | ६४.२ | ६८.० | ७०.५ | ७२.४ |
| ५ | न्यूनतम भौतिक पूर्वाधार सुबिधा भएका विद्यालय सङ्ख्या | ४ | ६ | ९ | ११ | १३ | १६ |
| ६ | आधारभूत तहका तालिमप्राप्त शिक्षक सङ्ख्या | ४९.४ | ५०.६ | ५१.९ | ५३.१ | ५४.४ | ५५.८ |
| ७ | विद्यालयमा कम्तिमा अर्धवार्षिक स्वास्थ्य जाँच तथा जुकाको औषधी बितरण गरेका विद्यालय सङ्ख्या | ६ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ८ | शैक्षिक सुधारका लागि उपचारात्मक कक्षा तथा | ० | १२ | १२ | १२ | १२ | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अतिरिक्त कक्षाको व्यवस्थापन गरी कार्यान्वयन गरेका विद्यालय सङ्ख्या | | | | | | |
| ९ | अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चित गरी शत प्रतिशत बिद्यार्थि भर्ना गर्ने विद्यालय सङ्ख्या | १८ | २२ | २५ | २८ | ३२ | ३५ |
| १० | न्यूनतम सिकाइ सबलिकरण मापदण्ड (Minimum Enabling Condition) पुरा गरेका आधारभूत तहका विद्यालय सङ्ख्या | ६ | ९ | १४ | २० | २४ | २८ |
| ११ | प्रविधि विकास गरी प्रविधिमार्फत शिक्षण सिकाइ सहजिकरण गरेका विद्यालय सङ्ख्या | ६ | ९ | १४ | २० | २४ | २८ |
| १२ | पौष्टिक आहार तथा दिवा खाजा व्यवस्थापन गरी कार्यान्वयन गरेका विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |

## ३.२.८ सिस्ने गाउँपालिकाको आधारभूत तह शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (हिमाली भत्ता सहित) | ६९००८.४ | ६९००८.४ | ८०१४५.० | ८०१४५.० | ८०१४५.० | शिक्षक | ५८५ | १३७ | १३७ | १३७ | १३७ | १३७ | FG |
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (हिमाली भत्ता सहित) | १७७७१.५ | १७७७१.५ | १९३४४.० | १९३४४.० | १९३४४.० | शिक्षक | ६२४ | ३१ | ३१ | ३१ | ३१ | ३१ | FG |
| आधारभूत तह ६-८ का लागि थप कम्तिमा ३ वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने | ०.० | ०.० | ११७०.० | १५६०.० | १९५०.० | शिक्षक | ३९० | ० | ० | ३ | ४ | ५ | FG |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक) | ३३०६.० | ३३०६.० | ३३०६.० | ३३०६.० | ३३०६.० | शिक्षक | ११४ | २९ | २९ | २९ | २९ | २९ | FG+LG |
| सामुदायिक आधारभुत तह (कक्षा १-५) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाइ समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ३३००.० | ३३००.० | ३३००.० | ३३००.० | ३३००.० | विद्यालय | १५० | २२ | २२ | २२ | २२ | २२ | FG+PG+LG+Other |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाइ समाग्री, कम्तिमा १ सेट | १४००.० | १४००.० | १४००.० | १४००.० | १४००.० | विद्यालय | २०० | ७ | ७ | ७ | ७ | ७ | FG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | | | | | | | | | | | | | |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | २०८.८ | २०८.८ | २०८.८ | २०८.८ | २०८.८ | विद्यालय | ७.२ | २९ | २९ | २९ | २९ | २९ | FG+LG |
| आधारभूत विद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | १४५०.० | १४५०.० | १४५०.० | १४५०.० | १४५०.० | विद्यालय | ५० | २९ | २९ | २९ | २९ | २९ | FG+PG+Other |
| Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र सञ्चालनका लागि विद्यालयहरुलाई बजेट अनुदान | ०.० | ४२९.० | ४२९.० | ४२९.० | ४२९.० | वटा | ६.५ | | ६६ | ६६ | ६६ | ६६ | FG+LG+Other |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | २२८.० | २२८.० | २२८.० | २२८.० | २२८.० | विद्यालय | ६ | ३८ | ३८ | ३८ | ३८ | ३८ | FG+LG+Other |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | ६४६९.९ | ६१८५.७ | ६०९२.९ | ६०९८.७ | ६०६९.७ | बिद्यार्थि | २.९ | २२३१ | २१३३ | २१०१ | २१०३ | २०९३ | FG+LG |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | ३१९८.८ | २९२८.२ | २६५३.२ | २४०६.८ | २४०६.८ | बिद्यार्थि | २.२ | १४५४ | १३३१ | १२०६ | १०९४ | १०९४ | FG+LG |
| पालिका भित्रका आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र | ५४२१३.३ | ५१८३१.९ | ५१०५४.३ | ५११०२.९ | ५०८५९.९ | | २७ | २००७.९ | १९१९.७ | १८९०.९ | १८९२.७ | १८८४ | FG+LG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सन्चालन अनुदान | | | | | | | | | | | | | |
| आधारभूत तहमा अध्ययनरत बिद्यार्थीमध्ये करिब बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै क्षेत्रका बिध्यार्थीलाई समेत) बापतको बजेट अनुदान | ३६८.० | ३४६.० | ३३०.० | ३२०.० | ३१८.० | बिद्यार्थि | २ | १८४ | १७३ | १६५ | १६० | १५९ | FG+LG+Other |
| आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका विभन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | १९९.५ | १८५.५ | ११२.० | १४०.० | ५६.० | बिद्यार्थि | ५ | ४० | ३७ | २२ | २८ | ११ | FG+LG+Other |
| आवासीय सुबिधा सहितको छात्रवृत्ति बापतको बजेट अनुदान | १६०.० | १५०.० | १३०.० | १२०.० | १२०.० | बिद्यार्थि | १० | १६ | १५ | १३ | १२ | १२ | FG+LG |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | १२७४.० | ११६९.० | १०६०.५ | ९६४.३ | ९६६.० | छात्रा | १.७५ | ७२८ | ६६८ | ६०६ | ५५१ | ५५२ | FG+LG+Otr |
| विद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | ३०००.० | ४५००.० | ७०००.० | १००००.० | १२०००.० | विद्यालय | ५०० | ६ | ९ | १४ | २० | २४ | FG+LG+Other |
| समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | १६.० | २०.५ | २१.० | २१.० | २०.० | बिद्यार्थि | ०.५ | ३२ | ४१ | ४२ | ४२ | ४० | FG |
| शुन्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | १०००.० | १०००.० | २०००.० | २०००.० | ३०००.० | विद्यालय | १००० | १ | १ | २ | २ | ३ | FG+LG |
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | २००.० | २००.० | २००.० | २००.० | २००.० | वडा | २५ | ८ | ८ | ८ | ८ | ८ | FG+PG+LG+Other |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | १५५.७ | १४९.४ | १४२.४ | ११५.१ | १०६.० | बिद्यार्थि | ०.२७५ | ५६६ | ५४३ | ५१८ | ४१९ | ३८५ | FG+LG |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| आधारभूत तहका विद्यालयहरुको नक्साङ्कन, पुनर्बितरण तथा समायोजन गर्ने | ० | १०० | ० | १०० | ० | वटा | १०० | | १ | | १ | | LG |
| विद्यालयहरुमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAl Plan) को कार्यान्वयन गर्ने | ४०० | ४०० | ४०० | ४०० | ४०० | वटा | ४०० | १ | १ | १ | १ | १ | FG+LG +Other |
| सामुदायिक विद्यालयहरुमा स्मार्ट शिक्षा कार्यक्रम सञ्चालन | ० | १०५० | १०५० | १४०० | १७५० | विद्यालय | ३५० | ० | ३ | ३ | ४ | ५ | FG+LG +Other |
| आधारभूत तहका शिक्षकहरुलाई प्रविधि विकास र शिक्षण सिकाइ सम्बन्धी तालिम | ० | ३०० | ३०० | ३०० | ३०० | वटा | ३०० | | १ | १ | १ | १ | LG+Ot her |
| आधारभूत तहको शैक्षिक गुणस्तर परिक्षण कार्यक्रम (कक्षा ३, ५ र ८) | २०० | ० | २०० | ० | २०० | वटा | २०० | १ | ० | १ | ० | १ | LG |
| आधारभूत तहका कक्षाहरुमा आवश्यकता तथा मागमा आधारित बसाई व्यवस्थापन तथा फर्निचर व्यवस्थापन कार्यक्रम | ० | १२०० | १२०० | १२०० | १२०० | विद्यालय | २०० | ० | ६ | ६ | ६ | ६ | LG+Ot her |
| विद्यालयको जोखिम न्यूनिकरण कार्यक्रम (खेलमैदान, विद्यालय घेराबार, रंगरोगन लगायत) | ० | ७५० | ७५० | ७५० | ७५० | विद्यालय | १५० | ० | ५ | ५ | ५ | ५ | FG+LG +Other |
| वडा शिक्षा समिति, बिब्यस तथा शिक्षकहरुलाई आपतकालिन अवस्थामा शिक्षा निरन्तरता तथा विद्यालय सुरक्षा तालिम कार्यक्रम | ० | ६०८ | ० | ६०८ | ० | विद्यालय | १६ | ० | ३८ | ० | ३८ | ० | LG+Ot her |
| पालिकाको शैक्षिक सुधारका लागि हाम्रो विद्यालय हाम्रा बालबालिका भन्ने मक्सद स्थापित गर्न अभिभावक शिक्षा तथा किशोर किशोरी सचेतना | ५०० | ५०० | ५०० | ५०० | ० | वटा | ५०० | १ | १ | १ | १ | | LG+Ot her |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | | | | | | | | | |
| प्रभावकारीता र उपयुक्तता सुनिश्चित गरी बालबालिकाहरुका अनुभव र सिकाइ आदान प्रदान गर्न सिकाइ चौतारी कार्यक्रम तथा बालबालिका निर्मित शैक्षिक सामग्री प्रदर्शनि कार्यक्रम सञ्चालन गर्ने । | ० | २०० | २०० | २०० | २०० | वटा | १०० | ० | २ | २ | २ | २ | LG+Other |
| आधारभूत तह नमूना विद्यालय सहयोग कार्यक्रम (हरेक वर्ष नमूना विद्यालयको अवधारणा/प्रस्ताव आव्हान गरी क्रमश सङ्ख्यामा बढोत्तरी गर्दै लैजाने) | ० | १००० | १००० | १००० | १००० | वटा | १००० | ० | १ | १ | १ | १ | FG+LG +Other |
| सिकाइ स्तर कमजोर भएका बालबालिकाहरुको सिकाइ सहजिकरणका लागि उपचारात्मक कक्षा सञ्चालन | ० | २५० | २५० | ३०० | ३०० | | ५० | | ५ | ५ | ६ | ६ | LG+Other |
| हरित विद्यालय, विद्यालय फूलवारी, विद्यालय सरसफाई, विद्यालय क्षेत्रमा बृक्षारोपन जस्ता कार्यक्रमको अवधारणा स्थापित गरी कार्यान्वयन गर्ने विद्यालयहरुको नक्साङ्कन गरी प्रोत्साहन तथा पुरस्कार कार्यक्रम गर्ने | ० | ३० | ४५ | ४५ | ४५ | वटा | १५ | ० | २ | ३ | ३ | ३ | LG+Other |
| वडा स्तरमा वार्षिक बिद्यार्थि भर्ना अभियान सञ्चालन (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबको परिचालन) | ० | १६० | १६० | १६० | १६० | वडा | २० | | ८ | ८ | ८ | ८ | LG+Other |
| कार्यसम्पादन तथा सूचकहरुको आधारमा उत्कृष्ठ विद्यालय तथा कर्मचारी सम्मान कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | वटा | ३०० | १ | १ | १ | १ | १ | LG |
| **आधारभूत तहको जम्मा बजेट (लाखमा)** | **१७२.९२७** | **१७६.९४४** | **१९१.०१५** | **१९४.३६९** | **१९६.३४५** | | | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन २०२८ ले कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षाको तहलाई माध्यामिक शिक्षाको रुपमा परिभाषित गरेको छ ।माध्यमिक तहको शिक्षा, ब्यवहार उन्मुख नागरीक तयार गर्ने र उच्च शिक्षाको लागि आधार तयार गर्ने तह हो । नेपालको वर्तमान संविधानले हरेक नागरीकले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले पनि प्रत्येक नागरीकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ भने कक्षा ९-१२ मा विद्यालय तथा व्यवसायिक धारको सुरुवात गरीएको छ ।
यसका साथै राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तह देखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सीपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । सिस्ने गाउँपालिकाले पनि यस स्थानीय तहको मौलिकता, व्यवहारिक र आवश्यकता सुहाउँदो माध्यमिक शिक्षाको व्यवस्थापन मार्फत माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा राष्ट्रभक्ति, व्यवसायिक, र उत्पादनमुखी शिक्षा प्रदान गरी सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादनमा जोड दिनुपर्ने अवस्था अनुसार योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

### ३.३.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिकाको माध्यमिक तहको वर्तमान अवस्था तल उल्लेख गरीए बमोजिमको रहेको छ ।

| | |
|---|---|
| माध्यमिक तह कक्षा ९-१० संचालित विद्यालय | १० |
| माध्यमिक तह कक्षा ९-१० संचालित संस्थागत विद्यालय | २ |
| माध्यमिक तह कक्षा ९-१२ संचालित विद्यालय | ४ |
| माध्यमिक तह कक्षा ११-१२ मा प्राविधिक तथा व्यवसायिक धार संचालित विद्यालय | ३ |
| माध्यमिक तह कक्षा ९-१२ को कुल भर्ना दर | ११६.२ |
| माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर | ६४.२ |
| कक्षा ९-१० मा उत्तीर्ण दर | ९३.५ |
| कक्षा ११-१२ मा उत्तीर्ण दर | ८९.९ |
| शिक्षक बिद्यार्थि अनुपात | १:३० |

उल्लेखित तालिका अनसार यस सिस्ने गाउँपालिकामा कक्षा ९ देखि १० सम्म संचालिल विद्यालय १० वटा रहेका छन् भने जसमध्ये २ वटा विद्यालय संस्थागत रहेका छन् । पालिका भित्र माध्यमिक तहको कक्षा ११-१२ संचालित विद्यालय ४ वटा रहेका छन र जसमध्ये ३ वटा विद्यालयमा प्रविधिक तथा व्यवसायिक धारका विषयहरुको पठनपाठन भैरहेको छ । यस सिस्ने गाउँपालिकाको कक्षा ९-१२ को कुल भर्ना दर ११६.२ प्रतिशत रहेको छ भने खुद भर्ना दर ९३प्रतिशत छ । यस ३. पालिकामा सामुदायिक तर्फ माध्यमिक तहको कक्षा ९ र १२ मा ४१ जना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये स्वीकृत दरबन्दीमा १६, गाउँपालिका मार्फत ७, राहत तथा अनुदानबाट १८ जना शिक्षकको व्यवस्थापन गरीएको छ । उच्च माध्यमिक अर्थात कक्षा ११-१२ का लागि अनुदानमा ७ जना शिक्षकहरु कार्यरत छन् । तह ९ मा कुल विद्यार्थी सङ्ख्या १०-७३१ रहेको छ भने शिक्षक विद्यार्थी अनुपात १रहेको देखिन्छ २२: । त्यसैगरी माध्यमिक तह ११ मा १२-कुल विद्यार्थी सङ्ख्या ४९७ रहेका छन जस अनुसार शिक्षक विद्यार्थी अनुपात १रहेको देखिन्छ ७१: ।साथै कक्षा ९-१२ को शिक्षक बिद्यार्थि अनुपात १:३० रहेको देखिन्छ ।

## समस्याहरु तथा चुनौतीहरु

- वर्तमान अवस्थामा माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्थापन ।

- प्रविधिक तथा व्यवसायिक धारका लागि सर्बसुलभ र ब्यवस्थित प्रयोगशाला, सामग्री र अभ्यास क्षेत्रको अभाव ।
- बिद्यार्थिको नियमितता तथा परियोजना कार्यको व्यवस्थापन तथा अभ्यास
- पूर्बाधार तथा प्रयोगात्मक सामग्रीको कमि तथा उपलब्धि सामग्रीको नियमित प्रयोग ।
- बिद्यार्थिको सिकाइ उपलब्धिमा सुधार

### ३.३.३ लक्ष्य

मानवीय मूल्यका साथै भाषाकला ,, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका नैतिक र कर्तब्यनिष्ठ जनशक्ति उत्पादन गर्ने ।

### ३.३.४ उद्देश्य

माध्यमिक तहको शिक्षालाई सर्बसूलभ, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र स्थानीय माटो सुहाउदो उत्पादनमा जोडी उच्च शिक्षाको लागि कर्तब्यनिष्ठ र नैतिकवान नागरीक तयार गर्ने उदेश्य रहेको छ ।

- माध्यमिक शिक्षामा सबैको सर्बसूलभ पहुँच तथा सहभागितामा बृद्धि गर्ने ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता, गुणस्तरीयता सुधार गर्ने र शैक्षिक उपलब्धिलाई उत्कृष्ठ बनाउने ।
- शैक्षिक कार्यक्रमलाई प्रभावकारी र व्यवहारिक बनाई माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउने ।
- राष्ट्रिय योग्यता प्रारूप अनुसार साधारण र विद्यालय तथा ब्यावसायिक शिक्षा बिचको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) को सुनिश्चिता गर्ने।
- माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूको ज्ञानलाई सीपसँग र सीपलाई उत्पादनसँग जोडी स्वरोजगारको अवसर सिर्जना गर्ने ।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने ।

- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउने ।
- माध्यमिक तहको शिक्षालाई प्रविधिमैत्री बनाउने ।
- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई प्रयोग गर्दै माध्यमिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्ने,
- स्थानीय आवश्यकता र सम्भावना, बिद्यार्थिको आकांक्षा, रुचि र चाहना अनुसारका प्राविधिक विषयहरुको अध्ययन अध्यापनको वातावरण बनाउने ।
- सामाजिक बिकृति, बिभेद र असमानता, प्राकृतिक प्रकोप, दैवि प्रकोपहरुमा चेतना प्रवाह गर्ने नागरीक उत्पादन गरी परिचालन गर्ने ।
- सिस्ने गाउँपालिकाको स्थानीय कला, संस्कृति र पहिचानहरुको संरक्षण तथा पुस्ताहस्तान्तरण गर्ने नागरीक उत्पादन गर्ने।
- माध्यमिक तहको शिक्षाको सुशासन, ब्यवस्थापकिय र शासकिय प्रवन्धमा सुधार गर्ने ।
- माध्यामिक तहको मूल्याङ्कन प्रणालीलाई ब्यवस्थित र प्रभावकारी बनाउने ।

### ३.३.५ रणनीतिहरु

- मापदण्डका आधारमा माध्यमिक तहका विद्यालयहरुको नक्साङ्कन गर्ने, थप अवस्था पहिचान गर्ने र सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने ।
- आवश्यकताका आधारमा विद्यालयहरूको पुनर्वितरण ,समायोजन तथा अनुमतिको ब्यवस्था गर्ने ।
- तिनै तहका सरकारसँगको समन्वय तथा सहकार्यमा माध्यमिक तहका शिक्षकहरु परिपुर्तिको सुनिश्चितता गर्ने ।
- सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूपअनुसार प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्यलाई ब्यवस्थित र चुस्च बनाउने ।
- विद्यालयमा भौतिक पूर्वाधार विकास, प्रविधि विकास र सामग्री व्यवस्थापनका लागि नीजि क्षेत्र, लगानिकर्ता, संघसंस्था र समुदायसँग साझेदारी गर्ने ।

- विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ अनुरुप स्थानीय तह र विद्यालयहरुको आवश्यकतामा आधारित कमाउदै पढ्दै कार्यक्रमको तय गर्ने र पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने ।
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन तथा कक्षा १० देखि ११ मा संक्रमण दर बढाउन बैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने साथै सिस्ने गाउँपालिका हिमाली जिल्लाअन्तर्गत पर्ने भएकोले आवश्यकताअनुसार आवासीय विद्यालयहरू अवधारणा ल्याइ मापदण्डका आधारमा सञ्चालन गर्ने ।
- अपाङ्गता भएका अथवा फरक क्षमता भएका बिद्यार्थिका लागि उनिहरुको अवस्था रुचि र क्षमताका आधारमा प्राधिकधारमा जीवनउपयोगि शिक्षा तथा जीवननिर्वाह शिक्षा तथा आत्मउत्प्रेरणाका कार्यक्रम लागु गर्ने ।
- बिद्यार्थिको अवस्था नक्साङ्कन र पहिचान गरी आवश्यकतामा आधारित सहयोग शैक्षिकबृत्ति, शैक्षिक सामग्री, निशुल्क अध्ययन, अपाङ्गता भएका बिद्यार्थिका लागि सहायता सामग्रीको ब्यवस्था गरी उपलब्ध गराउने ।
- पालिकाभित्रका विद्यालयहरुमा प्रतिस्पर्धात्मक बातावरण तयार गरी नमूना विद्यालयका मापदण्डहरु कार्यान्वयन गराउने र क्रमश समिक्षा, लेखाजोखा गरी उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने ।
- गरीब तथा विपन्न परिवारका विद्यालय छोड्न सक्ने सम्भावना भएका कक्षा ८ उतीर्ण विद्यार्थीलाई कक्षा ९-१२ को माध्यमिक शिक्षा पूरा गर्न सहयोग गर्नका लागि सहयोग पद्धतिको विकास गर्ने ।
- शिक्षकहरुको पेसागत विकासका लागि खोजमूलक अनुसन्धान, लेख, सिकाइ र अनुभव, शिक्षणमा प्रयोग भएका बिधिहरुको नियमित प्रकाशनका कार्यक्रम बनाउने साथै नविनतम अभ्यासमा निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गर्ने ।

- पालिका भित्रका सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था (PEMC) पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने ।
- आपतकालिन अवस्था, प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति सामना गर्न र पनि विद्यालय शिक्षालाई निरन्तरता दिइरहन योजना बनाई तिनै तहका सरकारसँग समन्वय तथा सहकार्य गर्ने ।
- विद्यालय शिक्षादेखि विज्ञान, प्रविधि, ईन्जिनियरिङ कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरू र स्थानीय कला तथा संस्कृति विषयको सिकाइलाई अन्तरसम्बन्धित गर्ने ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइनेछ ।
- सबै बिद्यार्थिहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्न स्थानीय तहसँग सहकार्य गरीनेछ ।
- सामुदायिक विद्यालयहरुको अनुदानका लागि नक्साङकन, विद्यालयको नतिजा र प्रभावकारिताको अध्ययन गरी अनुदान उपलब्ध गराउने ।

### ३.३.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

माध्यमिक तह उत्तिर्ण बिद्यार्थिहरु व्यवसायिक, प्राविधिक, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका नैतिक र कर्तब्यनिष्ठ नागरीकको रुपमा तयार हुनेछन् ।

### ३.३.७ माध्यमिक तहको नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहका बिद्यार्थिको कुल भर्ना दर | १०२.३ | १०७.८ | ११३.५ | ११३.० | ११६.९ | १२१.१ |
| २ | माध्यमिक तहका बिद्यार्थिको खुद भर्ना दर | ४७.४ | ५३.१ | ५९.३ | ६०.२ | ६५.३ | ७०.८ |
| ३ | पूर्वाधारहरु विकास, प्रविधि जडित, प्रयोगशाला प्राक्टिकल कार्यका लागि निर्धारित स्थान तयार गरीएका विद्यालय | ० | १०.२५ | १५.३ | २०.५ | २५.६ | २५.६ |
| ४ | बिद्यार्थि सङ्ख्या र फरक फरक साधारण र प्राविधिक विषयको अध्ययन अध्यापनका लागि प्रयाप्त कक्षाकोठा | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ५ | कक्षाकोठामै SMART Board, Digital Board, Projector तथा प्रविधि जडान गरी पठन पाठन हुने विद्यालय सङ्ख्या | ० | १ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | विषयगत तालिम प्राप्त प्रयाप्त शिक्षक व्यवस्थापन भएका विद्यालय | ३ | ४ | ४ | ५ | ८ | ९ |
| ७ | विद्यालयमा कम्तिमा अर्धवार्षिक स्वास्थ्य जाँच तथा जुकाको औषधी बितरण गरेका विद्यालय सङ्ख्या | ६ | ९ | ९ | ९ | ९ | ९ |
| ८ | फरक र अपाङ्गता भएका बिद्यार्थिका लागि आवश्यक सुबिधा सहित पहुँच सुनिश्चित गरेका विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |
| ११ | विषयबस्तुको प्रकृतिका आधारमा प्रभाबकारी रुपमा परियोजना कार्य र अभ्यास सञ्चालन गरी सिकाइलाई व्यवहारिकरणको अभ्यास गरेका विद्यालय सङ्ख्या | १ | ९ | ९ | ९ | ९ | ९ |
| १२ | सेवाक्षेत्रभित्रका सबै बिद्यार्थिलाई माध्यामिक तहको शिक्षामा पहुँच सुनिश्चितता गरेका विद्यालय | १ | ९ | ९ | ९ | ९ | ९ |
| १४ | आपतकालिन अवस्थामा शिक्षा | ० | ३ | ४ | ९ | ९ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुनिश्चित गरी योजना बनाइ कार्यान्वयन गरेका विद्यालय | | | | | | |
| १५ | सुरक्षित विद्यालयका सूचकहरुमा न्यूनतम मापदण्ड पुरा गरी सुरक्षित विद्यालय सुनिश्चित गरेका विद्यालय | ० | ३ | ९ | ९ | ९ | ९ |

## ३.३.८ माध्यमिक तहका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | |
| माध्यमिक तहसम्म संचालित विद्यालयहरूको सङ्ख्या | | | | | | | | ९ | ९ | ९ | ९ | ९ | |
| सबै प्रकार र तहका विद्यालय नक्शांकन, समायोजन र पुनर्वितरण कार्यक्रम सन्चालन | २५० | - | २५० | - | २५० | | २५० | १ | | १ | | १ | LG+FG +Othr |
| सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (हिमाली भत्ता सहित) | ३०,९९६ | ३०,९९६ | ३०,९९६ | ३०,९९६ | ३०,९९६ | | ७५६ | ४१ | ४१ | ४१ | ४१ | ४१ | FG |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | ११७ | ११७ | ११७ | ११७ | ११७ | | १३ | ९ | ९ | ९ | ९ | ९ | FG |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक भत्ता सहित) | २,५१६ | २,५१६ | २,५१६ | २,५१६ | २,५१६ | | २८० | ९ | ९ | ९ | ९ | ९ | FG |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक भत्ता सहित) | - | - | १,५२८ | १,५२८ | ३,४३८ | | ३८२ | ० | ० | ४ | ४ | ९ | FG |
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाइ सामग्री, कम्तिमा | १,३५० | १,३५० | १,३५० | १,३५० | १,३५० | | १५० | ९ | ९ | ९ | ९ | ९ | FG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | | | | | | | | | | | | | |
| माद्यमिक विद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | ४५० | ४५० | ४५० | ४५० | ४५० | | ५० | ९ | ९ | ९ | ९ | ९ | FG+LG +Other |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | ५७८ | ५७८ | ५७८ | ५७८ | ५७८ | | ०.७९ | ७२८ | ७२८ | ७२८ | ७२८ | ७२८ | FG+LG |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | ९९० | ९९० | ९९० | ९९० | ९९० | | ०.९९ | १००० | १००० | १००० | १००० | १००० | FG+LG |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ४८० | ५६८ | ६१२ | ६५५ | ६९९ | | ६ | ८० | ९५ | १०२ | १०९ | ११६ | FG+LG +PG+Other |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | १,२०० | १,३०० | १,४०० | १,५०० | १,६०० | | १० | १२० | १३० | १४० | १५० | १६० | FG+LG +PG+Other |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | १,०८८ | १,००४ | ९७१ | ९६७ | ९५३ | | १.३५ | ८०६ | ७४४ | ७१९ | ७१६ | ७०६ | FG+LG +PG+Other |
| माध्यमिक विद्यालय तहमा पुस्तकालय/इ-लाइब्रेरी स्थापना र सन्चालन बजेट अनुदान | - | ७०० | १,४०० | १,४०० | ७०० | | ७०० | ० | १ | २ | २ | १ | FG+LG +PG+Other |
| माध्यमिक विद्यालय तहमा विज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | ३१५ | ४४१ | ५६७ | ६३० | ६९३ | | ७०० | ० | १ | १ | १ | १ | FG+LG +PG+Other |
| ध्यमिक विद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाइ सामग्री र सन्चालन बजेट अनुदान | ३१५ | ४४१ | ५६७ | ६३० | ६९३ | | ७०० | ० | १ | १ | १ | १ | FG+LG +PG+Other |
| नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | - | ५,००० | ५,००० | ५,००० | ५,००० | | ५००० | ० | १ | १ | १ | १ | FG+LG +PG+Ot |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | her |
| नमूना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र विज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | - | १,६६७ | १,६६७ | १,६६७ | १,६६७ | | १६६७ | ० | १ | १ | १ | १ | FG+PG+LG+Other |
| प्र.अ.हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन र नमूना विद्यालय कार्यक्रम सन्चालन भएका विद्यालयमा कार्य सम्पन्नका आधारमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान | - | २०० | २०० | २०० | २०० | | २०० | ० | १ | १ | १ | १ | PG+LG |
| छात्रबास सन्चालन बापत बजेट अनुदान | - | ३०० | ३०० | ३०० | ३०० | | ३०० | ० | १ | १ | १ | १ | PG+PG+LG |
| कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | - | २,२६८ | २,२६८ | २,२६८ | २,२६८ | | ७५६ | ० | ३ | ३ | ३ | ३ | FG+LG |
| कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा प्रत्ति बिद्यार्थी सिकाइ सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | १,२६० | १,२६० | १,२६० | १,२६० | १,२६० | | १५ | ८४ | ८४ | ८४ | ८४ | ८४ | FG+PG+LG+Other |
| कक्षा ९-१२ मा प्राविधिक धार सन्चालन भएका विद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | ९०० | ९०० | ९०० | ९०० | ९०० | | ३०० | ३ | ३ | ३ | ३ | ३ | FG+PG+LG+Other |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| विद्यालयहरुमा पेरियोडिक रुपमा माध्यमिक स्तरीय अन्तर विद्यालय प्रतिष्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन | - | ३०० | ३०० | ३०० | ३०० | | १५० | | २ | २ | २ | २ | LG+Other |
| माध्यमिक विद्यालय तहमा एक कक्षा एक SMART Board कार्यक्रम कार्यान्वयन गर्ने (क्रमश विस्तार गर्दै लैजाने) | - | १,४०० | १,४०० | १,४०० | १,४०० | | ३५० | | ४ | ४ | ४ | ४ | PG+LG+Other |
| कक्षा १-१० तथा १-१२ संचालित विद्यालयहरुमा हरित विद्यालय, विद्यालय फूलवारी, विद्यालय सरसफाई, विद्यालय क्षेत्रमा बृक्षारोपन जस्ता कार्यक्रमको अवधारणा स्थापित गरी कार्यान्वयन गर्ने विद्यालयहरुको मूल्याङ्कन र स्तरीकरण गरी प्रोत्साहन तथा पुरस्कार कार्यक्रम गर्ने। | - | ७५ | ७५ | ७५ | ७५ | | २५ | | ३ | ३ | ३ | ३ | LG+Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय स्तरीय स्थानीय सीप कलामा आधारित शैक्षिक प्रदर्शनि तथा सिकाइ आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने | - | १०० | १०० | १०० | १०० | | १०० | | १ | १ | १ | १ | LG+Other |
| विद्यालय स्तरीय उत्कृष्ट बालक्लव प्रोत्साहन कार्यक्रम सञ्चालन | - | ५० | ५० | ५० | ५० | | २५ | | २ | २ | २ | २ | LG+Other |
| विद्यालयमा जीवनउपयोगी सीप तथा ब्यवहार, असल आचरण र नागरीक कर्तब्य सम्बन्धीका साप्ताहिक सेसनहरु सञ्चालन गर्ने (कक्षा ९ र १०) | - | ४०५ | ४०५ | ४०५ | ४०५ | | ४५ | | ९ | ९ | ९ | ९ | LG+Other |
| माध्यमिक विद्यालयमा सेनीटरी प्याड चेन्जिङ रुम व्यवस्थापन सहयोग | - | ४५० | ४५० | ४५० | ४५० | | ५० | | ९ | ९ | ९ | ९ | LG+Other |
| स्थानीय कला, सीप र संस्कृतिको पुस्तान्तरणका साथै आफ्नो मौलिकताप्रति पहिचान बोकेको नागरीक तयारीका लागि माध्यमिक विद्यालय स्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालन | - | २०० | २०० | २०० | २०० | | २०० | | १ | १ | १ | १ | LG+PG +Other |
| वडा स्तरमा वार्षिक बिद्यार्थि भर्ना अभियान सञ्चालन साथै सेवाक्षेत्रभित्रका सबै बिद्यार्थिलाई माध्यामिक तहको शिक्षामा पहुँच सुनिश्चितता गर्ने (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबको परिचालन) | - | २०० | २०० | २०० | २०० | | २५ | ० | ८ | ८ | ८ | ८ | LG+Other |
| प्राविधिक धार सांचालित विद्यालयहरुमा आवश्कतामा आधारित सामग्री, ल्याब र प्रविधि विकास कार्यक्रम | - | | ५०० | १,००० | १,५०० | | ५०० | | | १ | २ | ३ | FG+PG+LG+Otr |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक भत्ता सहित) | १,९३१ | १,९३१ | १,९३१ | १,९३१ | १,९३१ | | २१५ | ९ | ९ | ९ | ९ | ९ | PG+LG |
| कक्षा ९-१२ का बिद्यार्थिहरुको परियोजना कार्य प्रवर्दन गर्ने, प्रकाशन गर्ने र प्रवाह गर्ने कार्यक्रम | - | ९० | ९० | ९० | ९० | | १० | | ९ | ९ | ९ | ९ | LG+Other |
| विद्यालयमा किशोर किशोरीमैत्री सूचना केन्द्र परिचालन तथा बृहत्तर यौनिकता शिक्षा कार्यक्रम सञ्चालन | - | १८० | १८० | १८० | १८० | | २० | | ९ | ९ | ९ | ९ | LG+Other |
| **माध्यमिक तहको जम्मा बजेट (लाखमा)** | **१६८.३२८** | **१७२.६१६** | **१८८.१३२** | **१९२.१२३** | **१९४.४८८** | | | | | | | | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ परिचय

नेपाल भूगोल, संस्कृति, कला, सीप र भेषभूषामा बिबिधता भएको देश हो । बिकाशोन्मुख देश भएकाले समयमा नेपालमा विद्यालय तथा व्यवसायिक शिक्षाको लोकप्रियता बढ्दै गएको छ । विकासका लागि साधारण र विद्यालय जनशक्तिका वीच सन्तुलनको आवश्यकता पर्ने भएकोले विद्यालय जनशक्तिको माग बढिरहेको अवस्था छ । सुरुवातिका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएको भएतापन हाल आवश्यकताका आधारमा माध्यमिक तहको कक्षा ११-१२ मा पाठ्क्रमको विकास गरी विद्यालय शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाबाट नागरीकहरुको सीप विकासमा जोड दिइ उत्पादनयोग्य जनशक्तिमार्फत देशको समृद्धिमा योगदान पुर्याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्व छ ।विद्यालय तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरीबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका सबै वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्दै लैजानुपर्ने आजको आवश्यकता छ ।

“समृद्ध नेपाल, सुखी नेपाली” भन्ने राष्ट्रिय आकाङ्क्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको छ । गुणस्तरीय विद्यालय शिक्षा तथा व्यवसायिक तालिमको विस्तारमा बाट उक्त लक्ष्य प्राप्त गर्न सकिने उल्लेख गरेको छ भने राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा विद्यालय तथा व्यवसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्दै लैजाने प्रयास गरीएको पाइन्छ ।

संयुक्त राष्ट्र सङ्घीय दिगो विकास लक्ष्यले निर्धारण गरेको समयावधि २०३० सम्म हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक अवसरलाई व्यापक बनाउने कार्यक्रम तयार गरेको छ ।

प्राविधिक तथा व्यवसायिक शिक्षाको विकासले यस पालिकामा सीपयुक्त, जिम्मेवार, कर्तब्यनिष्ठ र देशप्रति बफादार दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम्

स्वरोजगारीका अवसरहरू सिर्जना भई आत्मनिर्भरताको अवस्था सुधार हुने अपेक्षा गरीएको छ । प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ र स्थानीय आवश्यकतामा आधारित बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता समेत रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिका अन्तर्गतका ३ वटा सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक धारमा १८ महिने र डिप्लोमा पढाइ हुने ३ वटा विद्यालयहरु सञ्चालनमा छन । जसमा कृषि प्राविधिक, इलेक्ट्रिकल सव ओभरसियर तथा मेकानिकल सव ओभरसियरका कक्षाहरु सञ्चालन भैरहेका छन् । तर स्थानीय निकाय तथा विद्यालयको स्रोत साधनले यसलाई थप प्रभावकारी बनाउन र बिद्यार्थिहरुको आकर्षणमा सुधार गर्न सकिएको अवस्था छैन ।

### ३.४.३ लक्ष्य

प्रभावकारी र गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षाको सुनिश्चितताबाट व्यवसायिक र उत्पादनशील नागरीक तयार गर्ने ।

### ३.४.४ उद्देश्य

- यस पालिका भित्रका सबै नागरीकलाई विद्यालय तथा व्यवसायिक शिक्षाको पहुँच र अवसर सिर्जना गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवहारिक बनाई शिक्षा तथा ज्ञान आर्जन र सीप विकासका माध्यामबाट स्वरोजगारका अवसरहरुको विकास गर्ने ।
- स्थानीय परिबेश, आवश्यकता, उत्पादन सुहाउदो व्यवसायिक शिक्षालाई प्राथमिकिकरण गरी कार्यान्वयन गर्ने र स्थानीय रैथाने सीपको प्रबर्द्धन र प्रयोबाट सिस्नेको समृद्धिलाई संबद्ध गर्ने ।
- प्रविधि विकासलाई ब्यसायिक शिक्षासँग अन्तरसम्बन्धित बनाई गुणस्तर सुधार गर्ने ।
- सिस्नेको समृद्धिमा व्यवसायिक शिक्षा' लाई प्रथमिकता सम्भावना र आवश्कताको नक्साङ्कन गरी कार्यान्वयन गर्ने ।

### ३.४.५ रणनीतिहरू

- प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रभावकारी व्यवस्थापनका लागि साझेदारी सहकार्यको रणनीति आवलम्बन गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाका पाठ्यक्रमलाई स्थानीकरण गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षालाई किताबी ज्ञानमा मात्र सिमित नगरी व्यवहारिक सीपसँग जोड्न आधारहरु तयार गर्ने (प्राक्टिकल र अनुसन्धानका लागि प्रयाप्त पूर्वाधार, खोज अनुसन्धानमा संलग्नता, परियोजना कार्यमा जोड, गर्दै सिक्दै अभ्यासहरु)
- पालिका स्तरमा प्राविधिक तथा व्यवसायिक शिक्षा सिकाइका लागि केन्द्र (उत्कृष्ट विद्यालयलाई) स्थापना गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षा व्यवस्थापनका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आवश्यकता पहिचान गरी बहुविद्यालय शिक्षालयतालिम केन्द्रहरूको स्थापना/, सञ्चालन, तथा नियमन गर्ने ।
- विद्यालय तथा व्यवसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने
- विद्यालय तथा व्यवसायिक शिक्षाको क्षेत्रमा स्थानीय उद्योगी, व्यापारी, ब्यवसायीको सहभागिता बढाउने ।
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी, जनजाती दलित, अपाङ्गताभएका नागरीक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने ।
- युवा तथा बालबालिकाहरुको व्यवसायिक सीप विकास, संस्कृति, पर्यटन र रैथाने कलाको प्रवर्द्धन तथा पुस्तान्तरणका लागि कार्यक्रमहरु तय गरी सञ्चालन गर्ने
- विद्यालय तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित सबै तहसँग समन्वय गर्ने ।

- विद्यार्थीहरूलाई विद्यालय तथा व्यवसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धीत संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।

## ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- माध्यामिक तह उत्तिर्ण गरेका बिद्यार्थिमध्ये ५० प्रतिशत बिद्यार्थिले प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी तालिम प्राप्त हुने ।
- स्थानीय माध्यमिक तह उत्तिर्ण ब्यक्तिहरुको उत्पादन, रोजगारी, स्वरोजगारी र -जीविकोपार्जनका अवसरमा वृद्धि हुने ।
- विद्यालय तथा व्यवसायिक शिक्षाका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागिता र लगानीमा बृद्धि भएको हुने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको आर्जनपछि सिस्ने गाउँपालिकाको शैक्षिक, आर्थिक, सामाजिक समुन्नतिमा योगदान भएको हुनेछ ।

### ३.४.७ प्रविधिक तथा व्यवसायिक शिक्षाका नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | पालिका भित्र प्राविधिक र व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २ | पूर्वाधारहरु विकास, प्रविधि जडित, प्रयोगशाला प्राक्टिकल कार्यका लागि निर्धारित स्थान तयार गरीएका विद्यालय | १ | १ | १ | २ | २ | ३ |
| ४ | बिद्यार्थि सङ्ख्या र फरक फरक साधारण र प्राविधिक विषयको अध्ययन अध्यापनका लागि प्रयाप्त कक्षाकोठा भएका विद्यालय | २ | २ | २ | ३ | ३ | ३ |
| ५ | कक्षाकोठामै SMART Board, Digital Board, Projector तथा प्रविधि जडान गरी पठन पाठन हुने विद्यालय सङ्ख्या | ० | १ | १ | १ | ३ | ३ |
| ७ | प्रयाप्त स्रोत साधन र आवश्यकता | १ | १ | २ | २ | २ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुसार प्रयोगशाला, प्रायाक्टिकल स्थल भएका विद्यालय | | | | | | |
| ८ | फरक र अपाङ्गता भएका बिद्यार्थिका लागि आवश्यक सुबिधा सहित पहुँच सुनिश्चित गरेका विद्यालय सङ्ख्या | ० | ० | १ | १ | २ | ३ |
| १० | न्यूनतम सिकाइ सबलिकरण मापदण्ड (Minimum Enabling Condition) पुरा गरेका प्राविधिक तथा व्यवसायिक शिक्षा संचालित विद्यालय सङ्ख्या | १ | १ | १ | २ | ३ | ३ |
| ११ | आपतकालिन अवस्थामा शिक्षा सुनिश्चित गरी योजना बनाइ कार्यान्वयन गरेका विद्यालय | ० | ० | १ | १ | २ | २ |
| १३ | प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवहारिकरण गर्न पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गरेका विद्यालय | १ | १ | १ | २ | २ | २ |

# ३.४.८ विद्यालय तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

**प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Technical & Vocational Educatioon)**

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| आवश्यकता पहिचान गरी प्राविधिक तथा बहुप्राविक शिक्षालय स्थापनाका लागि सहजिकरण | – | ० | २०० | २०० | २०० | पटक | २०० | ० | ० | १ | १ | १ | FG+LG |
| विद्यालय धार सञ्चालन र सञ्चालन भएका विद्यालयमा प्रयोगशाला व्यवस्थापन सहयोग | – | ० | २०० | २०० | २०० | विद्यालय | २०० | ० | ० | १ | १ | १ | LG+Other |
| सामुदायिक विद्यालयमा विद्यालय तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन तथा सञ्चालन भएका विद्यालयमा थप विषय सञ्चालनका लागि जनशक्ति व्यवस्थापन | – | ० | १६९० | २५३५ | २५३५ | जना | ८४५ | ० | ० | २ | ३ | ३ | FG+LG |
| प्राविधिक तथा व्यवसायिक सीपका छोटो अवधिका तालिम सञ्चालन (३ महिने) छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | – | ४०० | ८०० | ८०० | ८०० | पटक | ४०० | ० | १ | २ | २ | २ | FG+LG+Other |
| विद्यालय शिक्षा अध्यापनरत प्रशिक्षक र सहायक प्रशिक्षकलाई क्षमता विकास तालिम | – | २०० | २०० | २०० | २०० | पटक | २०० | ० | १ | १ | १ | १ | FG+LG |
| विद्यालय शिक्षा तथा व्यवसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | – | ५० | ५० | ५० | ५० | पटक | ५० | ० | १ | १ | १ | १ | LG |
| विद्यालय र व्यवसायिक शिक्षा सम्बन्धी पालिका पालिकाको नीति निर्माण | – | २०० | ० | ० | ० | पटक | २०० | ० | १ | | | | LG |
| विद्यालय धार सञ्चालन भएका विद्यालयमा पढ्दै सिक्दै र कमाउदै गर्नका लागि पालिकाबाट अनुदान | – | ४०० | ४०० | ४०० | ४०० | विद्यालय | ४०० | ० | १ | १ | १ | १ | LG+PG+LG+Other |
| **प्राविधिक तथा व्यवसायिक कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **०.०००** | **१.२५०** | **३.५४०** | **४.३८५** | **४.३८५** | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा भनेको कुनै औपचारिक संरचना वा पाठ्यक्रमबिना औपचारिक शिक्षाको पहुँच पुर्याउन कार्यान्वयन गरीने शिक्षाको स्वरुप हो र अनौपचरिक शिक्षा दैनिक जीवनका अनुभवहरूबाट प्राप्त हुन्छ। अनौपचारिक तरिकाले प्राप्त गरीने ज्ञान तथा सीप भएकाले यसमा कक्षा, पाठ्यक्रम वा प्रमाणपत्र आवश्यक हुँदैन। जीवनका अनुभवहरुबाट, सामाजिक क्रियाकलाप तथा कार्यबाट, प्रविधिका माध्यामबाट, भ्रमण तथा प्रयोगात्मक अभ्यासबाट अनौपचारिक शिक्षाको आर्जन हुन सक्दछ ।

ब्यक्तिले जीवनभर निरन्तर रुपमा सिकाइ आर्जन गरीरहने प्रक्रिया आजिवन सिकाइ हो । आजिवन सिकाइ औपचारिक शिक्षामा सीमित नभई, जीवनका विभिन्न चरणहरूमा र परिस्थिति अनुसार सिक्न प्रेरित गर्ने तरिका र अभ्यास हो । औपचारिक विद्यालयमा लक्षित समुदायका भिन्न उमेर समूह भिन्न सामाजिक पृष्ठभूमि सांस्कृतिक बिबिधता सामाजिक तथा आर्थिक परिबेशले औपचारिक शिक्षाको अवसर प्राप्त गर्न नसकेको अवस्थामा अनौपचारिक शिक्षाको उपलब्धताले सबैको शिक्षामा पहुँच सुनिश्चितता गर्न सक्दछ । औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुग्राउन र संसारसँग आवद्य गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ र शिक्षा। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवम् जीवयपर्यन्त शिक्षाले काम गर्दछ । संबैधानीक हकको सुनिश्चितता गर्न र दिगो विकास लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीको पनि आवश्यकता रहेको छ ।

### ३.५.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिकामा आजिवन सिकाइ लाई औपचारिक शिक्षाका क्षेत्रसँग समाहित गरेर बृहत कार्यान्वयन गरेको अवस्था नभए पनि ३ वटा सामुदायिक सिकाइ

केन्द्रहरुको सञ्चालन गरीरहेको छ तथापी यसको प्रभावकारी कार्यान्वयन हुन सकेको अवस्था भने छैन । सामुदायिक सिकाइ केन्द्रका वावजुत गाउँपालिका भित्र अनौपचारिक तथा बैकल्पिक शिक्षाको स्वरुप योजना गरी कार्यान्वयन गर्नु पर्ने अवस्था छ ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्ष माथिको पढ्न र लेख्न दूबै जान्ने जनसङ्ख्या ७१.३५ प्रतिशत रहेको छ । तर हाल सम्म अनौपचारिक तथा आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन गरीएको अवस्था छैन ।

### ३.५.३ लक्ष्य

अनौपचारिक तथा आजिवन सिकाइका अवसरहरुमार्फत पालिकालाई पूर्ण साक्षर सुनिश्चित गर्ने ।

### ३.५.४ उदेश्य

- पालिकाभित्रका हरेक नागरीकको शिक्षामा समावेशी समतामुलक पहुच सुनिश्चितता गर्न र आजिवन सिकाइका अवसरहरु प्रदान गर्न अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।
- विबिध कारणले शिक्षाको पहुँचमा नरहेका नागरीकलाई वैकल्पिक कक्षा मार्फत सिकाइ प्रदान गरी विद्यालय शिक्षाको मूलधारमा समाहित गर्नु,
- पालिका भित्र सामुदायिक सिकाइ केन्द्र स्थापना, क्षमता अभिवृद्धि र पूर्वाधार विकास गरी विद्यालयत शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु,
- विद्यालय तहमै अनौपचारीक शिक्षाको आवश्यकता लेखाजोखा गरी विद्यालयको शिक्षा योजनामा समाहित गरी कार्यान्वयन गर्ने ।
- नागरीकको निरन्तर र जीवनपर्यन्त शिक्षाका लागि सीपमुलक, व्यवसायिक तथा सीपमूलक कार्यक्रमहरुको सञ्चालन गर्नु ।

- रेडियो शिक्षा दुर शिक्षा पेरियोडिक रुपमा लक्षित समुहका लागि टोल शिक्षा सामुदायिक सिकाइ केन्द्रको सबलिकारण अभिभावक शिक्षा छोटो समयका सीपमूलक तालिमहरु युवाहरुको खेल विकास कार्यक्रम सञ्चालन गरि सिकाइ निरन्तरता प्रदान गर्ने ।

### ३.५.५ रणनीतिहरु

- अनौपचारिक, बैकल्पिक आजिवन शिक्षाको स्वरुप तयार गर्न आम सरोकारवालासँग अन्तर्क्रिया छलफल र सहकार्य गर्ने ।
- समुदायमा अनौपचारिक शिक्षाका संरचनाहरु स्थापना गरी कार्यान्वयन गर्ने ।
- विबिध कारणले शिक्षाको पहुँच भन्दा टाढा रहेका निरक्षर व्यक्तिहरूलाई अनौपचारिक कक्षा, पौढ शिक्षा, रेडियो शिक्षा तथा दुर शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।
- लक्षित समुहको आवश्यकता र मागका आधारमा अनौपचारिक शिक्षाको पाठ्यक्रम, स्वरुप र कार्यान्वयन निर्देशिका तयार गरी प्रयोग गर्ने ।
- सामुदायिक सिकाइ केन्द्र र शैक्षिक सूचना केन्द्रको प्रभावकारी परिचालनका लागि प्रवन्ध गर्ने ।
- वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी सिपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- अनौपचारिक शिक्षा र जिवनपर्यन्त शिक्षा सञ्चालन गर्ने संघसंस्था बीच समन्वय समूह बनाई परिचालन गर्ने ।
- पालिका मार्फत रेडियो शिक्षा, दुर शिक्षा, पेरियोडिक रुपमा लक्षित समुहका लागि टोल शिक्षा, सामुदायिक सिकाइ केन्द्रको सबलिकारण, अभिभावक शिक्षा, छोटो समयका सीपमूलक तालिमहरु, युवाहरुको खेल विकास कार्यक्रम तय गरी सञ्चालन गर्ने ।

### ३.५.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- अनौपचारिक तथा बैकल्पिक शिक्षाको कार्यान्वयबाट यस पालिकाका सबै नागरीकहरुको निरन्तर र आजिवन सिकाइको अवसर प्राप्त हुने ।
- सामुदायिक सिकाइकेन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने

### ३.५.७ अनौपचारिक र आजिवन शिक्षाका नतिजा र परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | पालिकाको समग्र साक्षरता दर | ७५.६० | ७९.२ | ८०.१ | ८८.८ | ८२.४ | ८४.५ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथी) % | | | | | | |
| ३ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथी महिला) % | | | | | | |
| ४ | आवश्यकतामा आधारित सामग्री सुसज्जित सामुदायिक सिकाइ केन्द्रको | ० | ३ | ३ | ३ | ५ | ८ |
| ५ | अनौपचारिक कार्यक्रमहरुको वार्षिक सङ्ख्या | ० | १ | ३ | ३ | ५ | ८ |
| ६ | अनौपचारिक तथा आजिवन सिकाइ कार्यक्रममा सहभागि सङ्ख्या | ० | ३२ | ९० | ९० | ११६ | १४८ |
| ७ | छोटो समयको जीवनउपयोगि तालिम सङ्ख्या | ० | १ | ३ | ३ | ५ | ८ |
| ८ | पालिकाभित्र स्थापना भएका सामुदायिक सूचना केन्द्र सङ्ख्या | ३ | ३ | ३ | ३ | ८ | ८ |

## ३.५.८ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | ० | १०० | ० | १०० | ० | **वटा** | १०० | | १ | | १ | | FG+LG |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन र व्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूप विकास गर्ने | ० | १०० | ० | | | वटा | १०० | ० | १ | | | | LG+FG+ Othr |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेट अनुदान | २५० | - | २५० | - | २५० | वटा | २५० | १ | | १ | | १ | LG+FG+ Othr |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी विषयबस्तुहरुको विकास, बितरण र प्रचारप्रसार गर्ने) | ३०० | ३०० | ३०० | ३०० | ३०० | वटा | ३०० | १ | १ | १ | १ | १ | LG+FG+ Othr |
| स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | - | १५० | १५० | २५० | ४०० | वटा | ५० | ० | ३ | ३ | ५ | ८ | LG+FG+ Othr |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक विषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका विभन्न सवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | - | ९० | ९० | १५० | २४० | वटा | ३० | ० | ३ | ३ | ५ | ८ | LG+FG+ Othr |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० | वटा | ५० | ३ | ३ | ३ | ३ | ३ | FG+LG+ PG |
| हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | ५२७ | ५२७ | ८७८ | १,४०४ | १,४०४ | जना | १७६ | ३ | ३ | ५ | ८ | ८ | FG+LG |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हाल सन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग | ५० | ५० | ५० | ५० | ५० | वटा | ५० | १ | १ | १ | १ | १ | FG+PG+ LG+Other |
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागि बजेट अनुदान | ४५ | ४५ | ७५ | १२० | १२० | वडा | १५ | ३ | ३ | ५ | ८ | ८ | FG+LG+ PG+Othr |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन बापतको बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० | पटक | १५० | १ | १ | १ | १ | १ | FG+LG+ PG+Othr |
| पालिकाले सञ्चालन गर्न चाहेका कार्यक्रमहरु | | | | | | | | | | | | | |
| सामुदायिक सिकाइ केन्द्र CLC मार्फत जीवनउपयोगी सीप तथा सचेतना कार्यक्रम सञ्चालन (घरेलु बुनाइ, साक्षरता शिक्षा) | - | ३०० | ३०० | ८०० | ८०० | वडा | १०० | ० | ३ | ३ | ८ | ८ | PG+PG +LG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक सिकाइ केन्द्र CLC का लागि प्रविधि तथा इन्टरनेट सुबिधा | – | १५० | १५० | २५० | २५० | वटा | ५० | ० | ३ | ३ | ५ | ५ | FG+LG+PG+Othr |
| समुदायमा जनसङ्ख्याको तथ्याङ्क संकलन बर्गिकरण बिष्लेषण गर्ने विद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने | – | ९० | ९० | २४० | २४० | वडा | ३० | | ३ | ३ | ८ | ८ | FG+PG+LG+Oth er |
| एक वडा एक सामुदायिक सिकाइ केन्द्र/सूचना केन्द्र स्थापना तथा सहयोग कार्यक्रम | – | १२० | १८० | ४८० | ४८० | वटा | ६० | | २ | ३ | ८ | ८ | FG+PG+LG+Othr |
| अनौपचारिक शिक्षा प्रवाहका लागि समुदाय स्तरमा बालक्लव, यूवा क्लब र नागरीक समाज संजालको परिचालन गर्ने । | ०.० | ५०.० | ७५.० | २००.० | २००.० | पटक | २५ | | २ | ३ | ८ | ८ | FG+LG+Other |
| **अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **१.४७२** | **२.२८२** | **२.७९८** | **४.४९४** | **४.७९४** | | | | | | | | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्री

### ४.१.१ परिचय

विद्यालय शिक्षालाई प्रभावकारी र गूणस्तरीय बनाउनका लागि अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरुको पनि उत्तिकै महत्वपूर्ण योगदान हुन्छ । जस अनुसार पाठ्यक्रम, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको शैक्षिक विषयसँग तादम्यता भएन भने अपेक्षित उपलब्धि हासिल गर्न कठिनाई हुन सक्दछन् । तसर्थ शिक्षाका विषयसँग पाठ्यक्रम, पाठ्यसामग्री, सिकाइ सामग्रीको सहि र प्रभावकारी व्यवस्थापन हुन जरुरी छ ।बस्तुबादि पाठ्यक्रम र पाठ्यक्रमका विषयवस्तुले मागेका गुणस्तरीय पाठ्सामग्री तथा सिकाइ सामग्रीको प्रबोधिकरण उपलब्धता र प्रयोगबाट गुणस्तरीय शैक्षिक उपलब्धि हासिल हुन्छ ।

पाठ्यक्रमले सम्बन्धित क्षेत्रका नागरीकको आवश्यकतालाई सम्बोधन गर्ने गरी तयार गरीनु पर्दछ । समग्र देशको बस्तुस्थितिबाट तयार भएका पाठ्क्रमले सबै स्थानीय आवश्यकताहरुको सम्बोधन नहुन सक्दछ तसर्थ राष्ट्रिय पाठ्यक्रमलाई आत्मसाथ गर्दै स्थानीय परिबेशसँग जोड्दै लैजानुपर्ने आवश्यकता हुन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरी कार्यान्वयन गरीएको छ । थियो । बिसं. २०७६ मा पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु गरीएको थियो भने हाल देशैभरका सबै विद्यालयमा कार्यान्वयन गरीएको छ ।

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । पाठ्यक्रम शिक्षाको राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पनि हो । पाठ्यक्रम अन्तर्गत कुनै कक्षा वा तहमा कुन विषयमा के पढाउने, कुन कुन विषयवस्तु पढाउने ? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । के कसरी मूल्याङ्कन गर्ने? विषयहरु समावेश हुन्छन् ।यसरी तयार गरीएको पाठ्यक्रमले तय गरेका उदेश्यहरु पुरा गराउन प्रयोग गरीने सामग्रीको समेत तय गरेको हुन्छ जसलाई पाठ्सामग्री भनिन्छ । पाठ्सामग्रीहरु पाठ्यक्रमले निर्देशित गरे बमोजिम प्रभावकारी कार्यान्वयन भएको अवस्थामा गुणस्तरीय र अपेक्षित नतिजा हासिल गर्न सकिन्छ ।

### ४.१.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिकाका सबै विद्यालयहरुमा राष्ट्रिया पाठ्यक्रम प्रारुप अनुसारका पाठ्यक्रमहरु कार्यान्वयनमा रहेका छन् । स्थानीय परिबेश र आवश्यकता अनुसार कक्षा कक्षा ४-५ र ६-८ मा स्थानीय पाठ्क्रम 'हाम्रो सिस्ने' तयार गरी पाठ्यपुस्तक समेत तयार गरी कार्यान्वयन गरीएको छ । पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक निशुल्क प्रदान गर्ने ब्यवस्था अनुसार कार्यान्वयन गरीएको छ तथापी सिमित स्रोतका कारण सबै विद्यालयमा पर्याप्त पाठ्यपुस्तकका लागि स्रोत उपलब्ध गराउन सकिएको अवस्था छैन । विभिन्न विषयका शिक्षक निर्देशिका सन्दर्भ सामग्री र पाठ्यसामग्रीको नियमित प्रयोग छ तर प्रभावकारीताको लेखाजोखा गरी

थप सुधार गर्नुपर्ने अवस्था रहेको छ । कक्षा १- ३ मा भने राष्ट्रिय रुपमै विषयक्षेत्रलाई एकिकृत गरी अन्तरसम्वन्धित विषयवस्तुलाई समेटिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने मापदण्ड अनुसार कार्यान्वयन गरीएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । तथापी परीक्षा र मूल्याङ्कन पद्दतिलाई भने सुधार गर्नुपर्ने अवस्था छ ।

### ४.१.३ लक्ष्य

व्यवहारिक तथा जीवनउपयोगि शिक्षाका विषयहरुलाई पाठ्यक्रमसँग जोडी
सिकाइ लाई प्रभावकारी र उपलब्धिमुलक बनाउने

### ४.१.४ उद्देश्य

पाठ्यक्रम तथा पाठ्यसामग्रीका उदेश्यहरु :

- पाठ्यक्रममा आधारित पाठ्यवस्तु तथा पाठ्यसामग्रीको प्रयोगबाट बिद्यार्थिको ज्ञान सीप तथा ब्यवहारको विकासमा सहयोग गर्ने ।
- स्थानीय तहको वस्तुस्थिति आवश्यकता बिबिधतालाई सम्बर्द्धन गर्न र स्थानीय परम्परागत सीप, कला, पेसा ब्यवसायलाई आधुनिकिकरण गर्दै ब्यवहारमा जोड्न स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।
- स्थानीय पाठ्यक्रममा आधारित भएको पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको विकास गर्न ।

- पाठ्यक्रमले तोकेबजिमको शैक्षिक उपलब्धि हासिल गर्न स्तरीय मूल्याङ्कन पद्दतिको विकास गर्ने ।

### ४.१.५ रणनीतिहरु

- स्थानीय आवश्यकतामा स्थानीय पाठ्यक्रमको विकास र परिमार्जन पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण र कार्यान्वयन गर्ने ।
- स्थानीय पाठ्यक्रमलाई विद्यालय सम्म प्रबोधिकरण गर्ने ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयनका लागि क्षमता विकास तथा पेसागत विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- पाठ्क्रमले मागेका पाठ्यसामग्री तथा शैक्षि सामग्रीको व्यवस्थापनका लागि विभन्न निकायसँग साझेदारी गर्ने ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जनका लागि सरोकारवाला बिच कार्यशाला, समिक्षा तथा अन्तर्क्रिया आयोजना गर्ने ।
- शिक्षकहरुका लागि शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, अध्ययन सामग्रीको उपलब्ध गराउने ।
- स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याउनका लागि शिक्षक तालिमको आयोजना गर्ने ।
- राष्ट्रिय तथा प्रदेशको पाठ्यक्रमसँग सम्बन्धीत रही स्थानीय आवश्यकतासँग सान्दर्भिक पाठ्यक्रमीय, पाठ्यपुस्तक, सन्दर्भ सामग्री तथा शैक्षणिक सामाग्रीहरुको निर्माण गर्ने ।
- विभन्न भाषा, कला, संस्कृतिको विकास र पुस्तान्तरणका लागि वर्तमान पाठ्यक्रमहरुसँग स्थानीय पाठ्यक्रम जोडी विभन्न निकायहरुसँग समन्वय तथा सहकार्य गरी सञ्चालन गर्ने ।

- सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रबोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्क्रमको कार्यान्वयन गर्ने ।
- पाठ्क्रमलाई प्रविधि विकासको पक्षसँग जोडी नियमित शैक्षिक गतिबिधिलाई प्रविधिमैत्री बनाउने ।
- निरन्तर मूल्याङ्कन पद्दतिको समान र प्रभावकारी कार्यान्वयनका लागि सहजिकरण गर्ने ।

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा

- सिस्ने गाउँपालिकाको आवश्यकतामा आधारित तहगत स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण भइ प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।
- पाठ्कक्रमले तोकेका मापदण्डमा रहि विद्यालयहरुले प्रभावकारी पठनपाठन सञ्चालन गरेका हुनेछन् ।
- पाठ्यक्रमले निर्धारण गरेका हरेक कक्षाका विषयवस्तुहरु शैक्षिक वर्षमा सम्पन्न भई न्यूनतम शैक्षिक योग्यता हासिल भएको हुनेछ ।
- पाठ्यक्रमका विषयवस्तुहरु प्रभावकारी प्रवाह गर्न पाठ्यसामग्री, शैक्षिक सामग्री विकास भई कार्यान्वयन भएको हुनेछ ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधिकरण र क्षमता अभिबृद्धी भएको हुनेछ ।
- निरन्तर, आवधिक र स्तरीय मूल्याङ्कनको प्रयोग भएको हुनेछ र समग्र सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

## ४.१.७ नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रमको विकास परिमार्जन तथा प्रबोधिकरण कार्यक्रमको सङ्ख्या | १ | १ | | १ | | १ |
| २ | तहगत राष्ट्रिय पाठ्यक्रमको प्रबोधिकरण र समान बुझाईका लागि प्रबोधिकरण कार्यक्रम सङ्ख्या | १ | | | १ | | १ |
| ३ | निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास कार्यक्रम सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ४ | आवश्यकतामा आधारित पाठ्य सामग्री तथा सामग्री व्यवस्थापन गरीएका विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ५ | निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी र सफल कार्यान्वयन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ६ | जलवायू परिवर्तन र उत्थानशिलता सामग्रीको विकास र प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | १ | | १ | |
| ७ | सन्दर्भ सामग्री, पाठ्यसामग्री तथा बुक कर्नरले सुसज्जित विद्यालय सङ्ख्या | ० | ० | ४ | ६ | ६ | ९ |

## ४.१.८ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | १५० | १५० | १५० | १५० | १५० | **पटक** | १५० | १ | १ | १ | १ | १ | FG+PG +LG |
| पाठ्यक्रमको मूल्याङ्कन (मुल्यांकन, सुधार र विद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ० | ० | ० | ० | १०० | पटक | १०० | ० | ० | ० | ० | १ | FG+LG |
| Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीय अन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाट बिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउने सुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरीएका सबै सामाग्रीहरुलाई विधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच सुनिश्चित गर्ने | - | १५० | ३०० | ३०० | ३०० | पटक | १५० | ० | १ | २ | २ | २ | FG+LG |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | - | २०० | - | - | - | पटक | २०० | ० | १ | ० | ० | १ | FG+LG |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | १३४.४ | २०१.६ | २०१.६ | | | शिक्षक | ४ | ३४ | ५० | ५० | १७ | १७ | FG+LG |
| आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | १९० | १९० | १९० | १९० | १९० | विद्यालय | ५ | ३८ | ३८ | ३८ | ३८ | ३८ | FG+LG |
| प्राविधिक धारका विषयहरुको पाठ्यक्रम र सिकाइ सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमा:- प्राविधिक धारका विषयगत समस्या तथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमा पाठ्यपुस्तक, सिकाइ सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनको प्रबोधिकरण, बितरण, प्रयोग विषयहरु समावेश गर्ने) | - | १०० | १०० | १०० | १०० | वटा | १०० | ० | १ | १ | १ | १ | FG+PG +LG+O thr |
| विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | - | ० | ० | - | - | पटक | ५०० | ० | ० | ० | | १ | FG+LG |
| स्थानीय तहले सञ्चालन गर्न चाहेका कार्यक्रमहरु | | | | | | | | | | | | | |
| स्थानीय पाठ्यक्रमको आवश्यक परिमार्जन, संशोधन र विकास प्रबोधिकरण गर्ने | ० | ३०० | ० | ० | ३०० | पटक | ३०० | ० | १ | ० | ० | १ | LG+PG +Othr |
| आवश्यकतामा आधारित पाठ्य सामग्री तथा सामग्री व्यवस्थापन | ० | ५०० | ५०० | ५०० | ५०० | विद्यालय | १०० | ० | ५ | ५ | ५ | ५ | LG+Other |
| विषय बस्तु तथा पाठ्यक्रममा जलवायू परिवर्तन तथा उत्थानशिलता सामग्री समायोजना र कार्यान्वयन | ० | १०० | ० | १०० | ० | पटक | १०० | ० | १ | ० | १ | ० | LG+Other |
| स्थानीय शिक्षा योजनाको मध्यावधि रुपमा पुनराबलोकन | ० | ० | ३०० | ० | ३०० | पटक | ३०० | ० | ० | १ | | १ | LG |
| **पाठ्यक्रम र मुल्यांकन कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **०.४७४** | **१.८९२** | **१.७४२** | **१.३४०** | **२.४४०** | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शैक्षिक विकास र सुधारका लागि शिक्षक ब्यबस्थापन र विकास एक महत्वपूर्ण उपक्षेत्र हो । सक्षम र उत्तरदायि शिक्षकको परिचालनबाट मात्र तोकिएका सक्षमताहरु हासिल गर्न सकिन्छ । शिक्षा समाजको परिवर्तन, विकास र समृद्धिको आधारभूत सर्त हो । शिक्षकको योग्यता क्षमता, दक्षताले बिद्यार्थिहरुको सिकाइलाई प्रभाव पार्दछ । असल शिक्षकले समाजलाई प्रगतिको दिशामा डोर्याउन सक्दछ । तसर्थ शिक्षा क्षेत्रमा अब्बल र दक्ष शिक्षकको परिचालन महत्वपूर्ण छ ।कानुनी हिसावले तहगत रुपमा योग्यता कायम गरी शिक्षक व्यवस्थापनको समेत प्रावधान रहेको छ ।

शिक्षण पेसालाई रोजेको पेसामा विकास गर्न नेपालको पन्ध्रौं योजना (२०७६/२०७७-२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ठ सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । साथै संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरु प्रोत्साहित गर्ने पुरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । नेपालको सन्दर्भमा शिक्षक तयार गर्न माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्वविद्यालयले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन् । शिक्षक को पेसागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम, TPD तालिम, आवश्यकतामा आधारित तालिम जस्ता थुप्रै तालिमहरु भौतिक तथा भर्चुअल माध्यामबाट सञ्चालन गरीदै आएको छ । सिस्ने गाउँपालिकाले पनि शिक्षक व्यवस्थापनका लागि गाउंपालिकाबाट अनुदान ब्यवस्था गरी स्यंसेवक शिक्षकको रुपमा परिचालन गरेको छ र बेला बेलामा शिक्षकको पेसागत विकासका तालिम, उत्कृष्ट शिक्षक पुरस्कार, उत्कृष्ठ प्रधानाध्यापक पुरस्कार, शिक्षक बढुवाका लागि सिफारिस जस्ता कार्यहरु गर्दै आइरहेको छ ।

### ४.२.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिकामा हाल ४३ वटा विद्यालयहरु संचालित छन् ।४३ विद्यालय मध्ये ४० वटा सरकारी र ३ वटा संस्थागत छन् । यि विद्यालयहरुमा निम्नानुसारका शिक्षकहरुको व्यवस्थापन गरीएको छ ।

| तह | करार गाउँपालिका | | | राहत अस्थायी | | | सङ्घीय अनुदान | | | स्थायी | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूरुष | महिला | जम्मा | पूरुष | महिला | जम्मा | पूरुष | महिला | जम्मा | पूरुष | महिला | जम्मा | |
| प्रारम्भिक बालविकास | - | १५ | १५ | - | - | - | - | २४ | २४ | - | - | - | ३९ |
| आधारभूत तह १-५ | ८ | १७ | २५ | २ | १२ | १४ | - | - | - | ६७ | २० | ८७ | १२६ |
| आधारभूत तह ६-८ | ११ | २१ | ३२ | ९ | २ | ११ | ३ | २ | ५ | १० | | १० | ५८ |
| माध्यमिक तह ९-१० | ७ | ६ | १३ | - | - | - | ११ | ७ | १८ | १५ | २ | १७ | ४८ |
| उच्च माध्यमिक ११-१२ | - | - | - | ७ | - | ७ | - | - | - | - | - | - | ७ |
| प्राविधिक धार सङ्घीय अनुदान | - | - | - | - | - | - | ८ | १ | ९ | - | - | - | ९ |
| कर्मचारी सङ्घीय अनुदान | - | - | - | - | - | - | २२ | २५ | ४७ | - | - | - | ४७ |
| गाउँपालिका सहयोगी कर्मचारी | | ३ | ३ | - | - | - | - | - | - | - | - | - | ३ |
| जम्मा | २६ | ६२ | ८८ | १८ | १४ | ३२ | ४४ | ५९ | १०३ | ९२ | २२ | ११४ | ३३७ |

पालिका भित्र संचालित विद्यालयहरुमा शिक्षक बिद्यार्थि अनुपात

| | |
|---|---|
| बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | १७ |
| आधारभूत तह (कक्षा १-५) | १६ |
| आधारभूत तह (कक्षा ६-८) | ४० |
| माध्यमिक तह (कक्षा ९-१०) | १९ |
| माध्यमिक तह (कक्षा ११-१२) | १४३ |

### ४.२.३ लक्ष्य

पालिकाभित्र पेसाप्रति उत्प्रेरित व्यवसायिक र दक्ष शिक्षकको व्यवस्थापन सुनिश्चित गर्ने ।

### ४.२.४ उदेश्य

शिक्षक व्यवस्थापन र विकासका निम्न उदेश्यहरु रहेका छन् ।

- बिद्यार्थि सङ्ख्याका आधारमा तहगत शिक्षकको व्यवस्थापन, परिचालन दरबन्दि मिलान र समायोजन गर्ने ।
- शिक्षक तालिम, गोष्टि, कार्यशाला, कार्यमुलक अनुसन्धानका कार्यहरु मार्फत शिक्षकको पेसागत दक्षता बृद्धि गर्ने ।
- शिक्षकहरुको कार्यकुशलताको लेखाजोखा गरी सहायता प्रदान गर्नु ।

### ४.२.५ रणनीतिहरु

- आवश्यकता भएका र रिक्त रहेका दरबन्दिमा तहगत शिक्षक व्यवस्थापन गर्ने ।
- दरवन्दि नभएका तर आवश्यकता भएका विद्यालयहरुमा पालिका मार्फत शिक्षक व्यवस्थापन गर्ने ।
- दरवन्दि सिर्जनाका आधारहरु तयार गरी आवश्यक कार्य गर्ने ।
- शिक्षक बिद्यार्थि अनुपातका आधारमा तहगत रुपमा शिक्षकको दरबन्दि मिलान पुनर्बितरण र व्यवस्थापन गर्ने ।
- शिक्षकहरुको पेसागत विकासका लागि प्रदेश संघ र सम्बद्द निकायसँग समन्वय र सहकार्य गरी आवश्यकतामा आधारित स्तरीय तालिम सञ्चालन गर्ने ।
- शिक्षकको पेसागत विकास र उत्प्रेरणाका लागि शिक्षकसँग बिज्ञ भेटघाट, शैक्षणिक बिज्ञ परिचालन, सिकाइ समूह, विषयगत शिक्षक संजाल, सिकाइ समूह जस्ता संयन्त्रको विकास गरी अभिमुखिकरण, उत्प्रेरणा, मेन्टरिङ र कोचिङ कार्यक्रमको सञ्चालन गर्ने ।
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकास र पेसागत दक्षतालाई बिद्यार्थिको सिकाइसँग सम्बन्धित गरी कार्यान्वयन गर्ने ।
- शिक्षकहरुका अनुभव, सिकाइ, सिकाइमा नवप्रवर्द्धन जस्ता विषयहरुको प्रकाशन तथा प्रशारणको ब्यवस्था मिलाउने ।

### ४.२.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- सबै विद्यालयहरुमा दक्ष, पेसाप्रति अभिप्रेरित विषयगत शिक्षकहरुको व्यवस्थापन भै शैक्षिक सुधार भएको हुनेछ ।
- शिक्षकहरुले निरन्तर पेसागत दक्षता विकासको अवसर प्राप्त गरी शैक्षिक क्रियाकलापमा प्रयोग भएको हुनेछ ।

### ४.२.७ शिक्षक व्यवस्थापन तथा विकासका नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आवश्यकता, तह र बिद्यार्थि सङ्ख्या अनुसार विषयगत शिक्षकको परिपुर्ति भएका विद्यालय | ३० | ३२ | ३२ | ३६ | ३८ | ३८ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम तोकिएको शैक्षिक योग्यता हासिल गरेका शिक्षक सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ३ | दरबन्दि अनुसार विषयगत शिक्षक व्यवस्थापन भएका आधारभूत तहका विद्यालय सङ्ख्या | ३२ | ३२ | ३६ | ३६ | ३८ | ३८ |
| ४ | दरबन्दि अनुसार विषयगत शिक्षक व्यवस्थापन भएका माध्यमिक तहका विद्यालय सङ्ख्या | २ | २ | ४ | ४ | ९ | ९ |
| ५ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत | | | | | | |
| ६ | माध्यमिक तहमा तालिम प्राप्त | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षकको प्रतिशत | | | | | | |
| ७ | विषयगत शिक्षक सुनिश्चित भएका आधारभूत तहका विद्यालय सङ्ख्या | ३० | ३० | ३० | ३४ | ३६ | ३८ |
| ८ | विषयगत शिक्षक सुनिश्चित भएका माध्यमिक तहका विद्यालय सङ्ख्या | २ | ३ | ३ | ६ | ६ | ६ |
| ९ | सूचना तथा प्रविधि विकास र शिक्षण सिकाइको तालिम लिएका शिक्षकको प्रतिशत | ६ | ६ | २० | ४० | ६० | ७० |
| १० | शिक्षकको व्यवस्थापन र विकासका लागि पालिकाबाट सञ्चालन गरीएका कार्यक्रम सङ्ख्या | १ | १ | १ | १ | १ | १ |

### ४.२.८ शिक्षक व्यवस्थापन तथा विकासका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाइ | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्बितरण र समायोजन) | – | १०० | – | १०० | १०० | पटक | १०० | | १ | | १ | १ | FG+PG +LG |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | – | १८८ | १८८ | १८८ | १८८ | जना | ३० | | ६ | ६ | ६ | ६ | FG+LG |
| १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी विषयको विषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम | ४३ | ५७ | ७२ | ८६ | १०० | शिक्षक | ७ | ६ | ८ | १० | १२ | १४ | FG+LG |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाइ सम्बन्धी तालिम | ३१४ | ४१८ | ६२७ | ८३६ | १,०४५ | शिक्षक | १० | ३१ | ४२ | ६३ | ८४ | १०५ | FG+LG +Other |
| विषयगत शिक्षक तालिमहरू सन्चालनका लागि १० दिने प्रशिक्षक प्रशिक्षण तालिम (TOT) | १०० | १०० | १०० | १०० | १०० | पटक | १०० | १ | १ | १ | १ | १ | FG+LG |
| प्रारम्भिक कक्षा सिकाइ (EGL) सम्बन्धी ५ दिने शिक्षक तालिम | – | २०५ | – | २०५ | – | पटक | २०० | | १ | | १ | | FG+LG +Other |
| ECED सँग सम्बन्धित विभन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षण सन्चालन गर्ने | – | २०० | – | २०० | – | पटक | २०० | | १ | | १ | | FG+PG +LG+Ot hr |
| सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरीएको प्रणालीको अनिवार्य कार्यान्वयन गर्ने | ४५ | ३५ | ५५ | ५५ | १८ | विद्याल य | ५ | ९ | ७ | ११ | ११ | ४ | FG+LG |
| विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | ३८ | ७५ | ३८ | ६० | ६० | पटक | ३० | १ | ३ | १ | २ | २ | LG+PG +Othr |
| शिक्षक तथा विद्यालय अनुगमन कार्यक्रमका लागि क्षमता अभिबृद्दी | २०० | २०० | २०० | २०० | २०० | पटक | २०० | १ | १ | १ | १ | १ | FG+LG +Other |
| तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ३० | ३० | ४२ | ३० | ३० | पटक | ३० | १ | १ | १ | १ | १ | FG+PG +LG+Ot her |
| माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | १०० | १०० | १०० | १०० | १०० | पटक | १०० | १ | १ | १ | १ | १ | FG+LG |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ९३ | ९३ | ९३ | ९३ | ९३ | पटक | ३० | ३ | ३ | ३ | ३ | ३ | FG+LG |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | २० | २० | २० | २० | २० | पटक | २० | १ | १ | १ | १ | १ | FG+LG |
| आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | २७४ | २७४ | २७४ | २७४ | २७४ | पटक | २० | १४ | १४ | १४ | १४ | १४ | FG+LG |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | ५० | ५० | ५० | ५० | ५० | पटक | ५० | १ | १ | १ | १ | १ | FG+LG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ वर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | – | – | – | – | ७८० | विद्यालय | २० | ० | ० | ० | ० | ३९ | FG+LG +PG |
| आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम विद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | – | १,१७० | १,१७० | १,१७० | १,१७० | विद्यालय | ३० | | ३९ | ३९ | ३९ | ३९ | FG+LG +PG |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाइ र शिक्षण सिकाइका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | – | २०६ | २०६ | २०६ | २०६ | शिक्षक | १५ | ० | १४ | १४ | १४ | १४ | FG+LG+PG+Other |
| समाहित शिक्षा सन्चालन भएका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | – | ६० | ६० | ६० | ६० | जना | ३० | ० | २ | २ | २ | २ | FG+PG+LG+Othr |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| विद्यालयका शिक्षकहरुको अवस्था नक्साङ्कन र अवस्था बिश्लेषण गर्ने | – | ५० | ५० | ५० | ५० | पटक | ५० | | १ | १ | १ | १ | LG |
| शिक्षकहरुलाई प्रविधि विकास र शिक्षण सिकाइ सम्बन्धी तालिम सञ्चालन गर्ने | – | २०० | २०० | २०० | २०० | पटक | २०० | | १ | १ | १ | १ | FG+PG |
| शिक्षकहरुलाई स्तरीय परीक्षा सञ्चालन निरन्तर मूल्याङ्कन पद्दति र प्रश्न निर्माण तालिम सञ्चालन गर्ने | – | २०० | २०० | २०० | २०० | पटक | २०० | | १ | १ | १ | १ | LG |
| शिक्षक क्षमता अभिवृद्दिका लागि कक्षाकोठामै प्रशिक्षक/स्रोत ब्यक्ति, विषय बिज्ञ सहयोग कार्यक्रम | | १,००० | १,००० | १,००० | १,००० | पटक | १००० | | १ | १ | १ | १ | LG |
| हरेक विद्यालयका फोकल शिक्षकलाई विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धि तालिम कार्यक्रम | – | ४५६ | ४५६ | ४५६ | ४५६ | | १२ | ० | ३८ | ३८ | ३८ | ३८ | |
| सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि पालिका स्तरमा स्रोत शिक्षकको प्रावधान राखि विषयगत प्रशिक्षक प्रशिक्षण तालिम (TOT) सञ्चालन गर्ने | – | ८०० | – | – | ८०० | जना | १०० | ० | ८ | ० | ० | ८ | LG |
| एकिकृत पाठ्यक्रम सम्बन्धी शिक्षक तालिम संचालन | | ६०० | ६०० | ६०० | | वटा | ६०० | | १ | १ | १ | | LG+FG+Other |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई अनिवार्य रुपमा सेवा प्रवेश तालिम, पालिका परिचय र स्थानीय पाठ्यक्रमका विषयमा तालिम दिने | | १०० | १०० | १०० | १०० | पटक | १०० | | १ | १ | १ | १ | LG |
| **शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **१.३०७** | **६.३८७** | **५.३०१** | **६.०३९** | **७.४००** | | | | | | | | |

## ४३. शैक्षिक समता तथा समावेशिकरण

### ४.३.१ परिचय

रुकुम पूर्वी भाग भाषीक, सांस्कृतिक तथा जातजातिगत समुदायको बसोबासको हिसावले बिबिधता रहेको छ । यसरी बसोबास रहेका समुदायको विविधता लाई एकातिर पहिचान र सामर्थ्यको रूपमा लिने गरीएको देखिन्छ भने अर्को तर्फ ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितिकरणमा परेका समुदाय पनि छन् । यस्ता समुदायहरू सामाजिक, ऐतिहासिक, आर्थिक तथा शैक्षिक वञ्चितिकरणमा पर्न गइ अहिलेसम्म पनि यस्तो वञ्चितिकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ । जसको प्रभाव शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिमको अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याइ सहभागी बनाउन थप प्रयास आवश्यक देखिन्छ । यसर्थ शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्द्धन गर्नु आवश्यक छ ।

### ४.३.२ वर्तमान अवस्था

शैक्षिक समता तथा समावेशीकरणका लागि सङ्घीय सरकार, स्थानीय तह र निकायहरुले कार्य गरीरहेको अवस्था छ । विद्यालयमा समावेशी शिक्षण सिकाइ, अपाङ्गता भएका बालबालिकाहरुको पहुँचमा अभ्यास, शिक्षक तालिम लगायतमा कार्य गरीरहेको अवस्था भएपनि उल्लेख्य सुधार हुन सकेको अवस्था छैन । यस पालिकाको जातिगत र लैंगिक हिसावले समावेशीताको अवस्था निम्नानुसारको छ ।

| तह | क्षेत्री/ब्राहमिन/ठकुरी – | | | जनजाति | | | दलित | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूरुष | महिला | जम्मा | पूरुष | महिला | जम्मा | पूरुष | महिला | जम्मा | |
| प्रारम्भिक बालविकास | ० | २४ | २४ | ० | १३ | १३ | ० | २ | २ | ३९ |
| आधारभूत तह १-५ | ५८ | ३९ | ९७ | १४ | ९ | २३ | ५ | १ | ६ | १२६ |
| आधारभूत तह ६-८ | २५ | १७ | ४२ | ६ | ५ | ११ | २ | ३ | ५ | ५८ |
| माध्यमिक तह | २६ | ७ | ३३ | ५ | ८ | १३ | २ | ० | २ | ४८ |
| उच्च माध्यमिक ११-१२ | ६ | ० | ६ | १ | ० | १ | ० | ० | ० | ७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्मचारी सङ्घीय अनुदान | १७ | १२ | २९ | ३ | १३ | १६ | २ | ० | २ | ४७ |
| प्राविधिक धार सङ्घीय अनुदान | ६ | ० | ६ | २ | १ | ३ | ० | ० | ० | ९ |
| गाउँपालिका सहयोगी कर्मचारी | ० | ३ | ३ | ० | ० | ० | ० | ० | ० | ३ |
| जम्मा | १३८ | १०२ | २४० | ३१ | ४९ | ८० | ११ | ६ | १७ | ३३७ |
| प्रतिशत (कुल सङ्ख्याको) | ४०.९५ | ३०.२७ | ७१.२२ | ९.२० | १५ | २३.७ | ३.२६ | १.८ | ५.०४ | १०० |

बिद्यार्थिको जातिगत तथा लैंगिक सहभागिताको अवस्था

| तह | दलित | | | जनजाति | | | अन्य | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | |
| प्रारम्भिक बालविकास | ५७ | ८४ | १४१ | ६३ | ८६ | १४९ | १८० | २२६ | ४०६ | ६९६ |
| आधारभूत तह कक्षा १-५ | २२० | ३०० | ५२० | २४६ | ३१४ | ५६० | ५५३ | ५९८ | ११५१ | २२३१ |
| आधारभूत तह कक्षा ६-८ | ११० | ११२ | २२२ | १४२ | १४१ | २८३ | ३४४ | ३०८ | ६५२ | ११५७ |
| माध्यमिक तह ९-१२ | १२७ | १०३ | २३० | १७५ | १३९ | ३१४ | ३९३ | ३२९ | ७२२ | १२६६ |
| जम्मा | ५१४ | ५९९ | १११३ | ६२६ | ६८० | १३०६ | १४७० | १४६१ | २९३१ | ५३५० |
| प्रतिशत | | | २०.८० | | | २४.४१ | | | ५४.७९ | |

अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय सहभागिताको अवस्था

| तह | बालिका | बालक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ४ | ६ | १० | १.४४ |
| आधारभूत तह कक्षा १-५ | १८ | १३ | ३१ | १.३९ |
| आधारभूत तह कक्षा ६-८ | १४ | १२ | २६ | २.२५ |
| माध्यमिक तह ९-१२ | ३ | ३ | ६ | ०.४७ |
| जम्मा | ३९ | ३४ | ७३ | १.३९ |

### ४.३.३ लक्ष्य

स्थानीय बिबिधतालाई सम्बोधन गर्दै हरेक नागरीकलाई शिक्षाको अवसर सुनिश्चित गर्ने ।

### ४.३.४ उदेश्य

- बिपन्न, भौगोलिक कठिनाई र बिबिधतायुक्त समुदायका सबै बालबालिकाहरुको विद्यालय शिक्षाको अवसर सुनिश्चित गर्ने ।
- पालिका भित्रका बिबिधतायुक्त सामाजिक, आर्थिक र भौगोलिक पृष्ठभूमिका सबै बालबालिकाहरुका लागि समान, समतामुलक र समावेशी शिक्षाको अवसर सुनिश्चित गर्ने ।
- विद्यालयमा बिभेद, हिंसा बेवास्ता र दुर्ब्यवहार नहुने कुराको सुनिश्चित गरी शारिरीक एवम् मानसिक रुपले सुरक्षित विद्यालय सुनिश्चित गर्ने ।

### ४.३.५ रणनीतिहरु

- बालमैत्री विद्यालय प्रारुपका मापदण्डहरु अनुरुप विद्यालयका भौतिक संरचनाहरु अपाङ्गमैत्री र लैंगिकमैत्री बनाउने ।
- अपाङ्गता भएका बालबालिकाहरुको नक्साङ्कन तथा लेखाजोखा गरी आवश्यकता अनुसारका पूर्वाधार विकास गर्ने साथै समावेशी शिक्षाको अवधारणा लागु गर्ने ।
- लक्षित समुदायका बिपन्न, सिमान्तकृत, पिछ्डिएका, कठिन परिस्थिति सामना गरीरहेका बालबालिकाहरुको पहिचान गरी छात्रृत्ति तथा शैक्षिक सहयोग उपलब्ध गराउने ।
- विद्यालयमा छात्रृत्ति तथा शैक्षिक सहयोग प्रदान गर्न स्रोत व्यवस्थापन गर्नका लागि कोषको स्थापना र परिचालनमा सहजिकरण गर्ने ।
- विद्यालय बाहिर रहेका बिद्यार्थिहरु पहिचान गरी विद्यालयमा सहभागि गराउन आवश्यक सहयोग प्रदान गर्ने ।
- समावेशी शिक्षण सिकाइ वातावरणका लागि पूर्वाधार विकास गर्न प्रदेश, संघ र विभन्न निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने ।

### ४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

विद्यालयमा सबै किसिमका बालबालिकाहरुको समतामुलक पहुँच सुनिश्चित भई समग्र शैक्षिक उपलब्धिमा सुधार भएको हुनेछ ।

## ४.३.७ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री, अपाङ्गमैत्री र लैंगिक मैत्री पूर्वधार भएका विद्यालय सङ्ख्या | २ | २ | २ | ४ | ६ | ६ |
| २ | समावेशी शिक्षण सिकाइको तालिम प्राप्त शिक्षक सङ्ख्या | २ | २ | ३० | ३० | ३० | ३० |
| ३ | स्रोत विद्यालय अर्थात बिशेष कक्षा सञ्चालन भएका विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |
| ५ | विद्यालयको पहुचमा पुगेका अपाङ्गता भएका बिद्यार्थिको सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | ६० |

## ४.३.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान (वर्षको २ पटक ६/६ महिनामा) | ७४ | ७० | ६७ | ६७ | ६७ | | ०.०२ | ४९२० | ४६४८ | ४४९२ | ४४७४ | ४४८३ | FG+PG +LG |
| बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष विद्यालयहरुमा शिक्षण | ४०० | ४०० | ४०० | ४०० | ४०० | | २०० | २ | २ | २ | २ | २ | FG+LG +Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सिकाइ सामग्री बितरण बापतको बजेट अनुदान | | | | | | | | | | | | | |
| बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन र व्यवस्थापन बापतको बजेट अनुदान | १,२०० | १,२०० | १,२०० | १,२०० | १,२०० | | ६०० | २ | २ | २ | २ | २ | FG+LG |
| श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० | | १५० | १ | १ | १ | १ | १ | FG+LG +Other |
| पालिकाहरुमा बिशेष शिक्षा र अन्तरगतका छात्रबास सुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरणका लागि बजेट अनुदान | ५० | ५० | ५० | ५० | ५० | | ५० | १ | १ | १ | १ | १ | FG+PG +LG+Othr |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| समुदायभित्र अपाङ्गता भएका बालबालिकाहरुक पहिचान तथा पहुँच विस्तार कार्यक्रम | - | ६० | ६० | ६० | ६० | | ६० | | १ | १ | १ | १ | LG+PG +Othr |
| स्थानीय तहको शिक्षाको तहभन्दा माथिल्लो तह अध्ययन गर्न चाहने अपाङ्गता भएका बालबालिकाहरुको व्यवस्थापन सहयोग कार्यक्रम | - | १५० | १५० | १५० | १५० | | १५० | | १ | १ | १ | १ | FG+LG +Other |
| समावेशी शिक्षण सिकाइ सम्बन्धी तालिम | - | २०० | | | २०० | | २०० | | १ | | | १ | FG+PG +LG+Other |
| **समावेशी शिक्षा कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **१.८७४** | **२.२८०** | **२.०७७** | **२.०७७** | **२.२७७** | | | | | | | | FG+LG |

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

स्वस्थ्य अवस्थामा मात्र बालबालिकाले अपेक्षित सिकाइ हासिल गर्न सक्दछ र स्वास्थ अवस्थालाई चुस्त राख्न पोषणले भूमिका खेल्दछ । विद्यालयमा पहुँच बढाउन होस अथवा विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन विद्यालय स्वास्थ्य र पोषणको महत्वपूर्ण भूमिका छ । पोषण अवस्थाले बालबालिकाको विकास र सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विद्यालयमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा बालबालिका लाई सिकाइ सहभागिता बढाउन र उपलब्धि सुधार गर्न सहयोग गर्दछ । विद्यालयमा आधारित स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरूले विद्यार्थी भर्ना तथा टिकाउदर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छोड्ने दर घटाउन योगदान गरी सकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्य सम्बन्धी अधिकारहरू खाद्य सम्प्रभुता सम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारले पनि विद्यालय स्वास्थय तथा पोषण क्षेत्रको योजना गरी कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

### ४.४.२ वर्तमान अवस्था

बालबालिकाहरुको विद्यालयमा पहुँच बृद्धि गर्नका लागि नेपालमा सन १९७४ देखि प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा हालसम्म सञ्चालित छ । दिवा खाजा कार्यक्रमले बालबालिकाको पोषण अवस्थामा सुधार हुनुका साथै विद्यालयमा उपस्थिति दर समेत बृद्धि गर्दछ । सिस्ने गाउँपालिकाले सामुदायिक विद्यालयका बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रमको सञ्चालन गरेको छ । दिवा खाजाले शिक्षा, स्वास्थ्य पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्वपूर्ण

उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन् । दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडी अझ प्रभावकारी बनाउन सकिन्छ ।

### ४.४.३ लक्ष्य

हरेक बालबालिकाको स्वास्थ्य र पोषण सेवाको प्रवर्द्धन मार्फत गुणस्तरीय सिकाइमा मद्दत पुर्याउने ।

### ४.४.४ उद्देश्य

विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका निम्न उदेश्य छन्

- बालबालिकालाई स्वस्थ एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
- स्वास्थ्यपोषण र सरसफाइ तथा स्वच्छता सम् ,बन्धी सेवाहरूको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषणस्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.५ रणनीतिहरू

- विद्यालयमा कार्ययोजना बनाई नियमित रुपमा स्वाथ्य जाँच तथा जुकाको औषधी बितरण कार्यक्रमको तय गर्ने ।
- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिका लाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने सुविधाहरू विस्तार गर्ने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरबारको व्यवस्था गर्ने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषकतत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका

लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

- दिवाखाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।
- विद्यालयमा करेसाबारीको अवधारणालाई बिकसित गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
- नियमित घरमै तयार गरीएको खाजा सुनिश्चितता र प्रवर्द्धनका लागि अभिभावक परिचालन तथा सहकार्य गर्ने ।
- तयारी खाजा अर्थात बजारी खाजा निषेधित विद्यालय घोषना गरी कक्षा १० सम्म अनिवार्य रुपमा घरमा तयार गरेको खाजा सुनिश्चितता गर्ने ।

## ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुने ।

## ४.४.७ प्रमुख नतिजा तथा परिणात्मक लक्ष्य

| क्रस | सूचकहरु | आधार वर्ष | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अर्धवार्षिक रुपमा विद्यालयमा स्वास्थ्य जाँच शिविर सञ्चालन गरेका विद्यालय | ० | ० | ३८ | ३८ | ३८ | ३८ |
| २ | पूर्ण खोप र जुकाको औषधी प्राप्त गरेका प्रारम्भिक बालबिकासका बिद्यार्थि सङ्ख्या | ६१४ | ६२३ | ६३९ | ६५६ | ६७४ | ६१४ |
| ३ | दिवा खाजा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गरेका विद्यालय | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ४ | घरमै तयारी खाजा प्रयोगको सुनिश्चितता गरेका विद्यालय सङ्ख्या | ० | ० | ५ | ८ | १० | १२ |
| ५ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरेका विद्यालय सङ्ख्या | ० | ० | ३८ | ३८ | ३८ | ३८ |
| ६ | विद्यालय नर्स सेवा सञ्चालन गरेका विद्यालय सङ्ख्या | १ | १ | ९ | ९ | ९ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | बालमैत्रि खानेपानी र शौचालय भएका विद्यालय सङ्ख्या | १६ | १६ | २२ | २६ | ३० | ३८ |

## ४.४.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | स्रोत व्यवस्थापन |
| विद्यालय घुम्ति शिविर मार्फत विद्यालय नर्स र स्वास्थ्यकर्मि मार्फत विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने | - | १९०.० | १९०.० | १९०.० | १९०.० | **विद्यालय** | ५ | ० | ३८ | ३८ | ३८ | ३८ | FG+LG |
| आधारभूत तहको विद्यालयमा खाजा तयार गर्नका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन | ५०.० | १५०.० | २००.० | २५०.० | ३००.० | **विद्यालय** | ५० | १ | ३ | ४ | ५ | ६ | FG+PG+LG +Other |
| दिवाखाजाको लागि खाद्य वस्तु व्यवस्थापनका लागि स्थानीय उत्पादक सहकारीसँग समन्वय र सहकार्य | ३८०.० | ३८०.० | ३८०.० | ३८०.० | ३८०.० | विद्यालय | १० | ३८ | ३८ | ३८ | ३८ | ३८ | LG |
| पोषणयुक्त खानेकुराको महत्व बुझाउन जनचेतनात्मक कार्यक्रम सञ्चालन | - | ८०.० | ८०.० | ८०.० | ८०.० | वडा | १० | ० | ८ | ८ | ८ | ८ | LG+Othe |
| विद्यालयमा बिद्यार्थिको सङ्ख्याका आधारमा सरसफाईका सामग्री व्यवस्थापन | ७६.० | ७६.० | ७६.० | ७६.० | ७६.० | विद्यालय | २ | ३८ | ३८ | ३८ | ३८ | ३८ | LG+Other |
| विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्थापन | १६० | १६० | १६० | १६० | १६० | विद्यालय | ४.२ | ३८ | ३८ | ३८ | ३८ | ३८ | LG+Other |
| स्थनीय तहको शिक्षा क्षेत्रकोविद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना विषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन र योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | - | ८०.० | ८०.० | ८०.० | ८०.० | वडा | १० | ० | ८ | ८ | ८ | ८ | LG+Other |
| विद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खाना विषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन | - | ८०.० | ८०.० | ८०.० | ८०.० | वडा | १० | ० | ८ | ८ | ८ | ८ | LG+Other |
| **विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | ०.६६६ | १.१९६ | १.२४६ | १.२९६ | १.३४६ | | | | | | | | |

## ४.५ विद्यालय सुरक्षा, बिपद न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ परिचय

प्राकृतिक प्रकोप, युद्ध, द्वन्द्व, महामारी जस्ता विपद्को अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरीन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षा सँग सम्बद्ध व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारण बालअधिकारको रूपमा स्वीकार गरीएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरीन्छ ।

नेपालको वर्तमान संविधानले बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहीनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरीएको छ ।

### ४.५.२ वर्तमान अवस्था

बिगतमा नेपालमा भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपद्को सामाना गरीरहेको अवस्थामा कोभिड १९ को विश्वव्यापी महामारीले ठुलो शैक्षिक क्षति गरेको देखिन्छ । यस्ता विपद्को समयमा शिक्षाका वैकल्पिक उपाय सहित शिक्षा लाई निरन्तरता दिनु जरुरी छ । शिक्षा लाई विपद्को समयमा निरन्तरता दिनका लागि सिकाइ सहजिकरण निर्देशिका २०७७ , विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना

२०७७ , विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, एस इ इ नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७७ अनुसार शिक्षाका क्रियाकलापहरू लाई निरन्तरता दिएको देखिन्छ । सिस्ने गाउँपालिका रूकुम पूर्वले कोभिडतथा १९- अन्य महामारीको अवस्थामा शिक्षणसिकाइ लाई निरन्तरता दिनरेडियो शिक्षा र टोल शिक्षा साथै अनलाइन कक्षाको माध्यामबाट शिक्षालाई निरन्तरता दिने प्रयोग गरेको थियो । विभिन्न माध्यमको प्रयोग गरेर शिक्षालाई निरन्तरता दिएको भएतापनि यसले विभिन्न चुनौतीहरू झेल्नुपरेको देखिन्छ ।

नेपालको संविधानले सबैलाई अनिवार्य, तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक तह सम्म निःशुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहीनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र ,राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने नीतिगत व्यवस्था गरेको छ जसलाइ अवसरको रुपमा लिन सकिन्छ ।

### ४.५.३ लक्ष्य

हरेक विद्यालयलाई सुरक्षित विद्यालयको स्थापित गरी आपतकालिन अवस्थामा शिक्षा निरन्तरताको सुनिश्चितता गर्ने ।

### ४.५.४ उद्देश्य

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु
- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्नु

### ४.५.५ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने
- सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने ।
- कोभिड १९ -जस्ता सम्भावित महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी
- आपतकालिन अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण संकटासन्नता )Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत् योजना तयार गर्ने साथै विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण, मर्मत तथा पुनर्निर्माण गर्ने
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने र प्रतिकार्य सामग्रीहरु चुस्त राख्ने
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने

### ४.५.६ मुख्य उपलब्धि, क्रियकलाप र लक्ष्य

उपलब्धि

- आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने

नतिजा

- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनरूत्थान योजना तथा क्षमता विकास हुने
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने

- विपद् तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रुपमा सञ्चालन हुने

## ४.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| उत्थानशीलताका लागि whole school approach का आधारमा सचेतना विकास गर्ने | – | १९०.० | १९०.० | १९०.० | १९०.० | **विद्यालय** | ५ | ० | ३८ | ३८ | ३८ | ३८ | FG+LG |
| स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण तथा पुनराबलोकन | १५०.० | १५०.० | १५०.० | १५०.० | १५०.० | **विद्यालय** | १५० | १ | १ | १ | १ | १ | LG+Other |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन (बालक्लबद्वारा जोखिम पहिचान नक्साङ्कन) | ७६.० | ७६.० | ७६.० | ७६.० | ७६.० | विद्यालय | २ | ३८ | ३८ | ३८ | ३८ | ३८ | LG+Other |
| हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | ७६.० | ७६.० | ७६.० | ७६.० | ७६.० | विद्यालय | २ | ३८ | ३८ | ३८ | ३८ | ३८ | LG+Other |
| शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाइ बिपदमा शिक्षा निरन्तरताका लागि तयारी रहने | १६० | १६० | १६० | १६० | १६० | विद्यालय | ४.२ | ३८ | ३८ | ३८ | ३८ | ३८ | LG+Other |
| विद्यालय स्तरमा मनोसामाजिक परामर्श सेवाका कार्यक्रम सञ्चालन गर्ने (माध्यमिक तहबाट)। | – | ९०.० | ९०.० | ९०.० | ९०.० | वडा | १० | ० | ९ | ९ | ९ | ९ | LG+Other |
| **DRR कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | ०.४६२ | ०.७४२ | ०.७४२ | ०.७४२ | ०.७४२ | | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिकाहरू लाई विद्यालयमा भर्ना गर्न विद्यालयको भौतिक पूर्वाधार विकास भएको हुनु पर्दछ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ० ७५. वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रतिविद्यार्थी १ ००. को नियममा वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ तोकिएको छ ।

भौतिक पूर्वाधार विकास अन्तर्गत सुरक्षित विद्यालय, पढ्नका लागि कोठा, खेल्नका लागि खेलमैदान, चर्पी, सफाइ र पिउनका लागि स्वच्छ खानेपानी जस्ता कुराहरू पर्दछन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूरमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, चर्पी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिमयुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरीएको छ ।

### ४.६.२ वर्तमान अवस्था

यस सिस्ने गाउँपालिकामा ४० वटा सामुदायिक विद्यालयहरू रहेका छन् । यस गाउँपालिकामा सबै विद्यालय भवन पक्कि छैनन ।

सङ्घीय ता कार्यान्वयन भन्दा अघि तत्कालीन जिल्ला शिक्षा कार्यालयहरूमा विद्यालय सहितको व्यवस्थापन तथा शिक्षा विभागबाटै विद्यालयमा भौतिकको काम हुने गरेको मा हाल कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा रहेको छ भने निर्माणको मापदण्ड सङ्घीय तह बाट हुदै आएको छ । जसबाट योजना र कार्यान्वयनमा तालमेल मिल्न सकेको छैन । विद्यालय भौतिक पूर्वाधार विकासका सन्दर्भमा एकरूपता नभएको

अवस्थामा के कस्ता संरचनाहरू आवश्यक हुन् र ति आवश्यक पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ ।

### ४.६.३ लक्ष्य

पालिका भित्रका विद्यालयहरुको सुरक्षित र मापदण्डमा आधारित भौतिक पूर्वाधार विकास मार्फत शैक्षिक गुणस्तर अभिबृद्धिमा सहयोग पुर्याउने ।

### ४.६.४ उद्देश्य

- विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु
- गुणस्तरीय र सुरक्षित पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु ।

### ४.६.५ रणनीतिहरू

- विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको लेखाजोखा र विस्तार गर्ने ।
- पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण, देशको भूगोल, हावापानी र लागतका आधारमा मापदण्ड अनुसरण गर्ने ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवम् निकायहरूसँग स्रोत व्यवस्थापनका लागि लागत साझेदारी गर्ने ।
- पूर्वाधार विकासमा सबै कार्य एकैपटक निर्माण गर्नेगरी योजना गर्ने र विद्यालयको सम्पूर्ण निर्माणको अवधारणा विकास गरी कार्यान्वयन गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता विकास गर्ने ।
- सरोकारवाला र अन्तर सरकारबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवम् जनशक्तिको उपयोग कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने

- विद्यालयमा आवश्यकता अनुसार सूचना केन्द्र, पुस्तकालय, डिजिटल हवको स्थापना गर्ने ।
- हरेक वडा स्तरमा एउटा नमुना विद्यालय बनाउन पहल गर्ने ।

### ४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- सुरक्षित विद्यालय पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग भएको हुने छ ।

प्रमुख नतिजाः

- गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
- 'एक विद्यालय सम्पूर्ण पूर्वाधार'को अवधारणा अनुसार पूर्वाधार विकास हुने ।
- विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने ।
- विद्यालयमा बनेका संरचनाहरूको सम्बर्धन तथा मर्मत सम्भारका लागि पद्दतीको विकास हुने ।
- सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने ।

## ४.६.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| स्थानीय तहका छनौट भएका विद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | १३५८५ | १३५८५ | १७२९० | २०९९५ | १७२९० | **विद्यालय** | ६५०० | २ | ३ | ३ | ३ | ३ | FG+LG+Other |
| स्थानीय तहका छनौट भएका विद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित विद्यालयहरूलाई विद्यालय मर्मत खर्च बापतको अनुदान दिने | २७५५ | २७५५ | २७५५ | २७५५ | १६५३ | विद्यालय | २९० | १० | १० | १० | ६ | ४ | FG+LG+Other |
| विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | ५०० | ५०० | ५०० | ५०० | ५०० | पटक | ५०० | १ | १ | १ | १ | १ | FG+LG |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | ७८० | ११७० | ७८० | ७८० | ३९० | विद्यालय | २०० | ४ | ६ | ४ | ४ | २ | FG+LG+Other |
| **पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | | |
| विद्यालयहरुमा नक्साङ्नका आधारमा कक्षाकोठामा बुक कर्नर, शारिरीक अवस्थाका आधारमा डेस्क बेन्चको व्यवस्थापन कार्यक्रम गर्ने | ७५०.० | ७५०.० | ७५०.० | ७५०.० | ७५०.० | विद्यालय | १५० | ५ | ५ | ५ | ५ | ५ | LG+Other |
| आधारभूत तहमा बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय भवन निर्माण मर्मत कार्यक्रम | - | १,५००.० | १,५००.० | १,५००.० | १,५००.० | विद्यालय | ५०० | ० | ३ | ३ | ३ | ३ | LG+Other |
| विद्यालय शौचालय, खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यक्रम | | ९००.० | ९००.० | ९००.० | ९००.० | विद्यालय | ३०० | | ३ | ३ | ३ | ३ | LG+Other |
| नमूना बालविकास निर्माण तथा कार्यान्वयन | - | २,४०० | २,४०० | २,४०० | २,४०० | विद्यालय | २४०० | ० | १ | १ | १ | १ | LG+Other |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयमा बालमैत्री पूर्वाधार तथा संरचनाहरको निर्माण र विकास गर्ने | | ९०० | १,२०० | १,२०० | १,२०० | विद्यालय | ३०० | | ३ | ४ | ४ | ४ | LG+Other |
| बालविकास केन्द्र तथा आधारभूत तह कक्षा १-३ मा रंगरोगन तथा भित्ते लेखन कार्यक्रम | | ५०० | ६०० | ६०० | ८०० | विद्यालय | १०० | ५ | ५ | ६ | ६ | ८ | LG+Other |
| आधारभूत तह (कक्षा ०-५) का बालबालिकाहरुका लागि दिवा खाजा घर व्यवस्थापन कार्यक्रम | ४०० | १,२०० | १,६०० | २,००० | २,४०० | वटा | ४०० | १ | ३ | ४ | ५ | ६ | LG+Other |
| **विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | १८.७७० | २६.५६० | ३१.४७५ | ३५.५८० | ३०.९८३ | | | | | | | | |

## ४.७ विद्यालय सूचना तथा प्रविधि

### ४.७.१ परिचय

सूचना प्रविधिको विकास र प्रयोग तिब्र गतिले बढिरहेको अवस्था छ । सबै नागरीकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालीन उद्देश्य पनि रहेको छ । उसैपनि विश्वमा प्रतिस्पर्धी, श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरू बिच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा सबै नागरीकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ ।

डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र

शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ ।

### ४.७.२ वर्तमान अवस्था

### ४.७.३ लक्ष्य

विद्यालयहरुमा प्रविधि विकास र शिक्षण सिकाइको अवस्थालाई कार्यान्वयनमूलक बनाई प्रविधिमैत्री विद्यालय सुनिश्चित गर्ने ।

### ४.७.४ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु
- विद्यालयमा सूचना प्रविधि प्रयोगका लागि दक्ष जनशक्ति उत्पादन गर्ने ।

### ४.७.५ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
- विभिन्न कक्षा र विषयका लागि तयार गरीएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने र शिक्षकहरूको क्षमता विकास गर्ने ।
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।

- आपतकालिन अवस्थामा शिक्षा निरन्तरताका लागि सूचना तथा प्रविधिको विकास गरी आवश्यक योजना बनाई कार्यान्वयनका लागि तयारी अवस्थामा रहने ।

### ४.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने

प्रमुख नतिजाः

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने साथै अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने

## ४.७.७ विद्यालयमा सूचना तथा प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | |
| विद्यालयमा ICT संरचना विस्तार | – | ६०० | ८०० | ८०० | १२०० | **विद्यालय** | २०० | ० | ३ | ४ | ४ | ६ | FG+PG+LG |
| प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | - | ४५६ | ४५६ | ४५६ | ४५६ | **विद्यालय** | १२ | ० | ३८ | ३८ | ३८ | ३८ | FG+LG |
| विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | – | ४५० | ६०० | ६०० | ८०० | **विद्यालय** | ५० | ० | ९ | १२ | १२ | १६ | FG+LG+ Other |
| IEMIS व्यवस्थापन कार्यक्रम | – | २०० | २०० | २०० | २०० | **पटक** | २०० | ० | १ | १ | १ | १ | LG |
| सामुदायिक सिकाइ केन्द्रहरूका परिचालकहरूको क्षमता विकास | – | ५० | ५० | ५० | ५० | **पटक** | ५० | ० | १ | १ | १ | १ | LG |
| विद्यालयमा प्रिन्टेवल इ-हाजिरी व्यवस्थापन | – | २२५ | ४०० | ६०० | ६०० | **विद्यालय** | २५ | ० | ९ | १६ | २४ | २४ | FG+LG+ Other |
| माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन सहयोग | – | १०८ | १०८ | १४० | १४० | **शिक्षक** | ४ | ० | २७ | २७ | ३५ | ३५ | LG+Other |
| प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | – | १६० | १६० | २४० | ३६० | **विद्यालय** | ४० | ० | ४ | ४ | ६ | ९ | LG+Other |
| प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | ३०४ | ३०४ | ३०४ | ३०४ | ३०४ | शिक्षक | ८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | LG+FG |
| प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागि श्रव्यदृश्य सामग्री सहयोग कार्यक्रम | – | २०० | ३२० | ४८० | ६८० | विद्यालय | २० | ० | १० | १६ | २४ | ३४ | FG+LG+ Other |
| **विद्यालय ICT कार्यक्रमको जम्मा बजेट (लाखमा)** | ०.३०४ | २.७५३ | ३.३९८ | ३.८७० | ४.७९० | | | | | | | | |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ विकास संस्थागत क्षमता

### ६.१.१ परिचय

सङ्घीयता पछि नेपालको शिक्षा क्षेत्रको संरचना तीनै तहमा कायम गरीएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकृया र क्षमता सुधार गरीएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यद्यपि यस योजना निर्माणको अवधि सम्म पनि सङ्घीय शिक्षा ऐन जारी हुन सकेको छैन ।

यस योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँपालिका शिक्षा समिति, वडा शिक्षा समिति, गाउँपालिका शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय तथा शिक्षा शाखा मातहतका विभिन्न समितिहरू मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरीएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरीएको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ । नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक

जनशक्ति विकास केन्द्र अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि ऐनबमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा/ शाखाको व्यवस्थागरीएको छ ।

### ६.१.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिका अन्तर्गत रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना शिक्षा अधिकृत, एक जना विद्यालय सहायकको दरबन्दीमा काम भैरहेको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रूपमा व्यवस्थित बन्न सकेको छैन ।

पालिकाको शिक्षा शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन । यस योजना निर्माणको अवधि सम्म पनि सङ्घीय शिक्षा ऐन बन्न सकेको छैन । जसका कारण साझा अधिकार क्षेत्रभित्र रहेका कतिपय समस्याहरू समाधानमा कठिनाइ देखिने गरेको छ ।सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् ।

सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरीएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण नियमित गर्ने गर्दछन् ।

विद्यालयमा नागरीक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ ।

त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरीएको छ । शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरीएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरीएको छ । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको कानुन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकारवालाहरूबाट आइरहेका छन् ।

### ६.१.३ लक्ष्य

विद्यालयका सबै संस्थागत संरचनाहरुको समुचित ब्यव्थापन र परिचालन गरी प्रभावकारी विद्यालय व्यवस्थापन तथा विद्यालय सुशासन सुनिश्चित गर्ने ।

### ६.१.४ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
- तीनै तहका सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्नु,

- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु,

### ६.१.५ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने ।
- जनशक्तिको प्रेरणात्मक विकासको लागि कार्यक्रम सञ्चालन गर्ने ।

### ६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिः

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुने ।

प्रमुख नतिजाः

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने,
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने ।

## ६.१.७ प्रमुख नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शैक्षिक कार्य सम्पादनका लागि आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | १ | | १ | | १ | ३ | |
| २ | संस्थागत संरचनाहरू गठन, पुनर्गठन तथा भैरहेकाहरूको कार्यसम्पादन गर्ने | पटक | १ | | १ | | १ | ३ | |
| ३ | प्रधानाध्यापक लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षाका संरचनामा सम्बद्ध पदाधिकारीहरूको क्षमता विकास (विव्यस, सिअसंघ र वडा शिक्षा समिति सम्बद्ध पदाधिकारी) | वडा | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| ५ | प्रधानाध्यापक तथा शिक्षा शाखा कर्मचारीको क्षमता विकास तालिम तथा अन्तर्क्रिया | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ६ | वडा तथा गाउँ शिक्षा समितको | पटक | १ | १ | १ | १ | १ | ५ | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| | अभिमुखीकरण | | | | | | | | |
| ७ | शिक्षा शाखाका कर्मचारी ता संस्थागत संरचनाका पदाधिकारीहरूको क्षमता विकासका लागि तालिम, गोष्ठि, सेमिनार तथा भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ६.१.८ विद्यालय सुशासन प्रवर्दन कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रति इकाई बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | | | २०२४/२५ ८१/८२ | २०२५/२६ ८२/८३ | २०२६/२७ ८३/८४ | २०२७/२८ ८४/८५ | २०२८/२९ ८५/८६ | स्रोत व्यवस्थापन |
| शैक्षिक कार्य सम्पादनका लागि आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | २०० | ० | २०० | ० | २०० | पटक | २०० | १ | | १ | | १ | FG+LG |
| विद्यालय सँग सम्बन्धित संस्थागत संरचनाहरू गठन, पुनर्गठन तथा भैरहेकाहरूको अभिमुखिकरण गर्ने | - | ९६ | ० | ९६ | ० | वडा | १२ | ० | ८ | | ८ | | LG+Other |
| प्रधानाध्यापक लाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउने | ५० | ५० | ५० | ५० | ५० | पटक | ५० | १ | १ | १ | १ | १ | LG |
| शिक्षाका संरचनामा सम्बद्ध पदाधिकारीहरूको क्षमता विकास (विव्यस, सिअसंघ र वडा शिक्षा समिति सम्बद्ध पदाधिकारी) | २५६ | २५६ | २५६ | २५६ | २५६ | वडा | ३२ | ८ | ८ | ८ | ८ | ८ | FG+LG |
| प्रधानाध्यापक तथा शिक्षा शाखा कर्मचारीको क्षमता विकास तालिम तथा अन्तर्क्रिया | - | ४० | ४० | ४० | ४० | पटक | ४० | ० | १ | १ | १ | १ | LG+Other |
| वडा तथा गाउँ शिक्षा समितको अभिमुखीकरण | - | ६० | ० | ६० | ० | पटक | ६० | ० | १ | | १ | | LG+Other |
| शिक्षा शाखाका कर्मचारी ता संस्थागत संरचनाका पदाधिकारीहरूको क्षमता विकासका | - | ० | २०० | ० | २०० | पटक | २०० | ० | | १ | | १ | FG+LG |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लागि तालिम, गोष्ठि, सेमिनार तथा भ्रमण | | | | | | | | | | | | | |
| अभिभावक तथा सरोकारवालाहरुको विद्यालयमा सक्रियता बढाउन अभिभावक अनतर्किया कार्यक्रम | - | ११४ | ११४ | ११४ | ११४ | विद्यालय | ३ | ० | ३८ | ३८ | ३८ | ३८ | LG+Other |
| विभन्न शैक्षिक कार्यक्रम तथा परियोजना सञ्चालनका लागि साझेदारी गर्ने निकायसँगको लागत साझेदारी | - | ६०० | ६०० | ६०० | ६०० | पटक | ६०० | ० | १ | १ | १ | १ | LG |
| शैक्षिक बहस कार्यक्रम सञ्चालन (अध्यक्ष/उपाध्यक्षसँग बालबालिका कार्यक्रम) | - | ८० | ८० | ८० | ८० | पटक | ४० | ० | २ | २ | २ | २ | LG |
| अभिभावक उत्प्रेरणा तथा विद्यालय सांगितिक सहभागिता कार्यक्रम | - | ८० | १०० | १२० | १८० | विद्यालय | २० | ० | ४ | ५ | ६ | ९ | LG+Other |
| **विद्यालय सुशासन प्रवर्दन कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **०.५०६** | **१.३७६** | **१.६४०** | **१.४१६** | **१.७२०** | | | | | | | | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## ७.१.१ परिचय

राज्यले सबै नागरीकहरूलाई आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान गरेको छ । आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढंगले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याइ तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ । आर्थिक तथा सामाजिक विकास लागि सिस्ने गाउँपालिकाले आन्तरिक तथा वित्तीय हस्तान्तरण भई आएका विभिन्न स्रोतबाट बजेटको सुनिश्चित गरीएको छ । शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने मान्यतालाई आत्मसात् गरी बजेटमा प्राथमिकता प्रदान गर्दै आएको छ । सर्सत र निसर्त अनुदानबाट बजेट तथा कार्यक्रम सञ्चालन गर्न सकिने संवैधानिक तथा नीतिगत व्यवस्था रहेको छ ।

शिक्षा क्षेत्रको विकास र उन्नयनका लागि थुप्रै चुनौती पनि रहेका छन् । सीमित स्रोत साधन र असीमित आवश्यकताको सम्बोधन गर्नु प्रमुख चुनौती रहेको छ । कमजोर पूर्वाधारको विस्थापन गरी सुविधासम्पन्न पूर्वाधारको निर्माण गर्नु पनि चुनौती रहेको छ

। कार्यान्वयन संयन्त्रको क्षमता विकास र सबलीकरण गर्नु पनि अर्को चुनौतीका रूपमा देखापरेको छ । थुप्रै चुनौतीका साथ अवसरहरू पनि छन् । नेपालको संविधान र सोको कार्यान्वयनका लागि बनेका ऐन, नियमावली, नीति तथा कार्यक्रममार्फत प्राप्त अधिकार र संरचनाहरूको विकास हुनु अवसर रहेको छ । शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार हो भन्ने मान्यता र साझा दायित्व हो भन्ने मान्यताका साथा साझा लगानीबाट शिक्षा क्षेत्रको वर्तमान आवश्यकता परिपुर्ति गर्ने गरी योजना बनाइएको छ

### ७.१.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ । ससर्त अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ठूलो हिस्सा शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । स्थानीय सरकारका कार्यक्रमहरू गुणस्तर अभिवृद्धि र क्षमता विकासमा केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत १६ हजार ३ सय २२ रहेको छ ।

यसका साथै शिक्षा क्षेत्रमा कार्य गर्ने सघं सस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु,शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुस्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरीनेछ ।

### ७.१.३ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चितता हुने

### ७.१.४ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
- पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु

### ७.१.५ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरीने
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरीने ।
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरीने
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरीने
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरीने
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने

### ७.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने ।

- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

**प्रमुख नतिजाः**

- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## ७.१.७ विभिन्न क्षेत्रबाट आंकलन गरीएको ५ वर्षको अनुमानित बजेट (लाखमा

| उपक्षेत्र/अन्तरसम्बन्धित विषय क्षेत्र | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौं वर्ष | योजना अवधिको अनुमानित जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| बालविकास तथा पूर्व प्राथमिक | ४१.१८२ | ४२.४६४ | ४३.६५२ | ४४.४०९ | ४५.०१५ | २१६.७२२ |
| आधारभूत तह | १७२.९२६ | १७६.९४४ | १९१.०१५ | १९४.३६९ | १९६.३४५ | ९३१.६०१ |
| माध्यमिक तह | १६८.३२८ | १७२.६१६ | १८८.१३२ | १९२.१२२ | १९४.४८८ | ९१५.६८७ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा | ०.४५ | १.२५ | ३.५४ | ४.३८५ | ४.३८५ | १४.०१ |
| अनौपचारिक तथा जीवनउपयोगि शिक्षा | १.४७२ | २.३७२ | २.८८८ | ४.६४४ | ५.०३४ | १६.४१ |
| पाठ्यक्रम र मूल्याङ्कन | ०.४७४४ | १.८९१६ | १.७४१६ | १.३४ | २.४४ | ७.८८८ |
| शिक्षक व्यवस्थापन | १.३०७ | ६.३८७ | ५.३०१ | ६.०३९ | ७.४ | २६.४३४ |
| समावेशी शिक्षा | १.८७४ | २.२८ | २.०७७ | २.०७७ | २.२७७ | १०.५८५ |
| विद्यालय स्वास्थ्य तथा पोषण | ०.६६६ | १.१९६ | १.२४६ | १.२९६ | १.३४६ | ५.७५ |
| बिपद् व्यवस्थापन | ०.४६२ | ०.७४२ | ०.७४२ | ०.७४२ | ०.७४२ | ३.४३ |
| भौतिक पूर्वाधार विकास | १८.७७ | २६.५६ | ३१.४७५ | ३५.५८ | ३०.९८३ | १४३.३६८ |
| सूचना तथा प्रविधि | ०.३०४ | २.७५३ | ३.३९८ | ३.८७ | ४.७९ | १५.११५ |
| विद्यालय सुशासन | ०.५०६ | १.३७६ | १.६४ | १.४१६ | १.७२ | ६.६५८ |
| **योजना अवधिको प्रक्षेपित कुल बजेट (लाखमा)** | **४०८.७२१** | **४३८.८३२** | **४७६.८४८** | **४९२.२८९** | **४९६.९७** | **२३१३.६५८** |

## ७.१.८ योजना कार्यान्वयनमा बित्तिय साझेदारीको आंकलन तथा लगनी व्यवस्थापन

| लगानीको हिस्सा | लगानी प्रतिशत |
|---|---|
| सङ्घीय सरकार | ७०.२०० |
| प्रदेश सरकार | ०.९४०० |
| स्थानीय सरकार | १३ |
| दातृ निकाय र सहयोगी | ५.६०० |
| समूदाय तथा अभिभावक | १.८०० |
| अन्य स्रोत तथा साझेदारी | ०.१६० |
| अपुग हुने बजेट | ८.३०० |
| जम्मा | १००.००० |

## ७.१.९ योजना कार्यान्वयनमा अपेक्षित वार्षिक लगानीको हिस्सा (रु. लाखमा)

| उपक्षेत्र/अन्तरसम्बन्धित विषय क्षेत्र | योजना अवधिको अनुमानित बजेट | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | दातृ निकाय र सहयोगी | समूदाय तथा अभिभावक | अन्य | अपुग हुने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| बालविकास तथा पूर्व प्राथमिक | २१६.७२२ | १५२.१३९ | २.०३७ | २८.१७४ | १२.१३६४३ | ३.९०१ | ०.३४७ | १७.९९ |
| आधारभूत तह | ९३१.६०१ | ६५३.९८४ | ८.७५७ | १२१.१०८ | ५२.१६९६६ | १६.७६९ | १.४९१ | ७७.३२ |
| माध्यमिक तह | ९१५.६८७ | ६४२.८१२ | ८.६०७ | ११९.०३९ | ५१.२७८४७ | १६.४८२ | १.४६५ | ७६ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा | १४.०१ | ९.८३५ | ०.१३२ | १.८२१ | ०.७८४५६ | ०.२५२ | ०.०२२ | १.१६३ |
| अनौपचारिक तथा जीवनउपयोगि शिक्षा | १६.४१ | ११.५२० | ०.१५४ | २.१३३ | ०.९१८९६ | ०.२९५ | ०.०२६ | १.३६२ |
| पाठ्यक्रम र मूल्याङ्कन | ७.८८८ | ५.५३७ | ०.०७४ | १.०२५ | ०.४४१७२८ | ०.१४२ | ०.०१३ | ०.६५५ |
| शिक्षक व्यवस्थापन | २६.४३४ | १८.५५७ | ०.२४८ | ३.४३६ | १.४८०३०४ | ०.४७६ | ०.०४२ | २.१९४ |
| समावेशी शिक्षा | १०.५८५ | ७.४३१ | ०.०९९ | १.३७६ | ०.५९२७६ | ०.१९१ | ०.०१७ | ०.८७९ |
| विद्यालय स्वास्थ्य तथा पोषण | ५.७५ | ४.०३७ | ०.०५४ | ०.७४८ | ०.३२२ | ०.१०४ | ०.००९ | ०.४७७ |
| बिपद् व्यवस्थापन | ३.४३ | २.४०८ | ०.०३२ | ०.४४६ | ०.१९२०८ | ०.०६२ | ०.००५ | ०.२८५ |
| भौतिक पूर्वाधार विकास | १४३.३६८ | १००.६४४ | १.३४८ | १८.६३८ | ८.०२८६०८ | २.५८१ | ०.२२९ | ११.९ |
| सूचना तथा प्रविधि | १५.११५ | १०.६११ | ०.१४२ | १.९६५ | ०.८४६४४ | ०.२७२ | ०.०२४ | १.२५५ |
| विद्यालय सुशासन | ६.६५८ | ४.६७४ | ०.०६३ | ०.८६६ | ०.३७२८४८ | ०.१२० | ०.०११ | ०.५५३ |
| **योजना अवधिको प्रक्षेपित कुल बजेट (लाखमा)** | **२३१३.६५८** | **१६२४.१८८** | **२१.७४८३९** | **३००.७७५५** | **१२९.५६५** | **४१.६४५८४४** | **३.७०२** | **१९२.०३** |

# परिच्छेद ८

## ८.१ अनुगमन तथा मूल्याङ्कन

### ८.१.१ परिचय

शिक्षा योजनाको कार्यान्वयनको र प्रभावकारीताको वर्तमान अवस्था पहिचान गर्न र पुनरावलोकन गरी आगामी दिनहरुमा यसको अझ प्रभावकारी कार्यान्वयनको योजना निर्माण गरी अगाडि बढ्न अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका हुन्छ । योजना, कार्यक्रम वा परियोजनाको कार्यान्वयनको क्रममा नियमित रूपमा हुने गतिविधिहरूको निरीक्षण, अवलोकन, सूचना सङ्कलन, विश्लेषण र सुधार गर्ने प्रक्रिया हो। कुनै योजनाबद्ध कार्यक्रमको पूर्व तयारीदेखि यसको कार्यान्वयनको अन्त्यसम्ममा अनुगमन तथा मूल्याङ्कनको पक्षलाई जोड्नु आवश्यक हुन्छ ।यस योजनामा यो शिक्षा योजनाको कार्यान्वयनको अवस्थामा हुने अनुगमन तथा मूल्याङ्कनको पक्षलाई समेट्न खोजिएको छ । जसमा योजना कार्यान्वयनको अवधिमा हुने मूल्याङ्कन पद्दतिको स्वरुप, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहभागिको सुनिश्चितता र अनुगमन तथा मूल्याङ्कनमा प्रयोग हुने बिधिहरुको सुनिश्चितता गरीएको छ ।

अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई उद्देश्यमूलक, पारदर्शी, नतिजामूखी, जबाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछन् । यो शैक्षिक उपलब्धिहरु प्राप्तिका आधारहरु एकिन गर्नका लागि नभै नहुने आधारभूत सर्त हो ।

### ८.२ वर्तमान अवस्था

सिस्ने गाउँपालिकाले हालसम्म पालिका मार्फत सञ्चालन गरीएका शैक्षिक कार्यक्रमहरुको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा निरन्तर अनुगमन गरीरहेको अवस्था छ । स्थानीय जनप्रतिनिधिहरु, शैक्षिक व्यक्तित्वहरु र सरोकारवालाहरुको सहभागितामा अनुगमन तथा मूल्याङ्कनको कार्य गरीरहेको अवस्था भए पनि, निश्चित योजना,

सूचकहरुको प्रयोग र समयको निर्धारण गरी अनुगमनको अभ्यासको अभाव रहेको छ । वर्तमान ऐन कानुन र नियमावलिले दिएका अधिकारहरुको आधारमा अनुगमन तथा मूल्याङ्कनका कार्यहरु पालिकाले सञ्चालन गरीरहेको अवस्था छ । शिक्षा योजनाले तय गरेका कार्यक्रमहरुको पनि निर्देशिका र सूचकहरु निर्माण गरी अनुगमन गरीने छ ।

सिस्ने गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको अनुगमन प्रक्रिया निम्न बमोजिम हुनेछ :

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | सिस्ने गाउँपालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | एकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

## ८.३ उद्देश्य

- शैक्षिक अवस्थाको अनुगमन तथा मूल्याङ्कन प्रणाली र पद्दतिको विकास गर्ने ।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजा तथा प्रमाणमा आधारित बनाई आगामी दिनको योजना बनाई कार्यान्वयन गर्नु ।
- शिक्षा योजनामा समावेश गरीएका कार्यक्रमहरुको प्रभावकारी रुपमा सञ्चालन गर्नु ।
- शिक्षाका वार्षिक नीति तथा कार्यक्रमहरु प्रभावकारी बनाई कार्यान्वयन गर्नु ।

## ८.४ रणनीतिहरु

- अनुगमनका लागि आवश्यक बिधि, साधन र प्रक्रिया ठोस गर्ने ।
- अनुगमन र मूल्याङ्कनमा अनुगमनकर्ताको भूमिका र जिम्मेवारी ठोस गर्ने ।
- विद्यालयमा शैक्षिक जनशक्ति र सरोकारवालाहरुलाई उत्प्रेरित र पृष्ठपोषण गर्ने
- सहभागितामुलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने ।
- आवश्यकता अनुसार शैक्षिक बिज्ञ र जनशक्तिको परिचालन गर्ने ।
- शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको चुस्त र समयमै अद्यावधिकरणको वातावरण बनाउने ।
- अनुगमनका लागि राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत तयार गरी उपयोग गरीने छ ।
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरीने छ ।
- सरोकारवाला ठोस गरी समन्वय,साझेदारी र सहकार्यको वातावरण निर्माण गर्ने ।

## ८.५ **प्रमुख उपलब्धि तथा नतिजा**

उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका माध्यामबाट अपेक्षित शैक्षिक नतिजा प्राप्ति भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृत प्रणाली विकास भएको हुने छ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

नतिजा

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।
- नतिजामा आधारित अनुगमन प्रणालीबाट शिक्षा योजना तथा कार्यक्रमको प्रभावकारी कर्यान्वयन भएको हुनेछ ।

## ८.६ अनुगमन तथा मूल्याङ्कनका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | एकाई | प्रस्तावित बजेट | वार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | - | २००.० | - | - | २००.० | | २०० | | १ | | | १ |
| शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधिकरण गर्ने साथै वार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | २००.० | २००.० | २००.० | २००.० | २००.० | | २०० | १ | १ | १ | १ | १ |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने | १९०.० | १९०.० | १९०.० | १९०.० | १९०.० | | ५ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन योजनाको गुणस्तर वृद्धि गर्ने | ४००.० | ४००.० | ४००.० | ४००.० | ४००.० | | ४०० | १ | १ | १ | १ | १ |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | ५७०.० | ५७०.० | ५७०.० | ५७०.० | ५७०.० | | १५ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा विभन्न Issues मा आधारित अनुसन्धान कार्यहरू (वार्षिक कम्तिमा १ समस्यामा) | १०० | १०० | १०० | १०० | १०० | | १०० | १ | १ | १ | १ | १ |
| स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | - | - | ५०.० | - | ५०.० | | ५० | | | १ | | १ |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्ने (जसमा:- १/२ महिने लामो अवधिको तालिम, शैक्षिक नीति/नियम, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य विषय क्षेत्रमा वार्षिक रूपमा अभिमुखीकरण, आदि) | २००.० | २००.० | २००.० | २००.० | २००.० | | २०० | १ | १ | १ | १ | १ |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमता अभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | - | ४०० | - | ४०० | - | | ४०० | | १ | | १ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पालिकाबाट थप गरेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| वार्षिक शैक्षिक क्यालेन्डर निर्माण कार्यक्रम | – | १५०.० | १५०.० | १५०.० | १५०.० | | १५० | १ | १ | १ | १ | १ |
| पालिकाको शिक्षा शाखाको वार्षिक प्रगति प्रतिबेदन प्रकाशन | – | २००.० | २००.० | २००.० | २००.० | | २०० | १ | १ | १ | १ | १ |
| शैक्षिक सिकाइ आदानप्रदानका लागि कर्मचारी, शिक्षक र जनप्रतिनिधिहरुको संयूक्त शैक्षिक भ्रमण कार्यक्रम | – | – | ५००.० | – | ५००.० | | ५०० | १ | | १ | | १ |
| विद्यालयहरुको अनुगमन, सुपेरिबेक्षण तथा पृष्ठपोषण कार्यक्रम | – | ४००.० | ४००.० | ४००.० | ४००.० | | ४०० | १ | १ | १ | १ | १ |
| शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकसँग करार सम्झौताको समिक्षा, पुनराबलोकन, अनुगमन र प्रोत्साहन | | २०० | २०० | २०० | २०० | | २०० | | १ | १ | १ | १ |
| **स्थानीय तहको शिक्षामा क्षमता अभिबृद्धि, अनुगमन र मुल्यांकन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | **१.६६०** | **३.२१०** | **३.१६०** | **३.०१०** | **३.३६०** | | | | | | | |

# अनुसूचि १ पालिका अन्तर्गतका विद्यालयहरुको बिवरण

| क्रस | विद्यालयको नाम | IEMIS कोड | वडा नं. | प्रधानाध्यापकको नाम | सम्पर्क नं. | विद्यालयको प्रकार | संचालित तह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत विद्यालय झाक्रिपोले | ५४०३००००७ | ४ | भक्तराज शर्मा | ९८६८४०३१५२ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| २ | आधारभूत विद्यालय भुरुङ्गा | ५४०४२०००६ | ८ | मोहन कुमार पुन | ९८४९०८६३१० | सामुदायिक | बालविकास - कक्षा ८ | |
| ३ | आधारभूत विद्यालय नाथिगाड | ५४०४२०००३ | ७ | मोतिराम रेउले | ९८६३११८६२८ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| ४ | आधारभूत विद्यालय स्यालापाखा | ५४०४२०००१ | ८ | हिरालाल पुन | ९८४४९१४९९१ | सामुदायिक | बालविकास - कक्षा ८ | |
| ५ | बाल आधारभूत विद्यालय रातामाटा | ५४०३००००९ | ४ | पुष्पा खड्का | ९८६८२८२२२७ | सामुदायिक | बालविकास - कक्षा ३ | |
| ६ | बाल विकास आधारभूत विद्यालय छिपखोला | ५४०३२०००१ | २ | नन्दलाल घर्ति | ९८६२७८९६२९ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| ७ | प्रारम्भिक बाल विकास केन्द्र लैपा | ५४०३२००१० | २ | लक्ष्मि के.सी. | ९८४५३७९७७९ | सामुदायिक | बालविकास | |
| ८ | बाल चेतना आधारभूत विद्यालय दत्कुना | ५४०३२०००४ | २ | झुपिलाल रिजाल | ९८६८६९८०९७ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| ९ | बालकल्याण आधारभूत विद्यालय झिमखोला | ५४०४२०००९ | ८ | मनमति पुन | ९८४४९८९४७४ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| १० | आधारभूत विद्यालय ढांका | ५४०३००००३ | ४ | बल बहादुर खड्का | ९८६६८७३८१४ | सामुदायिक | बालविकास - कक्षा ८ | |
| ११ | आधारभूत विद्यालय सिस्नेपोखरी | ५४०३९०००२ | १ | राज कुमार रिजाल | ९८६८२४६३९३ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| १२ | हिमालय आधारभूत विद्यालय ओखेना | ५४०३९०००५ | १ | बसन्ता पोखरेल | ९८६४७२९३९८ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| १३ | हिमालय माध्यमिक विद्यालय नायगाड | ५४०३२०००६ | २ | पूर्ण बहादुर बोहरा | ९८६६९६५२८७ | सामुदायिक | बालविकास - कक्षा १२ | |
| १४ | हिमालय आधारभूत विद्यालय किंदा | ५४०३२०००२ | २ | चित्रा मल्ल | ९८६६७३५८१८ | सामुदायिक | कक्षा १ - कक्षा ५ | |
| १५ | हिमालय आधारभूत विद्यालय ओखरबोट | ५४०३२०००५ | २ | पृथि बहादुर रिजाल | ९८६८२८२४८८ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| १६ | हिमालय माध्यमिक विद्यालय पाखापानी | ५४०३९०००३ | १ | उमेश खड्का | ९८६८२०७५८३ | सामुदायिक | बालविकास - कक्षा १० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | हिमशिखा बोर्डिङ स्कुल रुकुमकोट | ५४०४०००१४ | ६ | कैलाश कुमार मल्ल | ९८४९४०६५५९ | संस्थागत | बालविकास - कक्षा १० | |
| १८ | हिमशिखर आधारभूत विद्यालय सुद्रि | ५४०३२०००७ | २ | प्रेम बहादुर खत्री | ९८४४८५८८९६ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| १९ | जनचेतना आधारभूत विद्यालय चिसापानी | ५४०४२००१२ | ७ | करुणा गिरी बुढा | ९८६६९१९०५१ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| २० | जनसहयोग आधारभूत विद्यालय अमलाचौर | ५४०३००००४ | ४ | हिरालाल के.सी. | ९८४४८७८६२३ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| २१ | जनसहयोग आधारभूत विद्यालय पैंयापाटा | ५४०३२०००८ | २ | कमला खड्का | ९८४६७८६०२७ | सामुदायिक | बालविकास - कक्षा ३ | |
| २२ | जनसेवा आधारभूत विद्यालय सानचौर | ५४०४२०००२ | ७ | खड्ग प्रसाद बुढा | ९८४७८१२८४५ | सामुदायिक | बालविकास - कक्षा ८ | |
| २३ | जनता आधारभूत विद्यालय खोपिचार | ५४०४००००१ | ६ | रमन बिक्रम शाह | ९८४७८७८४९६ | सामुदायिक | बालविकास - कक्षा ८ | |
| २४ | जनता माध्यमिक विद्यालय पोखरा | ५४०३००००५ | ३ | कलु खड्का | ९८४४८७४०९० | सामुदायिक | बालविकास - कक्षा १२ | |
| २५ | जीवनज्योति आधारभुत विद्यालय टाकुरा | ५४०४०००१० | ५ | बसन्ति डागी | ९८६८२७९५५३ | सामुदायिक | बालविकास - कक्षा १ | |
| २६ | कालिका बालविकास केन्द्र पाखागाउँ | ५४०४०००१८ | ६ | मालति बुढाथोकी | ९८४३०५२०४३ | सामुदायिक | बालविकास | |
| २७ | कमलदह अंग्रेजी माध्यम बोर्डिङ स्कुल रुकुमकोट | ५४०४०००१७ | ५ | सुदन शर्मा | ९८४४९१४६६२ | संस्थागत | बालविकास - कक्षा ८ | |
| २८ | कोट माध्यमिक विद्यालय रुमालवारा | ५४०४००००४ | ५ | सरदचन्द्र समाल | ९८४७९५४०९९ | सामुदायिक | बालविकास - कक्षा १० | |
| २९ | नवज्योति आधारभूत विद्यालय खरिबोट | ५४०३२०००३ | २ | तेज कुमार बुढा | ९८४४९०३४४८ | सामुदायिक | बालविकास - कक्षा ८ | |
| ३० | नव बिहानी आधारभूत विद्यालय ढकालवारा | ५४०४०००१२ | ६ | कमला मल्ल | ९८६३३२४१२४ | सामुदायिक | बालविकास - कक्षा ३ | |
| ३१ | नवज्योति माध्यमिक विद्यालय बल्लेचौर | ५४०३९०००४ | १ | घनसिंह खड्का | ९८६८०३४४३३ | सामुदायिक | बालविकास - कक्षा १० | |
| ३२ | प्रगति आधारभूत विद्यालय काडा | ५४०३००००६ | ४ | हिमलाल खड्का | ९८४४९६२७६१ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| ३३ | रुक्मिणि माध्यमिक विद्यालय रुकुमकोट | ५४०४००००३ | ५ | चन्द्र बहादुर मल्ल | ९८४४९१७४६८ | सामुदायिक | बालविकास - कक्षा १२ | |
| ३४ | सानोभेरी एकेडेमी | ५४००८०००९ | ५ | हरि बहादुर थापा | ९८६८१९७११६ | संस्थागत | बालविकास - कक्षा ५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५ | सहिद स्मृति आधारभूत विद्यालय दुदिलगैरा | ५४०४०००१६ | ५ | बसन्त बस्नेत | ९८६३२८०५५७ | सामुदायिक | बालविकास - कक्षा ३ | |
| ३६ | शिवशक्ति आधारभूत विद्यालय तल्लो ह्याप्ला | ५४०४००००८ | ५ | बदम बुढाथोकी | ९८६६९११०२९ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| ३७ | आधारभूत विद्यालय लाम्पाखा | ५४०३९०००१ | १ | जयराम बोहरा | ९८४९४९४३५५ | सामुदायिक | बालविकास - कक्षा ५ | |
| ३८ | जनप्रिय माध्यमिक विद्यालय दादिङ | ५४०३००००१ | ४ | मेघलाल घर्ति | ९८६७५३६३३६ | सामुदायिक | बालविकास - कक्षा १० | |
| ३९ | सानोभेरी माध्यमिक विद्यालय लम्पाकोट | ५४०४२०००८ | ८ | कृष्ण बहादुर नाथ | ९८५७८६४३७० | सामुदायिक | बालविकास - कक्षा १० | |
| ४० | सौजन्य आधारभूत विद्यालय पाङ्गा | ५४०३००००२ | ३ | गणेश बहादुर खड्का | ९८४३४०९९७१ | सामुदायिक | बालविकास - कक्षा ८ | |
| ४१ | सिर्जना आधारभूत विद्यालय उखुवारी | ५४०४००००७ | ६ | लिलाध्वज पौडेल | ९८६८२३९४७० | सामुदायिक | बालविकास - कक्षा ५ | |
| ४२ | सिस्ने आधारभूत विद्यालय सिस्ने | ५४०३९०००६ | १ | गौरी के.सी. | ९७६८३११७२७ | सामुदायिक | बालविकास - कक्षा ३ | |
| ४३ | त्रिभुवन जनता माध्यमिक विद्यालय छिप्रिदह | ५४०४००००६ | ६ | मदन कुमार गौतम | ९८४३६४०३०३ | सामुदायिक | बालविकास - कक्षा १२ | |